**२०८३ असार ३२ गतेको नगर कार्यपालिका बैठकबाट स्वीकृत भई लागू भएको ।**

# स्थानीय शिक्षा योजना

## सूर्यविनायक नगरपालिका

## कटुञ्जे भक्तपुर

## (२०८३/२०८४ – २०९३/२०९४)


<u>प्रकाशक</u>

**सूर्यविनायक नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद शाखा

बागमती प्रदेश, नेपाल

## हाम्रो भनाइ

शिक्षा मानव विकासको आधार हो । समावेशी, गुणस्तरीय र जीवनोपयोगी शिक्षाबिना दिगो सामाजिक-आर्थिक विकास सम्भव हुँदैन। नेपालको संविधानले शिक्षालाई मौलिक हकका रूपमा प्रत्याभूत गर्दै आधारभूत र माध्यमिक शिक्षाको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको सन्दर्भमा नगर शिक्षा योजना समयसापेक्ष आवश्यकता हो।

हाम्रो नगरमा शैक्षिक पहुँच विस्तार भए तापनि सिकाइ उपलब्धि, समानता, गुणस्तर, प्रविधिको उपयोग, शिक्षकको पेशागत विकास तथा विद्यालय व्यवस्थापनमा अझै सुधार आवश्यक छ। भौगोलिक अवस्था, सामाजिक-आर्थिक असमानता, लैङ्गिक तथा अपाङ्गतासम्बन्धी चुनौतीका कारण सबै बालबालिकाले समान गुणस्तरको शिक्षा प्राप्त गर्न सकेका छैनन्। शिक्षा योजना समग्र शैक्षिक क्षेत्रको विकासका लागि मार्गनिर्देशकको रूपमा रहने भएकाले आगामी दिनमा शिक्षा योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने अवस्था छ।

यस नगरपालिकाको भूगोल अरनिको राजमार्गले भक्तपुर तथा थिमि नगरपालिकाको सिमानासँग जोडिएको अति सुगम क्षेत्रदेखि वडा नं. ९ काँक्राबारीजस्तो अधिकांश दुर्गम भूभागसम्म फैलिएको छ। यस्ता खालको असमानताका कारण कुनै पनि योजना बनाउनु तथा त्यसलाई कार्यान्वयन गर्नु कठिन हुने देखिन्छ। यस्ता अवस्थामा विश्व बजारसँग प्रतिस्पर्धा गर्न सक्ने खालको शिक्षित जनशक्ति तयार गर्ने शिक्षा योजना निर्माण गर्नु आफैंमा चुनौतीपूर्ण कार्य हो। वर्तमान अवस्थामा निजी तथा सरकारी अनुदानबाट सञ्चालित विद्यालयहरूलाई समन्वय गरी समान बाटोमा हिँडाउन सक्ने शैक्षिक योजना निर्माण गर्नु पनि आजको आवश्यकता हो।

यस शिक्षा योजनाले स्थानीय आवश्यकता, स्रोत र सम्भावनालाई आधार मानी शिक्षा क्षेत्रको समग्र सुधारको मार्गचित्र प्रस्तुत गर्दछ। विद्यालय शिक्षा क्षेत्र योजना (SESP), राष्ट्रिय पाठ्यक्रम ढाँचा, दिगो विकास लक्ष्य (SDG-4) तथा प्रदेश/स्थानीय नीतिहरूसँग सामञ्जस्य कायम गर्दै योजना तयार गरिएको छ।

हाम्रो भनाइ स्पष्ट छ  शिक्षा केवल विद्यालयसम्म सीमित नभई जीवनभरको सिकाइको आधार बन्नुपर्छ। बालमैत्री, समावेशी, सुरक्षित र प्रविधिमैत्री सिकाइ वातावरण निर्माण, शिक्षकको क्षमता अभिवृद्धि, अभिभावक तथा समुदायको सक्रिय सहभागिता, र उत्तरदायी शासकीय अभ्यासमार्फत शिक्षा सुधार सम्भव छ।

यस योजनाको सफल कार्यान्वयनका लागि निर्वाचित जनप्रतिनिधि, शिक्षक, अभिभावक, समुदाय, निजी क्षेत्र तथा विकास साझेदारबीचको सहकार्य अपरिहार्य छ। साझा प्रतिबद्धता र प्रभावकारी कार्यान्वयनमार्फत हाम्रो नगरलाई सिकाइमैत्री, समावेशी र गुणस्तरीय शिक्षाको नमुना स्थानीय तहका रूपमा विकास गर्ने हाम्रो दृढ सङ्कल्प छ।

अन्त्यमा, यस नगर शिक्षा योजना निर्माण कार्यमा प्रत्यक्ष–परोक्ष रूपमा सहभागी हुनुहुने नगर शिक्षा योजना निर्माण समितिका पदाधिकारीहरू, अमूल्य सुझाव दिनुहुने सम्पूर्ण विद्यालयका प्रधानाध्यापक तथा प्रिन्सिपलहरू, शिक्षकहरू, शिक्षाप्रेमी, समाजसेवी, अभिभावक र विद्यार्थी सबैप्रति हार्दिक आभार प्रकट गर्दछौं। साथै, यस योजनामा कुनै कमी–कमजोरी भएमा परिमार्जनका क्रममा सुधार गर्दै अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्दछौं र थप सुधारका लागि सुझावको पनि अपेक्षा राख्दछौं।

नगर शिक्षा योजना निर्माण समिति

सूर्यविनायक नगरपालिका

## विषय सूची


**हाम्रो भनाइ** ..... **I**
**योजनाको सारांश** ..... **I**
विषय प्रवेश ..... I
शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य ..... II
योजना निर्माण प्रक्रिया ..... III
**परिच्छेद १: परिचय** ..... **१**
१.१ भौगोलिक अवस्थिति ..... १
१.२ जनसाङ्ख्यिक संरचना ..... २
१.३ सामाजिक तथा सांस्कृतिक अवस्था ..... ३
१.४ आर्थिक अवस्था ..... ३
१.५ शैक्षिक अवस्था ..... ४
*१.५.१ प्रारम्भिक बालविकास तथा शिक्षा* ..... *४*
*१.५.२ आधारभूत शिक्षा* ..... *५*
*१.५.३ माध्यमिक शिक्षा* ..... *६*
*१.५.४ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ* ..... *६*
*१.५.५ विविध* ..... *७*
*१.५.६ शिक्षा क्षेत्रका सबल पक्षहरू* ..... *७*
*१.५.७ शिक्षा क्षेत्रका सुधार गर्नुपर्ने पक्षहरू* ..... *८*
*१.५.८ शिक्षा क्षेत्रमा देखिएका अवसरहरु* ..... *८*
*१.५.९ शिक्षा क्षेत्रमा देखिएका चुनौतीहरू* ..... *९*
**परिच्छेद २: दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण** ..... **१०**
२.१ दूरदृष्टि ..... १०
२.२ लक्ष्य ..... १०
२.३ उद्देश्य ..... १०
२.४ रणनीति ..... १०
*२.४.१ सबै बालबालिकालाई समान पहुँच, सहभागिता र गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु* ..... *१०*
*२.४.२ विद्यालय शिक्षामा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित गर्नु* ..... *११*
*२.४.३. अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकालाई समावेशी सिकाइ वातावरणमा जोड* ..... *११*
*२.४.४ पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धि प्रभावकारी रूपमा हासिल गर्नु* ..... *११*
*२.४.५ बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरण सुधार गर्नु* ..... *१२*
*२.४.६ स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नु* ..... *१२*
*२.४.७ विषयगत तथा कक्षागत शिक्षकको दरबन्दी सुनिश्चित गर्नु* ..... *१२*
*२.४.८ सूचना तथा सञ्चार प्रविधि पहुँच विस्तार गरी प्रभावकारी प्रयोग गर्नु* ..... *१३*
*२.४.९ साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसर उपलब्ध गराउनु* ..... *१३*
*२.४.१० वैकल्पिक सिकाइ कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्नु* ..... *१३*
*२.४.११ विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु-उत्थानशीलता सुनिश्चित गर्नु* ..... *१४*
*२.४.१२ प्राविधिक, व्यावसायिक तथा रोजगारमूलक शिक्षाको विकास र विस्तार गर्नु* ..... *१४*
*२.४.१३ शिक्षालाई गुणस्तरीय तथा प्रतिस्पर्धी बनाउन आवश्यक कानुनको तर्जुमा गर्नु* ..... *१४*
२.६ अपेक्षित उपलब्धि ..... १५

२.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण ...... १५
*२.७.१ प्रारम्भिक बालविकास र शिक्षा ...... १५*
*२.७.२ आधारभूत शिक्षा (कक्षा १-८) ...... १६*
*२.७.३ माध्यमिक शिक्षा (कक्षा ९-१२) ...... १७*
*२.७.४ जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा ...... १८*
*२.७.५ सुशासन तथा व्यवस्थापन ...... १८*
**परिच्छेद ३: विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र ...... २०**
३.१ प्रारम्भिक बालविकास र शिक्षा ...... २०
*३.१.१ वर्तमान अवस्था ...... २०*
*३.१.२ उद्देश्यहरू ...... २१*
*३.१.३ रणनीतिहरू ...... २२*
*३.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ...... २२*
३.२ आधारभूत शिक्षा ...... २५
*३.२.१ वर्तमान अवस्था ...... २६*
*३.२.२ उद्देश्यहरू ...... २७*
*३.२.३ रणनीतिहरू ...... २७*
*३.२.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ...... २८*
३.३ माध्यमिक शिक्षा ...... ३०
*३.३.१ वर्तमान अवस्था ...... ३०*
*३.३.२ उद्देश्यहरू ...... ३१*
*३.३.३ रणनीतिहरू ...... ३१*
*३.३.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ...... ३२*
३.४ अनौपचारिक तथा आजिवन सिकाइ ...... ३४
*३.४.१ वर्तमान अवस्था ...... ३५*
*३.४.२ उद्देश्य ...... ३६*
*३.४.३ रणनीतिहरू ...... ३६*
*३.४.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ...... ३७*
**परिच्छेद ४: अन्तरसम्वन्धित विषय क्षेत्रहरू ...... ३८**
४.१ पाठ्यक्रम र मूल्याङ्कन ...... ३८
*४.१.१ वर्तमान अवस्था ...... ३८*
*४.१.२ उद्देश्य ...... ३९*
*४.१.३ रणनीतिहरू ...... ३९*
*४.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ...... ३९*
४.२ शिक्षक व्यवस्थापन र विकास ...... ४१
*४.२.१ वर्तमान अवस्था ...... ४२*
*४.२.२ उद्देश्य ...... ४३*
*४.२.३ रणनीतिहरू ...... ४३*
*४.२.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ...... ४३*
४.३ समता र समावेशीकरण ...... ४५
*४.३.१ वर्तमान अवस्था ...... ४६*
*४.३.२ उद्देश्य ...... ४६*

*४.३.३ रणनीतिहरू................................................................................ ४७*
*४.३.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य.............................................. ४७*
४.४ विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाइ कार्यक्रम.................................... ४९
*४.४.१ बर्तमान अवस्था.................................................................................. ४९*
*४.४.२ उद्देश्यहरू.......................................................................................... ४९*
*४.४.३ रणनीतिहरू....................................................................................... ४९*
*४.४.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य.............................................. ५०*
४.५ आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा................................................ ५१
*४.५.१ वर्तमान अवस्था.................................................................................. ५२*
*४.५.२ उद्धेश्यहरू.......................................................................................... ५२*
*४.५.३ रणनीति............................................................................................ ५३*
*४.५.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य................................................ ५३*
४.६ विद्यालय भौतिक पूर्वाधार विकास.............................................................. ५४
*४.६.१ वर्तमान अवस्था.................................................................................. ५५*
*४.६.२ उद्देश्य.............................................................................................. ५५*
*४.६.३ रणनीतिहरू....................................................................................... ५५*
*४.६.४ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरू र लक्ष्य......................................... ५६*
४.७ विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि.................................................. ५७
*४.७.१ वर्तमान अवस्था.................................................................................. ५८*
*४.७.२ उद्देश्य.............................................................................................. ५९*
*४.७.३ रणनीतिहरू....................................................................................... ५९*
*४.७.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य................................................ ५९*
**परिच्छेद ५: विद्यालय सुशासन तथा व्यवस्थापन.................................................. ६१**
५.१ संस्थागत क्षमता विकास............................................................................ ६१
*५.१.१ वर्तमान अवस्था.................................................................................. ६२*
*५.१.२ उद्देश्यहरू.......................................................................................... ६३*
*५.१.३ रणनीतिहरू....................................................................................... ६३*
*५.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य................................................ ६३*
५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध..................................................... ६४
*५.२.१ वर्तमान अवस्था.................................................................................. ६५*
*५.२.२ उद्देश्यहरू.......................................................................................... ६५*
*५.२.३ रणनीतिहरू....................................................................................... ६५*
*५.२.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य................................................ ६६*
५.३ अनुगमन तथा मूल्याङ्कन........................................................................... ६७
*५.३.१ वर्तमान अवस्था.................................................................................. ६७*
*५.३.२ उद्देश्यहरू.......................................................................................... ६८*
*५.३.३ रणनीतिहरू....................................................................................... ६८*
*५.३.४ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य.......................................... ६८*
**परिच्छेद ६: लगानी र स्रोत व्यवस्थापन......................................................... ७०**
६.१ वित्तीय व्यवस्थापन.................................................................................. ७०
*६.१.१ वर्तमान अवस्था.................................................................................. ७०*

*६.१.२ उद्देश्य* ........ *७१*
*६.१.३ रणनीतिहरू* ........ *७१*
*६.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य* ........ *७२*
**परिच्छेद ७: कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण** ........ **७४**
*७.१.१ वर्तमान अवस्था* ........ *७५*
*७.१.२ उद्देश्य* ........ *७६*
*७.१.३ रणनीतिहरू* ........ *७७*
*७.१.४ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य* ........ *७७*
**अनुसूची** ........ **७९**

## तालिका सूची


तालिका 1: प्रारम्भिक बालविकाससँग सम्बन्धित प्रक्षेपित सूचकहरु........................................................१५
तालिका 2: आधारभूत तहसँग सम्बन्धित प्रक्षेपित सूचकहरु..............................................................१६
तालिका 3: माध्यमिक तहसँग सम्बन्धित प्रक्षेपित सूचकहरु ..............................................................१७
तालिका 4: जीवनपर्यन्त तथा अनौपचारिक शिक्षासँग सम्बन्धित प्रक्षेपित सूचकहरु .................................... १८
तालिका 5: सुशासन तथा व्यवस्थापनसँग सम्बन्धित प्रक्षेपित सूचकहरु ................................................ १८
तालिका 6: प्रारम्भिक बालविकाससँग सम्बन्धित ५ वर्षे लक्ष्य .......................................................... २३
तालिका 7: आधारभूत तह १-८ को विद्यार्थी सङ्ख्या...................................................................२६
तालिका 8: आधारभूत तहको प्रमुख क्रियाकलाप तथा लक्ष्य.............................................................. २९
तालिका 9: माध्यमिक तहको विद्यार्थी सङ्ख्या .......................................................................... ३१
तालिका 10: माध्यमिक तहको प्रमुख क्रियाकलाप तथा लक्ष्य............................................................ ३३
तालिका 11: अनौपचारिक तथा आजीवन सिकाईको प्रमुख क्रियाकलाप तथा लक्ष्य ......................................३७
तालिका 12: पाठ्यक्रम तथा मुल्यांकनका प्रमुख क्रियाकलाप तथा लक्ष्य................................................ ४०
तालिका 13: शिक्षक व्यवस्थापन र विकासका प्रमुख क्रियाकलाप तथा लक्ष्य.......................................... ४४
तालिका 14: समता र समावेशीकरणका प्रमुख क्रियाकलाप तथा लक्ष्य.................................................. ४८
तालिका 15: विद्यालय दिवा खाजा र यस्तै प्रकृतिका अन्य कार्यक्रमका प्रमुख क्रियाकलाप तथा लक्ष्य................५१
तालिका 16: आपतकालिन शिक्षासँग सम्बन्धित प्रमुख क्रियाकलाप तथा लक्ष्य........................................ ५४
तालिका 17: बिद्यालय भौतिक पूर्वाधार विकाससँग सम्बन्धित प्रमुख क्रियाकलाप तथा लक्ष्य..........................५६
तालिका 18: बिद्यालय शिक्षामा सूचना तथा संचार प्रबिधिसँग सम्बन्धित प्रमुख क्रियाकलाप तथा लक्ष्य ............ ६०
तालिका 19: संस्थागत क्षमता विकाससँग सम्बन्धित प्रमुख क्रियाकलाप तथा लक्ष्य ................................... ६४
तालिका 20: स्थानीय शिक्षा योजना कार्यान्वयनसँग सम्बन्धित प्रमुख क्रियाकलाप तथा लक्ष्य .........................६६
तालिका 21: अनुगमन तथा मुल्यांकनसँग सम्बन्धित प्रमुख क्रियाकलाप तथा लक्ष्य...................................६९
तालिका 22: स्रोत व्यवस्थापन ...............................................................................................७१
तालिका 23: विद्यालय शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापहरूको बजेट विवरण..........................................७३
तालिका 24: अनुगमन तथा मुल्यांकनसँग सम्बन्धित प्रमुख क्रियाकलाप तथा लक्ष्य...................................७६
तालिका 25: अनुगमन तथा मुल्यांकनसँग सम्बन्धित लक्ष्य निर्धारण.................................................... ७८

## योजनाको सारांश

स्थानीय शिक्षा योजना स्थानीय तहभित्रको शिक्षा प्रणालीलाई समावेशी, गुणस्तरीय र दिगो बनाउने उद्देश्यले तयार गरिएको समग्र रणनीतिक दस्तावेज हो। यस योजनाले प्रारम्भिक बालविकासदेखि माध्यमिक तथा वैकल्पिक/आजीवन शिक्षासम्मका कार्यक्रमलाई एकीकृत ढङ्गले समेटेको छ।

योजनाका प्रमुख उद्देश्यहरूमा शिक्षामा पहुँच र समताको विस्तार, सिकाइ उपलब्धिको सुधार, शिक्षक तथा शैक्षिक जनशक्तिको क्षमता अभिवृद्धि, विद्यालय शासन र व्यवस्थापनको सुदृढीकरण, प्रविधिको प्रभावकारी उपयोग, तथा सुरक्षित र बालमैत्री वातावरणको निर्माण समावेश छन्। सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको रहने र सोही अनुसार राज्यशक्तिको प्रयोग तीनै तहका सरकारले नेपालको संविधान तथा कानुनबमोजिम गर्नुपर्ने संवैधानिक व्यवस्था गरिएको छ।

मुलुकमा सङ्घीय स्वरूपको राज्य व्यवस्था भई तीनै तहका सरकार क्रियाशील छन्। संविधानले तीनै तहका सरकारको आ–आफ्नै अधिकार क्षेत्र किटान गरेको छ। कुनै पनि तहको सरकारले आ–आफ्नो क्षेत्रभित्रको शैक्षिक गतिविधि कुन गतिमा बढाउने, अन्तिम बिन्दु कुन हुने, कति समयमा के–कति शैक्षिक विकास गर्ने, सो बिन्दुमा पुग्नका लागि लगानी कति चाहिने, लगानीका स्रोतहरू कहाँबाट जुटाउने लगायतका यावत् कुराहरू योजनाभित्र समेटिएका हुन्छन्। नेपालको संविधानले विद्यालय तहको शिक्षा सञ्चालन र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको अधिकारको सूचीमा व्यवस्था गरेको छ। स्थानीय सरकारको आन्तरिक राजस्व तथा सङ्घीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट प्राप्त स्रोत–साधनको परिचालन गरी आफ्नो एकल अधिकार सूचीमा रहेका काम, कर्तव्य र अधिकारको कार्यान्वयनका लागि नीति, योजना र कार्यक्रम तयार गर्नुपर्छ।

योजना तयार गर्दा तथ्याङ्क विश्लेषण, विद्यालय अवस्था अध्ययन, सरोकारवालासँगको परामर्श तथा स्थानीय आवश्यकताको पहिचानलाई आधार बनाइएको छ। यसले विद्यालय भर्ना र निरन्तरता, ड्रपआउट न्यूनीकरण, लक्षित समूह (बालिका, दलित, अपाङ्गता भएका बालबालिका, सीमान्तकृत समुदाय) का लागि विशेष कार्यक्रम, तथा अनौपचारिक/वैकल्पिक शिक्षालाई प्राथमिकता दिएको छ।

कार्यान्वयन रणनीतिमा स्पष्ट लक्ष्य, परिणाम सूचक, वार्षिक कार्ययोजना, जिम्मेवारीको बाँडफाँड र अनुगमन–मूल्याङ्कन व्यवस्था समावेश गरिएको छ। स्थानीय स्रोतको परिचालन, अन्तर–तह समन्वय, समुदायको सहभागिता र सार्वजनिक–निजी साझेदारीलाई जोड दिइएको छ। समग्रमा, यो शिक्षा योजना स्थानीय तहको शैक्षिक रूपान्तरणका लागि मार्गदर्शक दस्तावेज हो। योजनाको प्रभावकारी कार्यान्वयनले सबै बालबालिकालाई समान अवसर, गुणस्तरीय सिकाइ र जीवनोपयोगी सीप प्रदान गर्दै सामाजिक न्याय र दिगो विकासमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

## विषय प्रवेश

संविधानतः सङ्घीय शासन प्रणालीको कार्यान्वयनसँगै आधारभूत तथा माध्यमिक शिक्षा क्षेत्रको योजना, व्यवस्थापन तथा कार्यान्वयनको प्रमुख जिम्मेवारी स्थानीय तहमा निहित भएको छ। नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा विद्यालय शिक्षासम्बन्धी विद्यमान कानुनी तथा नीतिगत व्यवस्थाले स्थानीय तहलाई आफ्ना भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक सन्दर्भअनुसार शिक्षा नीति तथा योजना निर्माण गर्ने स्पष्ट अधिकार र दायित्व प्रदान गरेको छ। यस सन्दर्भमा स्थानीय शिक्षा योजना स्थानीय तहको शिक्षा विकासको मार्गदर्शक दस्तावेजका रूपमा महत्त्वपूर्ण मानिन्छ।

स्थानीय शिक्षा योजना भनेको स्थानीय तहभित्रका बालबालिका, युवा तथा वयस्कहरूको समावेशी, गुणस्तरीय, जीवनोपयोगी र समान पहुँच सुनिश्चित गर्ने उद्देश्यले तयार गरिने दीर्घकालीन तथा मध्यकालीन योजना हो। यस योजनाले प्रारम्भिक बाल विकासदेखि

माध्यमिक तह, प्राविधिक तथा व्यावसायिक शिक्षा, अनौपचारिक तथा आजीवन सिकाइसम्मका सबै आयामलाई समेट्दै स्थानीय आवश्यकतामा आधारित लक्ष्य, रणनीति, कार्यक्रम तथा बजेटको स्पष्ट खाका प्रस्तुत गर्दछ। साथै, यसले सङ्घीय तथा प्रदेशस्तरीय शिक्षा नीति, विद्यालय शिक्षा क्षेत्र योजना (SESP) तथा दिगो विकास लक्ष्य (SDG-4) सँग स्थानीय शिक्षा विकासलाई समन्वयात्मक रूपमा अघि बढाउन सहयोग पुऱ्याउँछ ।

स्थानीय शिक्षा योजना निर्माण प्रक्रिया तथ्यमा आधारित, सहभागीमूलक र समावेशी हुनुपर्दछ। यस क्रममा विद्यालय, शिक्षक, अभिभावक, विद्यार्थी, समुदाय, सरोकारवाला निकाय तथा विषयगत विज्ञहरूको सार्थक सहभागिता सुनिश्चित गर्नु आवश्यक हुन्छ। यसले शिक्षा क्षेत्रमा विद्यमान असमानता, पहुँचको समस्या, गुणस्तरका चुनौती, लैङ्गिक तथा सामाजिक समावेशीकरणका सवाल, अपाङ्गतामैत्री पूर्वाधार, डिजिटल शिक्षा, जलवायु परिवर्तन तथा विपद् प्रतिरोधी शिक्षा प्रणालीजस्ता समसामयिक विषयहरूलाई सम्बोधन गर्न सहयोग गर्दछ।

यसरी तयार गरिने स्थानीय शिक्षा योजनाले स्थानीय तहको शिक्षा क्षेत्रमा लगानीको प्राथमिकता निर्धारण गर्ने, स्रोत–साधनको प्रभावकारी परिचालन गर्ने तथा नतिजामूलक कार्यान्वयनलाई सुनिश्चित गर्ने आधार प्रदान गर्दछ। दीर्घकालीन दृष्टि, स्पष्ट लक्ष्य र मापनयोग्य सूचकहरूसहितको स्थानीय शिक्षा योजनामार्फत स्थानीय तहले आफ्ना नागरिकका लागि समावेशी, गुणस्तरीय र दिगो शिक्षा प्रणाली निर्माणतर्फ ठोस कदम चाल्न सक्नेछ।

## शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

शिक्षा सामाजिक, आर्थिक तथा मानवीय विकासको आधारस्तम्भ हो। गुणस्तरीय, समावेशी र जीवनोपयोगी शिक्षाबिना दिगो विकास सम्भव हुँदैन। सङ्घीय शासन प्रणालीको कार्यान्वयनसँगै शिक्षा क्षेत्रको योजना, व्यवस्थापन तथा सेवा प्रवाहको महत्त्वपूर्ण जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएको सन्दर्भमा शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य झनै बढेको छ। स्पष्ट दृष्टि, लक्ष्य र रणनीतिबिना सञ्चालन गरिने शैक्षिक कार्यक्रमहरूले अपेक्षित नतिजा दिन नसक्ने हुँदा व्यवस्थित शिक्षा योजना अपरिहार्य भएको छ।

शिक्षा योजना निर्माणको प्रमुख आवश्यकता स्थानीय सन्दर्भ, आवश्यकता र प्राथमिकताका आधारमा शिक्षा विकासलाई अगाडि बढाउनु हो। देशभर शिक्षा क्षेत्रमा भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधता विद्यमान छ। एउटै किसिमको नीति र कार्यक्रमले सबै स्थानका समस्या समाधान गर्न नसक्ने भएकाले स्थानीय तथ्याङ्क, विद्यालयको अवस्था, सिकाइ उपलब्धि, पहुँच र निरन्तरताको अवस्था, शिक्षक व्यवस्थापन, पूर्वाधार तथा स्रोत–साधनको यथार्थ मूल्याङ्कनका आधारमा शिक्षा योजना तयार गर्नु आवश्यक हुन्छ। यसले स्थानीय समस्यालाई पहिचान गरी समाधानमुखी हस्तक्षेप सुनिश्चित गर्दछ।

शिक्षा योजना निर्माणको अर्को महत्त्वपूर्ण औचित्य सीमित स्रोत–साधनको प्रभावकारी र पारदर्शी उपयोग हो। शिक्षा क्षेत्रमा लगानी बढ्दै गए तापनि स्रोतको सही प्राथमिकता निर्धारण हुन नसक्दा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन। शिक्षा योजनाले स्पष्ट प्राथमिकता, कार्यक्रम र बजेटबीचको अन्तरसम्बन्ध स्थापित गरी स्रोतको दोहोरोपन घटाउने र नतिजामूलक लगानी सुनिश्चित गर्ने आधार प्रदान गर्दछ। साथै, यसले विकास साझेदार तथा अन्य सरोकारवालाहरूसँग समन्वय र सहकार्य गर्न सहज बनाउँछ।

समावेशीता, समानता र सामाजिक न्यायको प्रवर्द्धन गर्नु पनि शिक्षा योजना निर्माणको प्रमुख औचित्य हो। बालबालिकाको पहुँचबाहिर रहने अवस्था, लैङ्गिक विभेद, जातीय तथा सामाजिक बहिष्करण, अपाङ्गता, गरिबी र भौगोलिक कठिनाइका कारण सिर्जित असमानतालाई सम्बोधन गर्न लक्षित रणनीति आवश्यक हुन्छ। शिक्षा योजनाले GESI-उत्तरदायी कार्यक्रमहरू समावेश गरी पछाडि परेका तथा जोखिममा रहेका समूहको शिक्षामा पहुँच, सहभागिता र सिकाइ उपलब्धि सुधार गर्न सहयोग पुऱ्याउँछ।

त्यसैगरी, शिक्षा योजनाले शिक्षा प्रणालीको गुणस्तर सुधार र दिगोपन सुनिश्चित गर्दछ। शिक्षकको पेशागत विकास, पाठ्यक्रम कार्यान्वयन, शिक्षण-सिकाइ प्रक्रिया, परीक्षा तथा मूल्याङ्कन प्रणाली, डिजिटल शिक्षा र नवप्रवर्तनलाई योजनाबद्ध रूपमा अघि बढाउन शिक्षा योजना आवश्यक हुन्छ। साथै, जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण र आपत्कालीन अवस्थामा पनि सिकाइको निरन्तरता कायम राख्ने शिक्षा प्रणाली निर्माणका लागि दीर्घकालीन सोच र तयारी शिक्षा योजनामार्फत मात्र सम्भव हुन्छ।

यसरी, शिक्षा योजना निर्माण स्थानीयदेखि राष्ट्रिय लक्ष्यसम्मको सेतुका रूपमा कार्य गर्दछ। यसले विद्यालय शिक्षा क्षेत्र योजना (SESP), दिगो विकास लक्ष्य (SDG-4) तथा राष्ट्रिय शिक्षा नीतिसँग स्थानीय शिक्षा विकासलाई समन्वय गर्दै उत्तरदायी, प्रभावकारी र परिणाममुखी शिक्षा प्रणाली निर्माण गर्न स्पष्ट दिशा प्रदान गर्दछ। त्यसैले, गुणस्तरीय, समावेशी र दिगो शिक्षा सुनिश्चित गर्न शिक्षा योजना निर्माण आवश्यक मात्र नभई अत्यन्त औचित्यपूर्ण कार्य हो।

## योजना निर्माण प्रक्रिया

स्थानीय शिक्षा योजना निर्माण गर्दा देहायबमोजिमका सामग्रीहरूलाई आधार लिएर योजना निर्माण गरिएको थियो :

- नेपालको संविधान,
- सोह्रौँ आवधिक योजना,
- स्थानीय सरकार सञ्चालन ऐन २०७४,
- सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७,
- राष्ट्रिय/प्रादेशिक/स्थानीय तहको दीर्घकालीन सोच,
- अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली,
- विद्यालय शिक्षा क्षेत्र योजना (SESP),
- राष्ट्रिय शिक्षा नीति २०७६,
- दिगो विकास लक्ष्य (SDG),
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८,
- स्थानीय तहको दशवर्षे आवधिक योजना,
- स्थानीय तहको मध्यकालीन खर्च संरचना,
- राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८,
- राजनीतिक दलको घोषणापत्र,
- विद्यालय सुधार योजना र अन्य सरकारी तथा गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि, र
- शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS)
- त्यसैगरी, योजना निर्माणको क्रममा देहायबमोजिमका प्रक्रियाहरू अवलम्बन गरिएको थियो :
- कार्यपालिकाको बैठकको निर्णय,
- योजना निर्माण समितिको गठन,
- योजना निर्माण कार्यदलको गठन,
- सरोकारवालाहरूको भेलाको उपस्थिति र निर्णय,
- प्रथम मस्यौदाको तयारी,
- योजनाको अन्तिम रूप,

- योजनाको मूल्याङ्कन, र
- योजनाको स्वीकृति र कार्यान्वयनको अवस्था
- योजनाको दस्तावेजको स्वरूप

यस योजनाको पहिलो परिच्छेदमा स्थानीय तहको पृष्ठभूमि, शिक्षा क्षेत्रका समस्या, चुनौती र अवसरहरू उल्लेख गरिएको छ। दोस्रो परिच्छेदमा यस योजनाका दूरदृष्टि, ध्येय, उद्देश्य तथा रणनीतिहरू र प्रमुख अपेक्षित उपलब्धिहरू प्रस्तुत गरिएको छ। परिच्छेद तीनमा विद्यालय क्षेत्रका विभिन्न उपक्षेत्रगत योजनाका खाकाहरू समावेश गरिएका छन्। यसमा समावेश गरिएका उपक्षेत्रहरूमा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ रहेका छन्।

परिच्छेद चारमा विद्यालय शिक्षाका विभिन्न अन्तरसम्बन्धित विषय क्षेत्रहरू समावेश गरिएका छन्। यसमा समावेश गरिएका अन्तरसम्बन्धित विषयहरूमा पाठ्यक्रम तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन र विकास, समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवाखाजा, आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा, विद्यालय भौतिक विकास र शिक्षामा सूचना तथा सञ्चार प्रविधि रहेका छन्।

परिच्छेद पाँचमा विद्यालय सुशासन तथा व्यवस्थापन अन्तर्गत आवश्यक संस्थागत संरचना तथा क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणाली समावेश गरिएको छ।

परिच्छेद छ मा योजनाका लागि लगानी र स्रोत व्यवस्थापन कसरी गर्ने भन्ने विषय प्रस्तुत गरिएको छ।

परिच्छेद सातमा योजनाको कार्यान्वयनबाट अपेक्षा गरिएका समग्र नतिजाहरू र मुख्य–मुख्य सूचकहरू उल्लेख गरिएको छ।

अन्त्यमा, अनुसूची खण्डमा क्षेत्रगत तथा क्रियाकलापगत बजेट तथा कार्यक्रमको अनुमानित विवरण, योजना निर्माण समिति गठनका लागि नगर शिक्षा समितिको निर्णय, समितिका सदस्यहरूको नामावली, स्थानीय शिक्षा योजनाको औचित्य, आवश्यकता तथा सुझाव सङ्कलन कार्यशालाका तस्वीरहरू समावेश गरिएका छन्।

# परिच्छेद १: परिचय

## १.१ भौगोलिक अवस्थिति

नेपालको संविधान २०७२ ले सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारको परिकल्पना गरी नेपालको एकात्मक राज्य प्रणालीलाई सङ्घीय राज्य प्रणालीमा रूपान्तरण गरेको छ। संविधानको मर्मअनुसार हाल मुलुकमा केन्द्रीय सरकार एक, प्रदेश सरकार ७ र स्थानीय सरकार ७५३ ओटा क्रियाशील अवस्थामा छन्। जारी संविधानअनुसार नै सूर्यविनायक नगरपालिका पनि ७५३ ओटा स्थानीय सरकारमध्येको एक हो।

भौगोलिक दृष्टिले यो नगरपालिका पूर्वी देशान्तर ८५°२३' देखि ८५°२९' को बीचमा र उत्तरी अक्षांश २७°३७' देखि २७°४०' को बीचमा पर्दछ। नगरपालिकाको क्षेत्रफल ४२.४५ वर्ग किमि रहेको छ भने उचाइ समुद्र सतहदेखि १३७२ देखि २०२५ मिटरसम्म रहेको छ। भौगोलिक बनावटको दृष्टिले यस नगरपालिकालाई मुख्य २ क्षेत्रमा विभाजन गर्न सकिन्छ।

- **दक्षिण पहाडी क्षेत्र** – सिपाडोल पहाडी खण्डको पश्चिम, कालीटारको पूर्व र चूनदेवीको दक्षिणी भेगलाई दक्षिणी पहाडी खण्डमा विभाजित गरिएको छ। यो पहाडी इलाकाको उचाइ चूनदेवीबाट बढ्दै गई गुण्डुको दक्षिणी भेगमा २०२५ मिटरसम्म पुगेको छ। यस पहाडको लम्बाइ करिब ४.८ किमि छ। यसबाट उत्पत्ति हुने खोलाहरूमा पूर्वतिर सिपाडोल खोला र कल्का खोला दक्षिणबाट बगेर उत्तरतिर हनुमन्ते खोलामा मिल्न जान्छन्।
- **उपत्यका क्षेत्र** – काठमाडौँ उपत्यकाको दक्षिण–पूर्वमा अवस्थित यो क्षेत्रको दक्षिण–पश्चिममा गोदावरी र चारखण्डे खोलाको जलाधार रेखा तथा पूर्वमा काभ्रेपलाञ्चोक जिल्लाको पश्चिमी सिमाना रहेको छ। यस क्षेत्रको जग्गाको भिरालोपन दक्षिण र पूर्वबाट क्रमशः पश्चिमतिर १–५ डिग्रीसम्म छ। त्यसैले यस क्षेत्रका सम्पूर्ण खोलाहरू पूर्व, उत्तर र दक्षिणबाट पश्चिमतर्फ बग्ने गर्दछन्।

सूर्यविनायक नगरपालिका नेपालको मध्य भागमा पर्ने वागमती प्रदेशअन्तर्गत सङ्घीय राजधानी काठमाडौँबाट करिब १३ किमिको दूरीमा काठमाडौँ उपत्यकाको उत्तर–पूर्वी भागमा अवस्थित छ। काठमाडौँ उपत्यका भक्तपुर, काठमाडौँ र ललितपुर तीन जिल्ला मिलेर बनेको हो भने भक्तपुर जिल्ला ती तीन जिल्लामध्ये एक हो। काठमाडौँ उपत्यका समृद्ध सांस्कृतिक र ऐतिहासिक सम्पदाका साथै प्राकृतिक सौन्दर्यका लागि परिचित छ। उपत्यका शताब्दीयौं पुराना मन्दिरहरू, तीर्थस्थलहरू र दरबारहरूसहित धेरै महत्त्वपूर्ण धार्मिक–सांस्कृतिक साइटहरूको धरोहर हो।

सूर्यविनायक नगरपालिका भक्तपुर जिल्लाका ४ वटा नगरपालिकामध्ये एक हो। नेपाल सरकार (मन्त्रिपरिषद्) को २०७४ को निर्णयअनुसार साविक अनन्तलिङ्गेश्वर नगरपालिका र सूर्यविनायक नगरपालिकालाई समायोजन गरी बनाइएको हो। यस नगरपालिकाअन्तर्गत पहिलेका ८ वटा गाविस – बालकोट, सिरूटार, दधिकोट, कटुञ्जे, सिपाडोल, नलिन्चोक, चित्तपोल र गुण्डु – समेटिएका छन्। सूर्यविनायक नगरपालिकाको पूर्वमा चाँगुनारायण र बनेपा नगरपालिका, पश्चिममा महालक्ष्मी नगरपालिका, उत्तरमा मध्यपुर थिमि र चाँगुनारायण नगरपालिका तथा दक्षिणमा पनौती नगरपालिका पर्दछन्।

भक्तपुर नगरबाट २ किमि दक्षिण, साविक सिपाडोल गाविसमा पर्ने सूर्यविनायक क्षेत्र धार्मिक एवं ऐतिहासिक दृष्टिले अति महत्त्वपूर्ण छ। यहाँको प्रसिद्ध सूर्यविनायक (गणेश) मन्दिर लिच्छवि कालमा शिखर शैलीमा निर्माण भएको पाइन्छ। काठमाडौँ, पाटन, बनेपा, भक्तपुरका भक्तजनहरू हरेक मङ्गलबार र माघ महिनामा घुइँचो लागेर यस गणेश मन्दिरको दर्शनार्थ आउने गरेको पाइन्छ। सूर्यविनायकको पूजाबाट भाग्य निर्माण हुने र सद्बुद्धि आउने आम धारणा रहेको छ। हरियाली र रमणीय डाँडा भएको कारण यो क्षेत्र पर्यटकीय एवं पिकनिक स्थलको रूपमा प्रख्यात छ। सूर्यविनायकको जङ्गलमा ९९ प्रजातिका चराचुरुङ्गी पाइने हुनाले यो स्थलले

चराचुरुङ्गी अवलोकन (Bird Watching) को लागि पनि क्रमशः प्रसिद्धि पाउँदै आएको छ। पर्यटकीय सम्भावनाको हिसाबले यहाँ प्राकृतिक सौन्दर्य, धार्मिक तथा सांस्कृतिक स्थलहरू रहेका छन्। नदी, ताल, वनजङ्गल, डाँडाकाँडा, ऐतिहासिक मन्दिर, गुम्बा वा सांस्कृतिक धरोहरहरूले आन्तरिक पर्यटन प्रवर्द्धनको राम्रो सम्भावना देखाउँछन्। यद्यपि, पूर्वाधार, प्रचारप्रसार र व्यवस्थापनको कमीका कारण यी सम्भावनाहरू पूर्ण रूपमा उपयोग हुन सकेका छैनन्। स्थानीय तहमा पाइने जैविक विविधतामा विभिन्न प्रजातिका वनस्पति, वन्यजन्तु तथा चराचुरुङ्गीहरू पर्दछन्।

## १.२ जनसाङ्ख्यिक संरचना

यस नगरपालिकाको जनसाङ्ख्यिक संरचनाले विविधता, गतिशीलता र विकासका चुनौती तथा सम्भावनालाई एकैसाथ प्रतिबिम्बित गर्दछ। जनसङ्ख्याको बनावट हेर्दा महिला र पुरुषको अनुपात करिब सन्तुलित रहेको पाइन्छ। यद्यपि, कार्यशील उमेर समूहमा पुरुषको बाह्य बसाइसराइका कारण महिला जनसङ्ख्याको अनुपात तुलनात्मक रूपमा बढी देखिने अवस्था पनि रहेको छ। बालबालिका, किशोरकिशोरी, कार्यशील उमेर (१५–५९ वर्ष) तथा ज्येष्ठ नागरिकको जनसङ्ख्या वितरणले भविष्यको शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा आवश्यकतालाई सङ्केत गर्दछ।

नेपालको जनसङ्ख्या वृद्धिदर ०.९ प्रतिशत रहेकोमा बागमती प्रदेशमा ०.९७ रहेको छ भने सबैभन्दा बढी भक्तपुर जिल्लामा ३.३५ प्रतिशत (देशकै सबैभन्दा उच्च) रहेको छ। बागमती प्रदेशको जनघनत्व ३०१ व्यक्ति प्रति वर्ग किमि रहेकोमा भक्तपुरको ३६३१ र सूर्यविनायक नगरपालिकाको जनघनत्व २९५७.८८ प्रति वर्ग किमि रहेको छ।

- सूर्यविनायक नगरपालिकामा कुल घरधुरी ३५,८६५ रहेको छ, जसमा १,४०,०८५ जनाले बसोबास गरिरहेको देखिन्छ। जसमध्ये ६९,९०२ जना महिला तथा ७०,१८३ जना पुरुष रहेका छन्। यस नगरपालिकामा महिला–पुरुष अनुपात ०.९९६ रहेको छ भने सो जनसङ्ख्यामा १.५ प्रतिशत फरक क्षमता भएका व्यक्तिहरू रहेका छन्। (राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८)
- सूर्यविनायक नगरपालिकालाई १० वटा वडामा विभाजन गरिएको छ। जसमध्ये सबैभन्दा बढी क्षेत्रफल वडा नं. ९ (११.३५ वर्ग किमि) को तथा सबैभन्दा कम क्षेत्रफल वडा नं. ४ (१.१४ वर्ग किमि) को रहेको छ। वडा नं. ९ को क्षेत्रफल सबैभन्दा बढी भए तापनि घरधुरी र जनसङ्ख्याको हिसाबले वडाहरूमध्ये सबैभन्दा कम रहेको छ। जनघनत्वको स्थितिलाई विश्लेषण गर्दा वडा नं. ४ मा सबैभन्दा बढी जनघनत्व तथा वडा नं. ९ मा सबैभन्दा कम जनघनत्व रहेको छ।
- जनसङ्ख्याको वृद्धिदर मध्यम स्तरको रहेको अनुमान गरिन्छ। जन्मदर, मृत्युदर, स्वास्थ्य सेवामा पहुँच तथा बसाइसराइका प्रवृत्तिले यस वृद्धिदरलाई प्रभावित गरेको छ। यदि हालको प्रवृत्ति निरन्तर रहेमा आगामी वर्षहरूमा कार्यशील उमेर समूहको हिस्सा क्रमशः घट्ने र ज्येष्ठ नागरिकको जनसङ्ख्या बढ्ने सम्भावना देखिन्छ।
- बसाइसराइको दृष्टिले यो स्थानीय तह श्रममा आधारित बाह्य बसाइसराइबाट प्रभावित छ। रोजगारी, शिक्षा र सेवा सुविधाको खोजीमा उपत्यका बाहिरका जिल्लाहरूबाट मानिसहरू भित्रिने प्रवृत्तिले स्थानीय उत्पादनशीलता तथा विद्यालय उमेर समूहको सङ्ख्यामा असर पारेको छ। जनसङ्ख्याको समग्र प्रक्षेपणले दीर्घकालमा शिक्षा, सीप विकास, रोजगारी सिर्जना र सामाजिक संरक्षण कार्यक्रमलाई जनसाङ्ख्यिक यथार्थसँग जोडेर अघि बढाउनुपर्ने आवश्यकता स्पष्ट पार्दछ।

समग्रमा, यस स्थानीय तहको जनसाङ्ख्यिक संरचनाले समावेशी विकास, लक्षित शिक्षा तथा मानव संसाधन विकास रणनीतिका लागि बलियो आधार प्रदान गर्दछ।

## १.३ सामाजिक तथा सांस्कृतिक अवस्था

नगरपालिका सामाजिक, सांस्कृतिक र भाषिक विविधताले सम्पन्न क्षेत्रका रूपमा परिचित छ। यहाँ विभिन्न जातजाति र समुदायहरूको बसोबास रहेको छ, जसले आपसी सहअस्तित्व, सहिष्णुता र सामाजिक सद्भावको परम्परालाई बलियो बनाएको छ। हिन्दु, बौद्ध, किराँत, इसाई तथा अन्य धर्मावलम्बीहरूको उपस्थिति रहेको यो क्षेत्रमा धार्मिक सहिष्णुता र विविध आस्था–प्रणाली सामाजिक जीवनको अभिन्न अङ्गका रूपमा विकसित भएका छन्। यस नगरपालिकामा बसोबास गर्ने नेवार समुदायमा आफ्नो धार्मिक समूह (खलः) तथा सामाजिक परम्पराहरू प्रचलनमा रहेका छन्। यस नगरपालिकामा हिन्दु संस्कारअनुसार जन्म, न्वारन, पास्नी, उपनयन, गुन्यु–चोली, विवाह, चौरासी पूजा, मृत्यु संस्कारजस्ता सांस्कृतिक परम्पराहरू विशेष प्रचलनमा रहेका छन्।

- यहाँ प्रचलित परम्परा, संस्कृति, चाडपर्व, संस्कार, लोककला तथा सांस्कृतिक अभ्यासहरूले समुदायको पहिचान, मूल्य–मान्यता र सामाजिक आचरणलाई निर्देशित गर्दछन्। यस्ता सांस्कृतिक सम्पदाहरूले सामाजिक एकता, नैतिक शिक्षा र अन्तरपुस्तीय सम्बन्ध सुदृढ गर्न महत्त्वपूर्ण भूमिका खेलेका छन्। तथापि, आधुनिक जीवनशैली, शहरीकरण र वैदेशिक प्रभावका कारण केही परम्परागत अभ्यासहरू क्रमशः लोपोन्मुख हुने जोखिममा रहेका छन्।
- भाषिक दृष्टिले यस स्थानीय तह बहुभाषिक प्रकृतिको छ। नेपाली भाषासँगै विभिन्न मातृभाषाहरू प्रयोगमा छन्, जसले सांस्कृतिक पहिचान र सिकाइ प्रक्रियामा विशेष महत्त्व राख्दछन्। मातृभाषामा आधारित शिक्षा तथा सञ्चारले बालबालिकाको सिकाइ सहज बनाउने र समावेशी शिक्षा प्रवर्द्धन गर्ने सम्भावना देखिन्छ।
- यस नगरपालिकामा पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको रैथाने ज्ञान, सीप र प्रविधि कृषि, पशुपालन, जडीबुटी, घरेलु उद्योग, वास्तुकला, खानपान र प्राकृतिक स्रोत व्यवस्थापनसँग जोडिएका छन्। यस्ता ज्ञान र सीपहरूले स्थानीय जीविकोपार्जन, आत्मनिर्भरता र दिगो विकासमा योगदान पुर्याउँदै आएका छन्। यद्यपि, पर्याप्त अभिलेखीकरण, प्रवर्द्धन र आधुनिक प्रविधिसँगको समन्वयको अभावले यी ज्ञान–सीपहरूको निरन्तरता चुनौतीमा परेको देखिन्छ।

समग्रमा, सामाजिक–सांस्कृतिक विविधता, मातृभाषा र रैथाने ज्ञान यस स्थानीय तहका अमूल्य सम्पदा हुन्। तिनको संरक्षण, प्रवर्द्धन र शिक्षा तथा विकास योजनासँग एकीकरण गर्नु दीर्घकालीन सामाजिक विकासका लागि अपरिहार्य देखिन्छ।

## १.४ आर्थिक अवस्था

यस सूर्यविनायक नगरपालिकाको आर्थिक संरचना मुख्यतः कृषि, सेवा तथा उद्यमशीलतामा आधारित रहेको छ। परम्परागत कृषि यहाँको प्रमुख व्यवसायका रूपमा विद्यमान छ, जसअन्तर्गत अन्नबाली, तरकारी, फलफूल, पशुपालन तथा साना स्तरका कृषि–आधारित गतिविधिहरू सञ्चालन भइरहेका छन्। यद्यपि, सिँचाइ, प्रविधि, बजार पहुँच र मूल्य शृंखलाको सीमितताका कारण कृषि क्षेत्रको उत्पादकत्व अपेक्षाअनुसार वृद्धि हुन सकेको छैन।

- उद्योग तथा व्यापारको क्षेत्रमा घरेलु तथा साना उद्योगहरू (जस्तैः खाद्य प्रशोधन, हस्तकला, निर्माण सामग्री, सिलाइ–कटाइ तथा कृषि–आधारित उद्योग) आर्थिक क्रियाकलापका महत्त्वपूर्ण आधार बनेका छन्। स्थानीय बजार, साना व्यापारिक प्रतिष्ठान र सेवा व्यवसायले रोजगारी सिर्जना गरिरहेको भए पनि पुँजी, सीप, प्रविधि र लगानी वातावरणको कमजोरीले यस क्षेत्रको विस्तार सीमित रहेको देखिन्छ।
- पर्यटन सम्भावनाको दृष्टिले यस स्थानीय तहमा प्राकृतिक, धार्मिक र सांस्कृतिक सम्पदाहरूले आन्तरिक पर्यटन प्रवर्द्धनको अवसर प्रदान गरेका छन्। धार्मिक यात्रा, स्थानीय संस्कृति र प्राकृतिक सौन्दर्यमा आधारित पर्यटन गतिविधिले आयआर्जन र रोजगारी सिर्जनामा योगदान पुऱ्याउने सम्भावना रहे तापनि पूर्वाधार विकास, प्रवर्द्धन र व्यवस्थापन अझै अपर्याप्त छन्।

- रोजगारीका अवसरहरू सीमित भएकाले श्रमशक्तिको उल्लेखनीय हिस्सा आन्तरिक तथा वैदेशिक रोजगारीमा संलग्न रहेको छ। रेमिट्यान्सले घरायसी अर्थतन्त्रमा योगदान पुऱ्याए पनि दीर्घकालीन उत्पादनशील क्षेत्रमा यसको न्यून प्रयोग चुनौतीका रूपमा देखिन्छ।

समग्रमा, यस स्थानीय तहको आर्थिक विकासका लागि कृषि आधुनिकीकरण, साना तथा मध्यम उद्यमको प्रवर्द्धन, पर्यटन विकास र सीपमूलक रोजगारी सिर्जनालाई एकीकृत रूपमा अघि बढाउनु आवश्यक देखिन्छ।

## १.५ शैक्षिक अवस्था

यस स्थानीय तहमा शिक्षा पहुँच विस्तार भएको देखिन्छ। प्रारम्भिक बालविकास केन्द्रदेखि माध्यमिक तहसम्म विद्यार्थीहरूको भर्ना र सहभागिता वृद्धि भएको छ। प्रारम्भिक बालविकास र आधारभूत तहमा लैङ्गिक समानता अपेक्षाकृत सन्तुलित देखिन्छ। अपाङ्गता भएका, दलित, आदिवासी/जनजाति तथा अन्य सीमान्तकृत समूहका बालबालिकाको पहुँच र सिकाइ उपलब्धि अझै चुनौतीपूर्ण छ, जसले लक्षित समावेशी कार्यक्रमको आवश्यकता औँल्याउँछ।

- शिक्षक क्षमता र व्यवस्थापनमा सुधार आवश्यक देखिन्छ। विशेष गरी आधारभूत तह (६–८) र माध्यमिक तह (९–१२) मा विषयगत दक्ष शिक्षकको अभाव, शिक्षक–विद्यार्थी अनुपातको असमानता, तथा प्रारम्भिक र आधारभूत तहमा एक–दुई विद्यालयमा मात्र सीमित बहुकक्षा/बहुस्तर अभ्यासले सिकाइ गुणस्तरमा प्रत्यक्ष असर पुऱ्याउँछ।
- नगरपालिकामा विभिन्न विद्यालयहरूको भौतिक पूर्वाधार, सिकाइ सामग्री र आइसीटीका क्षेत्रमा पहुँच असमान रहेको छ। सुरक्षित, बालमैत्री र अपाङ्गतामैत्री कक्षाकोठा, पुस्तकालय, प्रयोगात्मक सामग्री र डिजिटल स्रोतहरूको पर्याप्तता नहुनुले गुणस्तरीय शिक्षण–सिकाइमा चुनौती सिर्जना गरेको छ।
- अनौपचारिक शिक्षा र आजीवन सिकाइले समुदायमा साक्षरता, सीप विकास र जीवनोपयोगी सीप प्रदान गर्ने महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ। तथापि, निरक्षरता न्यूनीकरण, गुणस्तरीय तालिम, आयआर्जन र व्यावसायिक सीपको प्रयोग, तथा सामुदायिक पुस्तकालय र ज्ञान स्रोतहरूको उपयोगमा अझ सुधार आवश्यक देखिन्छ।

समग्रमा, यस स्थानीय तहको शिक्षा क्षेत्रमा पहुँच र समावेशीता विस्तार भए तापनि गुणस्तरीय सिकाइ, समावेशी पहुँच, शिक्षक क्षमता, पूर्वाधार सुधार, आइसीटी पहुँच र वातावरणीय जोखिम व्यवस्थापन मुख्य चुनौती बनेका छन्। यसका लागि तथ्याङ्कमा आधारित लक्षित कार्यक्रम, समावेशी नीतिहरू, बालमैत्री वातावरण निर्माण, शिक्षक क्षमता अभिवृद्धि र स्थानीय समुदायको सक्रिय सहभागिता आवश्यक छ। यी पहलहरू सफलतापूर्वक कार्यान्वयन भएमा स्थानीय तहमा दिगो, गुणस्तरीय र समावेशी शिक्षा प्रणाली विकास गर्न सकिने स्पष्ट सम्भावना छ।

### १.५.१ प्रारम्भिक बालविकास तथा शिक्षा

प्रारम्भिक बालविकास तथा शिक्षा बालबालिकाको समग्र विकासको आधार हो। यस स्थानीय तहमा प्रारम्भिक बालविकास केन्द्रहरूको सङ्ख्या १३५ रहेको छ भने ती केन्द्रहरूमा समेटिएका बालबालिकाको सङ्ख्या ६,४५५ रहेको छ। जसमध्ये सामुदायिक बालविकास केन्द्रमा १,१८८ र संस्थागत बालविकास केन्द्रमा ५,२६७ बालबालिका रहेका छन् । केन्द्रहरूको भौगोलिक वितरण र सेवा गुणस्तरमा एकरूपता नदेखिने अवस्था छ।

- लैङ्गिक दृष्टिले प्रारम्भिक तहमा बालक र बालिकाको सहभागिता तुलनात्मक रूपमा सन्तुलित देखिन्छ। यद्यपि, अपाङ्गता भएका, दलित, आदिवासी/जनजाति तथा अन्य सीमान्तकृत समुदायका बालबालिकाको पहुँच र नियमितता

अझै चुनौतीपूर्ण छ। अपाङ्गतामैत्री पूर्वाधार, विशेष सिकाइ सामग्री र समावेशी शिक्षण अभ्यासको अभाव यसका प्रमुख कारण हुन्।

- सामुदायिक प्रारम्भिक बालविकास केन्द्रहरूमा कार्यरत सहजकर्ताको सङ्ख्या ४३ रहेको छ। अधिकांश सहजकर्ताले आधारभूत तालिम प्राप्त गरे पनि खेल–आधारित सिकाइ, बालमनोविज्ञान र समावेशी शिक्षण विधिमा निरन्तर क्षमता अभिवृद्धि आवश्यक देखिन्छ। सामुदायिक विद्यालयको सहजकर्ता–बालबालिका अनुपात १:२७ रहेको छ।
- पूर्वाधारको दृष्टिले सुरक्षित, बालमैत्री कक्षाकोठा, खानेपानी, शौचालय, खेल सामग्री तथा सिकाइ कुनाको उपलब्धता केन्द्रगत रूपमा असमान छ। सूचना तथा सञ्चार प्रविधिको प्रयोग न्यून रहेको छ र डिजिटल सिकाइ सामग्री सीमित केन्द्रहरूमा मात्र प्रयोगमा आएका छन्।
- जलवायु तथा वातावरणीय दृष्टिले केही केन्द्रहरू पहिरो तथा केही मात्रामा गर्मी वा चिसोको जोखिममा रहेका छन्, जसले बालबालिकाको नियमितता र स्वास्थ्यमा असर पुर्‍याएको छ। सुरक्षित पूर्वाधार र वातावरणीय सचेतना कार्यक्रमको आवश्यकता देखिन्छ।

समग्रमा, यस स्थानीय तहमा प्रारम्भिक बालविकासमा पहुँच विस्तार भए तापनि समावेशीता, गुणस्तर, पूर्वाधार र वातावरणीय सुरक्षामा सुधार आवश्यक छ। लक्षित कार्यक्रम, सहजकर्ताको क्षमता विकास र बालमैत्री वातावरण निर्माणमार्फत प्रारम्भिक शिक्षाको गुणस्तर सुदृढ गर्न सकिने सम्भावना देखिन्छ।

### १.५.२ आधारभूत शिक्षा

आधारभूत शिक्षा (कक्षा १–८) सबै बालबालिकाको मौलिक अधिकार र जीवनोपयोगी सिकाइको आधार हो। यस स्थानीय तहमा आधारभूत तहका सामुदायिक २७ र संस्थागत ६० गरी जम्मा ८७ विद्यालयहरू रहेका छन् । सामुदायिक आधारभूत विद्यालयमा अध्ययनरत विद्यार्थीको सङ्ख्या ३,७७७ र संस्थागत आधारभूत विद्यालयमा १३,६६९ गरी जम्मा विद्यार्थी सङ्ख्या १७,४४६ रहेको छ। भर्ना दरमा सुधार देखिए तापनि कक्षा दोहोरिने, कक्षा छोड्ने र सिकाइ उपलब्धिमा तहगत भिन्नता देखिन्छ।

- लैङ्गिक दृष्टिले आधारभूत तहमा बालकको सहभागिता ४५.०८% र बालिकाको ५६.९४% रहेको छ । यद्यपि, दलित, अपाङ्गता भएका, आदिवासी/जनजाति तथा अन्य सीमान्तकृत समूहका बालबालिकाको नियमितता र सिकाइ उपलब्धि अपेक्षाकृत कमजोर रहेको अवस्था पाइन्छ। अपाङ्गतामैत्री पूर्वाधार, सहायक सामग्री तथा समावेशी शिक्षण विधिको अभाव यसका प्रमुख कारण हुन्।
- विद्यालयहरूको भौगोलिक अवस्थितिको अवस्था अनुसार केही विद्यालयहरू मानव वस्तीको केन्द्र भागमा अपस्थित भै पहुँचमा सहजता रहेको छ भने केही विद्यालय समुदाय/वस्तीबाट टाढा भएकाले पहुँचका दृष्टिकोणले तुलनात्मक रूपमा कठिन अवस्था देखिन्छ। सामुदायिक आधारभूत विद्यालयमा विद्यार्थी–शिक्षक अनुपात औसत १:१६ रहेको छ । उचित तालिम, सामग्री र व्यवस्थापनको अभावले यसको प्रभावकारिता सीमित भए पनि व्यवस्थित रूपमा लागू गर्न सकेमा पहुँच र लागत–प्रभावकारिता सुधार गर्ने सम्भावना देखिन्छ।
- पूर्वाधारको दृष्टिले सुरक्षित कक्षाकोठा, बालमैत्री शौचालय, खानेपानी, पुस्तकालय र खेलकुद सुविधाको उपलब्धता विद्यालयगत रूपमा असमान छ । सिकाइ सामग्री तथा स्थानीय सन्दर्भअनुकूल पाठ्यसामग्रीको उपलब्धता सन्तोषजनक रहेको छ। सूचना तथा सञ्चार प्रविधिको प्रयोग अझै न्यून छ, जसले प्रविधि–आधारित सिकाइ विस्तारमा चुनौती सिर्जना गरेको छ।

- जलवायु तथा वातावरणीय दृष्टिले फरक–फरक परिवेशमा विद्यालय सञ्चालन भएको हुँदा शैक्षिक क्रियाकलाप र पूर्वाधारमा विविधता रहेको छ। विद्यालयहरूमा सुरक्षित विद्यालय पूर्वाधार, विपद् पूर्वतयारी र वातावरणीय शिक्षाको आवश्यकता देखिन्छ।

समग्रमा, यस स्थानीय तहमा आधारभूत शिक्षामा पहुँच विस्तार भए तापनि समावेशीता, सिकाइ गुणस्तर, शिक्षक व्यवस्थापन, पूर्वाधार तथा जलवायु–अनुकूल विद्यालय विकासमा अझै सुधार आवश्यक देखिन्छ। लक्षित समावेशी कार्यक्रम र गुणस्तर सुधारका पहलमार्फत आधारभूत शिक्षालाई सुदृढ बनाउन सकिने सम्भावना देखिन्छ।

### १.५.३ माध्यमिक शिक्षा

माध्यमिक शिक्षा (कक्षा ९–१२) विद्यार्थीहरूको जीवनोपयोगी सीप, विश्लेषणात्मक सोच र भविष्यका अवसरका लागि आधार तयार गर्ने महत्त्वपूर्ण चरण हो। यस स्थानीय तहमा माध्यमिक विद्यालयहरूको सङ्ख्या सामुदायिक १० र संस्थागत ४७ गरी ५७ रहेको छ। ती विद्यालयमा अध्ययनरत विद्यार्थीको सङ्ख्या सामुदायिक विद्यालयमा १,३७६ तथा संस्थागत विद्यालयमा ३,५४३ गरी जम्मा ४,९१९ रहेको छ। भर्ना दरमा सुधार भए तापनि कक्षा छोड्ने र सिकाइ उपलब्धिमा तहगत भिन्नता देखिन्छ।

- लैङ्गिक दृष्टिले माध्यमिक तहमा बालकको सहभागिता ४६.३७% र बालिकाको ५३.६३% रहेको छ। अपाङ्गता भएका, दलित, आदिवासी/जनजाति तथा अन्य सीमान्तकृत समूहका विद्यार्थीहरूको सहभागिता दर अपेक्षाकृत कम छ, जसले लक्षित समावेशी हस्तक्षेपको आवश्यकता औँल्याउँछ।
- शिक्षक–विद्यार्थी अनुपात औसत १:२९ रहेको छ। विषयगत दक्ष शिक्षकहरू, विशेष गरी गणित, विज्ञान, अङ्ग्रेजी तथा प्राविधिक/व्यावसायिक विषयमा, सीमित उपलब्ध छन्, जसले सिकाइ गुणस्तरमा असर पुर्‍याएको छ।
- पूर्वाधारको दृष्टिले सुरक्षित कक्षाकोठा, बालमैत्री शौचालय, खानेपानी, पुस्तकालय र खेलकुद सुविधाको उपलब्धता विद्यालयगत रूपमा असमान छ। सिकाइ सामग्री, प्रयोगात्मक उपकरण तथा आइसीटी सामग्रीको पहुँच न्यून छ।

समग्रमा, यस स्थानीय तहमा माध्यमिक शिक्षामा पहुँच विस्तार भए तापनि समावेशीता, सिकाइ गुणस्तर, शिक्षक व्यवस्थापन, पूर्वाधार र आइसीटी प्रविधि विस्तारमा सुधार आवश्यक छ। लक्षित योजना र गुणस्तर सुधारका पहलमार्फत माध्यमिक शिक्षाको प्रभावकारिता वृद्धि गर्न सकिने सम्भावना देखिन्छ।

### १.५.४ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ

अनौपचारिक शिक्षा र आजीवन सिकाइले सबै उमेर समूहका नागरिकलाई जीवनोपयोगी सीप, साक्षरता र आर्थिक अवसर प्रदान गर्ने महत्त्वपूर्ण माध्यमको रूपमा काम गर्दछ। यस स्थानीय तहमा सामुदायिक सिकाइ केन्द्रमार्फत विभिन्न किसिमका आयआर्जन तथा सीप विकाससँग सम्बन्धित स्थानीय उत्पादनमा आधारित तालिम कार्यक्रमहरू सञ्चालनमा रहेका छन्। यस्ता तालिमले थोरै मात्रामा भए तापनि आयआर्जनको सम्भावना बढाउने देखिन्छ। विद्यालय बाहिरका प्रौढहरूका लागि सञ्चालन गरिएका कार्यक्रमहरू सामाजिक र आर्थिक पृष्ठभूमिअनुसार लक्षित गरी कार्यान्वयन भइरहेका छन्। तथापि, समूहगत सहभागिता, नियमितता र गुणस्तरमा अझै सुधारको आवश्यकता देखिन्छ।

- सामुदायिक पुस्तकालय, सिकाइ केन्द्र र डिजिटल स्रोतहरूको पहुँचमा अझै असमानता छ।
- केही स्थानमा पुस्तकालय सञ्चालन भएतापनि बालबालिका, युवा र महिला समुदायले त्यसको पूर्ण उपयोग गर्न सकेका छैनन्।

- पुस्तकालय, सीप परीक्षण, प्रशिक्षण र परामर्शलाई एकीकृत गर्दै स्थानीय स्तरमा सिकाइ वातावरणलाई अझ प्रभावकारी बनाउनु आवश्यक छ।

समग्रमा, यस स्थानीय तहमा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रमले साक्षरता, सीप विकास र समुदाय सहभागितामा उल्लेखनीय योगदान पुऱ्याउने भएकाले निरक्षरता न्यूनीकरण, गुणस्तरीय कार्यक्रम विस्तार, लक्षित समूहको समावेशी सहभागिता, आयआर्जन तथा सीपको व्यावसायिक उपयोग र स्थानीय पुस्तकालय तथा ज्ञान स्रोतको सशक्तीकरणलाई प्राथमिकता दिनु आवश्यक देखिन्छ। यसले दीर्घकालीन रूपमा समुदायमा जीवनभर सिकाइको वातावरण र दिगो विकास सुनिश्चित गर्न सहयोग पुऱ्याउनेछ।

### १.५.५ विविध

बालमैत्री र अपाङ्गतामैत्री कक्षाकोठा, पुस्तकालय, प्रयोगात्मक सामग्री र डिजिटल स्रोतहरूको पर्याप्तता नहुनुले गुणस्तरीय शिक्षण–सिकाइमा चुनौती सिर्जना गरेको छ। अनौपचारिक शिक्षा र आजीवन सिकाइले समुदायमा साक्षरता, सीप विकास र जीवनोपयोगी सीप प्रदान गर्ने महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ। तथापि, निरक्षरता न्यूनीकरण, गुणस्तरीय तालिम, आयआर्जन र व्यावसायिक सीपको प्रयोग, तथा सामुदायिक पुस्तकालय र ज्ञान स्रोतहरूको उपयोगमा अझ सुधार आवश्यक देखिन्छ।

यस स्थानीय तहको शिक्षा क्षेत्रमा पहुँच र समावेशीता विस्तार भए तापनि गुणस्तरीय सिकाइ, समावेशी पहुँच, शिक्षक क्षमता, पूर्वाधार सुधार, आइसीटी पहुँच र वातावरणीय जोखिम व्यवस्थापन मुख्य चुनौती बनेका छन्। यसका लागि तथ्याङ्कमा आधारित लक्षित कार्यक्रम, समावेशी नीतिहरू, बालमैत्री वातावरण निर्माण, शिक्षक क्षमता अभिवृद्धि र स्थानीय समुदायको सक्रिय सहभागिता आवश्यक छ। यी पहलहरू सफलतापूर्वक कार्यान्वयन भएमा स्थानीय तहमा दिगो, गुणस्तरीय र समावेशी शिक्षा प्रणाली विकास गर्न सकिने स्पष्ट सम्भावना देखिन्छ।

### १.५.६ शिक्षा क्षेत्रका सबल पक्षहरू

यस स्थानीय तहले शिक्षाको क्षेत्रमा समावेशीता, गुणस्तर र पहुँच विस्तारका लागि विभिन्न असल अभ्यासहरू लागू गर्दै आएको छ। प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्म बालबालिकाको समग्र विकास सुनिश्चित गर्न सुरक्षित, बालमैत्री र अपाङ्गतामैत्री पूर्वाधारहरूको निर्माण गरिएको छ। प्रारम्भिक तहमा खेलमा आधारित सिकाइ तथा बालमनोविज्ञानमा आधारित कार्यक्रमहरू सञ्चालन गरिएका छन्, जसले बालबालिकाको नियमित उपस्थिति र सिकाइ प्रभावकारिता बढाउन सहयोग पुऱ्याएका छन्।

- आधारभूत र माध्यमिक तहमा लैङ्गिक समानता सुनिश्चित गर्दै बालक र बालिकाको सहभागितामा सन्तुलन कायम गरिएको छ। दलित, अपाङ्गता भएका, आदिवासी/जनजाति तथा अन्य सीमान्तकृत समूहको सहभागिता बढाउन लक्षित कार्यक्रमहरू सञ्चालन भएका छन्। शिक्षक व्यवस्थापनमा सुधार गर्दै विषयगत दक्ष शिक्षकको नियुक्ति र निरन्तर व्यावसायिक विकास कार्यक्रमहरू सञ्चालन गरिएका छन्। शिक्षक–विद्यार्थी अनुपात सुधार गर्ने र तालिम तथा क्षमता अभिवृद्धिमार्फत सिकाइ गुणस्तर वृद्धि गर्ने पहलहरू सफल देखिएका छन्।
- पूर्वाधार र सिकाइ वातावरण सुधारका लागि विद्यालयहरूमा पुस्तकालय, प्रयोगशाला, खेलकुद सामग्री र आइसीटी उपकरणहरू उपलब्ध गराइएका छन् । विद्यालय भवनहरूमा हरित तथा वातावरणीय सचेत पूर्वाधारहरू लागू गरेर जलवायु जोखिम न्यूनीकरणतर्फ कदम चालिएको छ। साथै, अनौपचारिक शिक्षा र आजीवन सिकाइ कार्यक्रममार्फत महिला तथा युवा व्यक्तिहरूको साक्षरता र व्यावसायिक सीप विकासमा योगदान पुर्याइएको छ। आयआर्जन, कृषि, हस्तकला र स्थानीय उत्पादनसम्बन्धी तालिमहरूले समुदायमा आत्मनिर्भरता वृद्धि गरेका छन्।

- स्थानीय तहले विद्यालय व्यवस्थापन समिति र अभिभावक/समुदायको सक्रिय सहभागिता सुनिश्चित गर्दै योजना, अनुगमन र मूल्याङ्कन प्रक्रियामा सुधार गरेको छ। विद्यालय र समुदायबीचको सहकार्य बढाएर सिकाइ गुणस्तर सुधार, समावेशी शिक्षाको विस्तार र बालबालिकाको नियमित उपस्थिति सुनिश्चित गरिएको छ। यसरी लागू गरिएका असल अभ्यासहरूले स्थानीय तहमा समावेशी, गुणस्तरीय, बालमैत्री र दिगो शिक्षा प्रणालीको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् जुन अन्य स्थानीय तहहरूका लागि समेत अनुकरणीय हुन सक्छ।

### १.५.७ शिक्षा क्षेत्रका सुधार गर्नुपर्ने पक्षहरू

यस स्थानीय तहको शिक्षा क्षेत्रमा देखिएका प्रमुख समस्या र चुनौतीहरूमा विद्यालय शिक्षामा सबै बालबालिकालाई समान पहुँच, सहभागिता र गुणस्तर सुनिश्चित गर्न नसक्नु, लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित गर्न नसक्नु, तथा अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकालाई समावेशी सिकाइ वातावरण उपलब्ध गराउन नसक्नु रहेका छन्। त्यसैगरी, पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धि प्रभावकारी रूपमा हासिल गर्न नसक्नु, भौतिक दृष्टिले पूर्ण रूपमा बालमैत्री संरचनासहितको विद्यालय निर्माण तथा कक्षाकोठा व्यवस्थापनजस्ता पक्षमा आवश्यक कार्य गरी सिकाइ वातावरण सुधार गर्न नसक्नु, र विषयगत तथा कक्षागत शिक्षकको दरबन्दी पर्याप्त नहुनु पनि अन्य महत्त्वपूर्ण चुनौतीहरू हुन्।

यसैगरी, सूचना तथा सञ्चार प्रविधि (आइसीटी) को पहुँच नहुनु र प्रभावकारी प्रयोग गर्न नसक्नु, साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसरहरू पर्याप्त उपलब्ध गराउन नसक्नु, तथा वैकल्पिक सिकाइ कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु पनि उल्लेखनीय कमजोरीका रूपमा देखिएका छन्। त्यस्तै, विद्यालय र बालविकास केन्द्रहरूको भौतिक पूर्वाधार विकास पर्याप्त नहुनु, विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु-उत्थानशीलता सुनिश्चित गर्न नसक्नु, तथा समयसान्दर्भिक र पर्याप्त शिक्षक तालिमको व्यवस्था गर्न नसक्नुले शिक्षाको गुणस्तर वृद्धिमा थप बाधा पुऱ्याएका छन्। समग्रमा, यी समस्या र चुनौतीहरूले स्थानीय तहको शिक्षा प्रणालीमा समावेशीता, गुणस्तर, पूर्वाधार, प्रविधि पहुँच र शिक्षक क्षमता विकासका क्षेत्रमा व्यवस्थित रूपमा सम्बोधन गर्नुपर्ने आवश्यकता स्पष्ट पारेका छन्।

### १.५.८ शिक्षा क्षेत्रमा देखिएका अवसरहरु

यस स्थानीय तहमा शिक्षा क्षेत्रको विकास र सुधारका लागि विभिन्न अवसरहरू विद्यमान छन्। संवैधानिक तथा कानुनी आधारहरू प्राप्त हुनु, शिक्षामा लगानी वृद्धि गरी गुणस्तर सुधार गर्न सकिनु, र स्थानीय सरकार सञ्चालन ऐनले शिक्षा सम्बन्धी केही अधिकारहरू स्थानीय तहलाई प्रदान गर्नु यसका प्रमुख संरचनात्मक अवसरहरू हुन्। त्यसैगरी, तीन तहका सरकार तथा अन्य सङ्घसंस्थाहरूबाट शिक्षामा लगानी गर्न सकिने वातावरण हुनु, सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार हुनु, र स्थानीय पाठ्यक्रममा वातावरण संरक्षण, हरित विद्यालय निर्माण, जलवायु परिवर्तनसम्बन्धी विषयवस्तुहरू समावेश गरी निर्माण र कार्यान्वयनको अवसर हुनुले शिक्षामा गुणात्मक सुधारका नयाँ सम्भावनाहरू खोलेका छन्।

यसैगरी, स्थानीय तहमा रहेको रैथाने ज्ञान, सीप र प्रविधिलाई आन्तरिकीकरण गर्नु, तथा वैकल्पिक सिकाइको सहजीकरण गरी विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चितता गर्नु पनि यस स्थानीय तहका लागि महत्त्वपूर्ण अवसरका रूपमा रहेका छन्। यी सबै अवसरहरूको सदुपयोग गर्न सकेमा स्थानीय तहमा समावेशी, गुणस्तरीय, प्रविधिमैत्री र दिगो शिक्षा प्रणालीको विकास गर्न सकिने स्पष्ट सम्भावना देखिन्छ।

### १.५.९ शिक्षा क्षेत्रमा देखिएका चुनौतीहरू

यस स्थानीय तहको शिक्षा क्षेत्रमा विभिन्न चुनौतीहरू विद्यमान छन्। लैङ्गिक, भाषिक, भौगोलिक, आर्थिक, शारीरिक अपाङ्गता, जात/जाति तथा अन्य विविधताका कारण सबै बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्न कठिनाइ रहेको छ। त्यसैगरी, जनसाङ्ख्यिक प्रवृत्ति (विशेष गरी जन्म र बसाइसराइ), जनसङ्ख्याको बनावट र बसोबासको अवस्था तथा भौगोलिक विकटताका कारण व्यवहारिक विद्यालय नक्साङ्कन तथा समायोजन कार्यले पूर्णता पाउन सकेको छैन। स्थानीय परिवेशका कारण विद्यालयका शिक्षक दरबन्दीहरूको न्यायोचित वितरण गर्न, विद्यालयमा थप आर्थिक व्यवस्थापन हुन नसक्दा निःशुल्क तथा अनिवार्य शिक्षाको कार्यान्वयन पूर्ण रूपमा गर्न, र दक्ष जनशक्तिको अभावका कारण पाठ्यक्रम, पाठ्यपुस्तक तथा मूल्याङ्कन प्रणालीमा सुधार र शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोग गर्न पनि चुनौती रहेको छ।

यसैगरी, विपत व्यवस्थापन र त्यस्ता समयमा वैकल्पिक माध्यमबाट सिकाइ अवसरहरू प्रदान गर्न, जनसाङ्ख्यिक प्रवृत्ती (जन्म,मृत्यु,बसाइसराई ) को विविधताका कारण आजीवन सिकाइको पहिचानमा विविधता र समान अवसर सुनिश्चित गर्न, सबै विद्यालयहरूमा तोकिएअनुसारको भौतिक पूर्वाधारको निर्माण र हरित विद्यालयको रूपमा विकास गर्न, तथा जलवायु परिवर्तन र त्यसको असर कम गर्ने उपायहरू अवलम्बन गर्न पनि उल्लेखनीय चुनौतीहरू रहेका छन्। त्यस्तै, माध्यमिक तहमा व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपयुक्त संरचना तथा कार्यक्रमको विकास र कार्यान्वयन गर्न, र सार्वजनिक विद्यालयको सिकाइप्रति अभिभावकहरूको आकर्षण तथा विश्वास कायमै राख्न पनि थप चुनौतीपूर्ण देखिन्छ। समग्रमा, यी चुनौतीहरूको सम्बोधनका लागि तथ्याङ्कमा आधारित लक्षित योजना, समन्वयात्मक दृष्टिकोण र दीर्घकालीन प्रतिबद्धता आवश्यक देखिन्छ।

# परिच्छेद २: दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ दूरदृष्टि

सूर्यविनायक नगरपालिकाको आगामी दशक (२०८३–२०९३) को शिक्षा योजनाको दूरदृष्टि **'गुणस्तरीय, सीपमूलक र प्रविधिमैत्री शिक्षा – सूर्यविनायक नगरपालिकाको अपेक्षा'** रहेको छ।

## २.२ लक्ष्य

यस योजनाको मुख्य लक्ष्य समावेशी, गुणस्तरीय, प्रविधिमैत्री र रोजगारमूलक शिक्षाको पहुँच सबै नागरिकसम्म सुनिश्चित गर्दै शिक्षा प्रणालीको सुदृढीकरण गरी स्थानीय आवश्यकताअनुकूल तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय श्रम बजारको मागअनुरूप प्रतिस्पर्धी, नैतिक र आत्मनिर्भर जनशक्ति उत्पादन गर्नु हो।

## २.३ उद्देश्य

यस योजनाका प्रमुख उद्देश्यहरू निम्नानुसार रहेका छन्। यी उद्देश्यहरूले शिक्षा प्रणालीको समग्र सुधार, समावेशीता, गुणस्तर अभिवृद्धि र दिगोपन सुनिश्चित गर्न मार्गदर्शन प्रदान गर्नेछन्:

- शिक्षाका सबै तहलाई गुणस्तरीय बनाई बालबालिकालाई समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्ने,
- विद्यालय शिक्षामा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित गर्ने,
- अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकालाई समावेशी सिकाइ वातावरण उपलब्ध गराउने,
- शिक्षालाई गुणस्तरीय तथा प्रतिस्पर्धी बनाउन आवश्यक कानुनको तर्जुमा गरी लागू गर्ने,
- पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धि प्रभावकारी रूपमा हासिल गर्ने,
- बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरण सुधार गर्ने,
- विषयगत तथा कक्षागत शिक्षकको पर्याप्त दरबन्दी सुनिश्चित गर्दै दक्ष जनशक्तिको व्यवस्थापन गर्ने,
- सूचना तथा सञ्चार प्रविधि (आइसीटी) को पहुँच विस्तार गरी प्रभावकारी प्रयोग गर्ने,
- साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसरहरू उपलब्ध गराउने,
- वैकल्पिक सिकाइ कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्ने,
- विद्यालयका आधारभूत भौतिक पूर्वाधार, स्रोत–साधनयुक्त सिकाइ वातावरण र जलवायु-उत्थानशीलता सुनिश्चित गर्ने,
- प्राविधिक, व्यावसायिक तथा रोजगारमूलक शिक्षाको विकास र विस्तार गर्ने,
- सम्पूर्ण शिक्षकहरूलाई आवश्यकताका आधारमा समयसापेक्ष रूपमा क्षमता अभिवृद्धि तालिमको व्यवस्थापन गर्ने।

यी उद्देश्यहरूको प्राप्तिले स्थानीय तहमा दिगो, समावेशी र गुणस्तरीय शिक्षा प्रणालीको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउनेछ र सबै नागरिकलाई समान शैक्षिक अवसर प्रदान गर्न सहयोग पुग्नेछ।

## २.४ रणनीति

यस योजनाका उद्देश्यहरू प्राप्त गर्न निम्न रणनीतिहरू अवलम्बन गरिनेछ भने ती रणनीतिहरूलाई मूर्त रूप दिन आगामी वर्षहरूमा निम्न कार्यक्रमहरू कार्यान्वयन गरिनेछ ।

### २.४.१ सबै बालबालिकालाई समान पहुँच, सहभागिता र गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु

शिक्षाको आधारभूत सिद्धान्त नै सबै बालबालिकालाई उनीहरूको पृष्ठभूमि, भौगोलिक अवस्था वा आर्थिक हैसियतको पर्वाह नगरी समान शैक्षिक अवसर प्रदान गर्नु हो। यस उद्देश्यअन्तर्गत पहुँच, सहभागिता र गुणस्तरलाई एकैसाथ सम्बोधन गर्ने रणनीतिहरू अवलम्बन गरिनेछ।

- बालबालिकाको भर्ना र नियमित उपस्थितिको अनुगमन गर्ने,
- भौगोलिक विकटता भएका तथा विद्यालय पहुँच नपुग्ने क्षेत्रका बालबालिकाहरूका लागि लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने,
- अभिभावक र समुदायको सहभागिता सुनिश्चित गर्ने,
- बालबालिकालाई विद्यालय बस वा यातायात सुविधा उपलब्ध गराउने,
- बालबालिकाको नियमित उपस्थितिका लागि अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्ने,
- नमुना विद्यालयहरूको विकास, व्यवस्थापन तथा सञ्चालन गर्ने,
- उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाको स्थापना र सञ्चालनको उपयुक्त व्यवस्थापन गर्ने,
- माध्यमिक तहमा निरन्तरताका लागि विद्यार्थी प्रोत्साहन कार्यक्रम लागू गर्ने।

यी रणनीतिहरूको प्रभावकारी कार्यान्वयनमार्फत सबै बालबालिकाको शिक्षामा समान पहुँच, नियमित सहभागिता र गुणस्तरीय सिकाइ सुनिश्चित गर्न सकिनेछ।

### २.४.२ विद्यालय शिक्षामा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित गर्नु

लैङ्गिक समानता र सामाजिक समावेशीकरण गुणस्तरीय शिक्षाका अपरिहार्य आधार हुन्। यस उद्देश्यअन्तर्गत विद्यालय शिक्षामा सबै प्रकारका भेदभाव हटाई समतामूलक सहभागिता सुनिश्चित गर्ने रणनीतिहरू अवलम्बन गरिनेछ।

- बालिकाका लागि भर्ना सहयोग कार्यक्रम लागू गर्ने,
- शिक्षक र समुदायलाई लैङ्गिक समावेशी तालिम प्रदान गर्ने,
- विद्यालय स्तरमा समावेशी नीति र अनुगमन प्रक्रिया विकास गर्ने,
- लैङ्गिक र सामाजिक समावेशी शिक्षासम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने,
- समावेशी बालबालिकाको सहभागिता र नियमित उपस्थितिको अनुगमन गर्ने।

यी रणनीतिहरूको कार्यान्वयनले विद्यालय शिक्षामा लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई मूर्त रूप दिन सहयोग पुग्नेछ।

### २.४.३. अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकालाई समावेशी सिकाइ वातावरणमा जोड

अपाङ्गता भएका तथा सीमान्तकृत समुदायका बालबालिकाहरू प्रायः शैक्षिक पहुँच र सिकाइका दृष्टिले पछाडि पर्ने समूह हुन्। यस उद्देश्यअन्तर्गत उनीहरूको आवश्यकताअनुकूल समावेशी सिकाइ वातावरण निर्माण गर्ने रणनीतिहरू अवलम्बन गरिनेछ।

- विद्यालय स्तरमै अपाङ्गता पहिचानसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,
- अपाङ्गतामैत्री विद्यालय पूर्वाधार निर्माण गर्ने,
- सहायक सिकाइ सामग्री, छात्रवृत्ति र सहायता सामग्रीहरू उपलब्ध गराउने,
- शिक्षकलाई समावेशी शिक्षण तालिम प्रदान गर्ने,
- लक्षित समूहका बालबालिकाको नियमित उपस्थितिको अनुगमन गर्ने,
- अभिभावक र समुदायलाई समावेशी शिक्षा विषयमा सचेत पार्ने।

यी रणनीतिहरूले अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकालाई समावेशी, सुरक्षित र प्रभावकारी सिकाइ वातावरण प्रदान गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउनेछ।

### २.४.४ पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धि प्रभावकारी रूपमा हासिल गर्नु

पाठ्यक्रमको सफल कार्यान्वयन नै शैक्षिक गुणस्तरको मूल आधार हो। यस उद्देश्यअन्तर्गत पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धिहरू प्रभावकारी रूपमा हासिल गर्ने रणनीतिहरू अवलम्बन गरिनेछ।

- शिक्षक–विद्यार्थी अनुपात सुधार र गुणस्तरीय शिक्षक नियुक्ति गर्ने,

- सिकाइ मूल्याङ्कन र सुधार कार्यक्रम नियमित सञ्चालन गर्ने,
- विभिन्न विषयमा डिजिटल सिकाइ पाठ्यसामग्रीको प्रयोग बढाउने,
- पाठ्यक्रम अनुसार सहायक सिकाइ सामग्री उपलब्ध गराउने,
- शिक्षकलाई नयाँ शिक्षण विधिमा तालिम प्रदान गर्ने,
- विद्यालय शिक्षामा जीवनोपयोगी ज्ञानलाई एकीकृत रूपमा समावेश गर्ने,
- सिकाइ उपलब्धिको अनुगमन र प्रतिवेदन प्रणाली विकास गर्ने,
- पेशागत शिक्षकहरूबीच अनुभव आदानप्रदानको कार्यक्रम सञ्चालन गर्ने।

यी रणनीतिहरूको प्रभावकारी कार्यान्वयनले पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धिहरूको प्राप्तिमा सहयोग पुग्नेछ तथा विद्यार्थीहरूको शैक्षिक गुणस्तरमा सुधार आउनेछ ।

### २.४.५ बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरण सुधार गर्नु

सुरक्षित, स्वच्छ र बालमैत्री सिकाइ वातावरणले विद्यार्थीको सिकाइ क्षमता र आत्मविश्वासमा सकारात्मक प्रभाव पार्दछ। यस उद्देश्यअन्तर्गत विद्यालयका भौतिक संरचना तथा वातावरणलाई बालमैत्री बनाउने रणनीतिहरू अवलम्बन गरिनेछ।

- भूकम्प प्रतिरोधी, सुरक्षित, बालमैत्री विद्यालय पूर्वाधार र अपाङ्गतामैत्री कक्षाकोठा निर्माण गर्ने,
- विद्यालयहरूमा फर्निचर, खेलकुद, पुस्तकालय र प्रयोगशालाजस्ता पूर्वाधार सुधार गर्ने,
- बालबालिकाको सहभागिता र अभिभावक सहयोगद्वारा विद्यालय वातावरण सुधार गर्ने,
- विद्यालय परिसरमा सरसफाइ, खानेपानीको व्यवस्थापन र हरित कार्यक्रम सञ्चालन गर्ने,
- विद्यालयमा स्वास्थ्य र सुरक्षा उपायहरू लागू गर्ने।

यी रणनीतिहरूले विद्यालयको भौतिक र मानसिक वातावरणलाई बालमैत्री, सुरक्षित र सिकाइमैत्री बनाउन सहयोग पुऱ्याउनेछ ।

### २.४.६ स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नु

स्थानीय सन्दर्भ, आवश्यकता र सम्भावनालाई सम्बोधन गर्न स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयन अत्यन्त महत्त्वपूर्ण छ। यस उद्देश्यअन्तर्गत स्थानीय पाठ्यक्रम निर्माण र प्रभावकारी कार्यान्वयनका रणनीतिहरू अवलम्बन गरिनेछ।

- समुदाय र शिक्षकको सहभागितासहित स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गर्ने,
- स्थानीय सन्दर्भअनुकूल सिकाइ सामग्री उपलब्ध गराउने,
- शिक्षकलाई स्थानीय पाठ्यक्रम कार्यान्वयन तालिम प्रदान गर्ने,
- पाठ्यक्रम कार्यान्वयनको अनुगमन र सुधार गर्ने,
- विद्यार्थीको सन्दर्भअनुकूल मूल्याङ्कन प्रणाली लागू गर्ने,
- आधारभूत तहमा मागमा आधारित भई स्थानीय भाषालाई पाठ्यक्रममा समावेश गर्ने।

यी रणनीतिहरूको कार्यान्वयनले स्थानीय पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरी स्थानीय आवश्यकता अनुसारको शिक्षा प्रदान गर्न सहयोग पुग्नेछ।

### २.४.७ विषयगत तथा कक्षागत शिक्षकको दरबन्दी सुनिश्चित गर्नु

गुणस्तरीय शिक्षाको लागि विषयगत तथा कक्षागत दक्ष शिक्षकहरूको पर्याप्त दरबन्दी आधारभूत आवश्यकता हो। यस उद्देश्यअन्तर्गत आवश्यक शिक्षक दरबन्दीको सुनिश्चितता र व्यवस्थापनसम्बन्धी रणनीतिहरू अवलम्बन गरिनेछ।

- आवश्यक शिक्षक दरबन्दी पहिचान र पूर्ति गर्ने,
- विषयगत दक्षता अनुसार शिक्षक नियुक्ति गर्ने,
- स्वयंसेवक शिक्षक कार्यक्रमलाई निरन्तरता दिने,

- शिक्षक व्यवस्थापन र अनुगमन प्रणाली सुदृढ गर्ने,
- शिक्षक प्रशिक्षण र पेशागत विकास कार्यक्रम सञ्चालन गर्ने,
- शिक्षक–विद्यार्थी अनुपात सुधार सुनिश्चित गर्ने,
- माथिल्लो तहमा अध्यापन गर्ने शिक्षकको व्यवस्थापन गर्ने।

यी रणनीतिहरूले विद्यालयहरूमा विषयगत र कक्षागत दक्ष शिक्षकहरूको पर्याप्त दरबन्दी सुनिश्चित गरी सिकाइ गुणस्तरमा सुधार ल्याउन सहयोग पुऱ्याउनेछ।

### २.४.८ सूचना तथा सञ्चार प्रविधि पहुँच विस्तार गरी प्रभावकारी प्रयोग गर्नु

आधुनिक शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग अनिवार्य बन्दै गएको छ। यस उद्देश्यअन्तर्गत विद्यालयहरूमा आइसीटी पहुँच विस्तार र प्रभावकारी प्रयोगका रणनीतिहरू अवलम्बन गरिनेछ।

- विद्यालयमा आइसीटी उपकरण र इन्टरनेट सुविधा उपलब्ध गराउने,
- शिक्षक र विद्यार्थीलाई आइसीटी तालिम प्रदान गर्ने,
- डिजिटल सामग्री, कृत्रिम बौद्धिकता र प्रविधि-आधारित सिकाइ कार्यक्रम सञ्चालन गर्ने,
- आइसीटी प्रयोगको अनुगमन र सुधार कार्यक्रम सञ्चालन गर्ने,
- स्थानीय समुदायमा आइसीटी–सञ्चार प्रशिक्षण कार्यक्रम उपलब्ध गराउने,
- कृत्रिम बौद्धिकताको प्रयोगबाट अधिकतम सिकाइ वातावरण सिर्जना गर्ने।

यी रणनीतिहरूले विद्यालय तथा समुदायमा सूचना प्रविधिको पहुँच विस्तार गरी प्रभावकारी प्रयोगमार्फत सिकाइको गुणस्तर अभिवृद्धि गर्न सहयोग पुऱ्याउनेछ।

### २.४.९ साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसर उपलब्ध गराउनु

शिक्षा केवल विद्यालयमा मात्र सीमित नभई जीवनभर चल्ने प्रक्रिया हो। यस उद्देश्यअन्तर्गत सबै उमेर समूहका नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसर उपलब्ध गराउने रणनीतिहरू अवलम्बन गरिनेछ।

- समुदायमा साक्षरता र जीवनपर्यन्त शिक्षा कार्यक्रम सञ्चालन गर्ने,
- सामुदायिक सिकाइ केन्द्रको स्थापना तथा आवश्यक स्रोत–साधनको व्यवस्था गर्ने,
- महिला, युवा र लक्षित समूहका लागि अनौपचारिक शिक्षा कार्यक्रम उपलब्ध गराउने,
- शिक्षा कार्यक्रमको अनुगमन र गुणस्तर सुधार गर्ने,
- स्थानीय पुस्तकालय र ज्ञान केन्द्रको प्रयोग विस्तार गर्ने,
- जीवनपर्यन्त शिक्षासम्बन्धी सामग्री र स्रोतहरू उपलब्ध गराउने।

यी रणनीतिहरूले समुदायमा साक्षरता दर वृद्धि, निरन्तर शिक्षाको पहुँच र जीवनपर्यन्त सिकाइको संस्कृति विकास गर्न सहयोग पुऱ्याउनेछ।

### २.४.१० वैकल्पिक सिकाइ कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्नु

औपचारिक शिक्षा प्रणालीभन्दा बाहिर रहेका बालबालिका तथा वयस्कहरूका लागि वैकल्पिक सिकाइ कार्यक्रम अत्यन्त आवश्यक छ। यस उद्देश्यअन्तर्गत प्रभावकारी वैकल्पिक सिकाइ कार्यक्रम सञ्चालनका रणनीतिहरू अवलम्बन गरिनेछ ।

- विद्यालय बाहिरका बालबालिका तथा किशोर–किशोरीका लागि कार्यक्रम सञ्चालन गर्ने,
- समुदाय र स्थानीय संस्थासँग सहकार्य गरी वैकल्पिक शिक्षा विस्तार गर्ने,
- वैकल्पिक शिक्षण–सिकाइमा सूचना प्रविधिको प्रयोगलाई बढावा दिने,

- वैकल्पिक शिक्षाको गुणस्तर अनुगमन र सुधार गर्ने,
- स्थानीय सन्दर्भअनुकूल वैकल्पिक सामग्री विकास गर्ने,
- शिक्षक र प्रशिक्षकको क्षमता अभिवृद्धि गर्ने।

यी रणनीतिहरूले औपचारिक शिक्षाबाट वञ्चित रहेका समूहलाई शिक्षाको मूलधारमा ल्याउन सहयोग पुऱ्याउनेछ।

### २.४.११ विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु-उत्थानशीलता सुनिश्चित गर्नु

जलवायु परिवर्तनका कारण शिक्षा क्षेत्रमा थप जोखिमहरू सिर्जना भइरहेका छन्। यस उद्देश्यअन्तर्गत विद्यालय पूर्वाधार र सिकाइ वातावरणलाई जलवायु-उत्थानशील बनाउने रणनीतिहरू अवलम्बन गरिनेछ।

- कक्षाकोठा, शौचालय, खानेपानी, खेलकुद, पुस्तकालय र प्रयोगशाला निर्माण गर्ने,
- विद्यालय पूर्वाधार जलवायु जोखिम प्रतिरोधी ढाँचामा निर्माण गर्ने,
- पूर्वाधारको नियमित मर्मत–सम्भार सुनिश्चित गर्ने,
- स्थानीय समुदाय र सङ्घ/संस्थासँग सहकार्य गर्ने,
- भौतिक पूर्वाधारको गुणस्तर अनुगमन गर्ने,
- बालबालिकाको स्वास्थ्य र सुरक्षा सुनिश्चित गर्दै पूर्वाधार सुधार गर्ने,
- जलवायु अनुकूल हरित कार्यक्रम सञ्चालन गर्ने,
- प्राकृतिक विपद् जोखिम न्यूनीकरणका लागि विद्यालय अनुगमन गर्ने,
- शिक्षक र विद्यार्थीलाई वातावरणीय सुरक्षा तालिम प्रदान गर्ने,
- विद्यालय स्तरमा जलवायु सचेतना र आपतकालीन तयारी कार्यक्रम सञ्चालन गर्ने।

यी रणनीतिहरूले विद्यालयका भौतिक पूर्वाधार र सिकाइ वातावरणलाई जलवायु–उत्थानशील, सुरक्षित र दिगो बनाउन सहयोग पुऱ्याउनेछ।

### २.४.१२ प्राविधिक, व्यावसायिक तथा रोजगारमूलक शिक्षाको विकास र विस्तार गर्नु

प्राविधिक र व्यावसायिक शिक्षाले विद्यार्थीहरूलाई रोजगारीको अवसर र आत्मनिर्भरताको मार्ग प्रशस्त गर्दछ। यस उद्देश्यअन्तर्गत प्राविधिक, व्यावसायिक तथा रोजगारमूलक शिक्षाको विकास र विस्तारका रणनीतिहरू अवलम्बन गरिनेछ।

- स्थानीय आवश्यकताका आधारमा माध्यमिक विद्यालयमा कम्तीमा एक प्राविधिक तथा व्यावसायिक विषयको पठनपाठनको व्यवस्था मिलाउने,
- सम्भाव्यताका आधारमा व्यावसायिक तालिमहरू सञ्चालन गर्ने,
- औपचारिक शिक्षा हासिल गरिसकेपश्चात इन्टर्नशिप तथा अन–द–जब ट्रेनिङको अनिवार्य व्यवस्था गर्ने,
- प्राविधिक तथा व्यावसायिक विद्यालयमा प्रयोगात्मक शिक्षण–सिकाइका लागि विषयगत प्रयोगशालाको व्यवस्था गर्ने,
- प्राविधिक तथा व्यावसायिक शिक्षाको सञ्चालनका लागि निजी क्षेत्रसँग सहकार्य गर्ने।

यी रणनीतिहरूले विद्यार्थीहरूलाई रोजगारमूलक सीप र प्राविधिक ज्ञान प्रदान गरी आत्मनिर्भर तथा प्रतिस्पर्धी जनशक्ति निर्माण गर्न सहयोग पुऱ्याउनेछ ।

### २.४.१३ शिक्षालाई गुणस्तरीय तथा प्रतिस्पर्धी बनाउन आवश्यक कानुनको तर्जुमा गर्नु

गुणस्तरीय र प्रतिस्पर्धी शिक्षा प्रणालीका लागि बलियो कानुनी आधार आवश्यक हुन्छ। यस उद्देश्यअन्तर्गत शिक्षा क्षेत्रलाई व्यवस्थित, उत्तरदायी र प्रभावकारी बनाउन आवश्यक कानुन तर्जुमाका रणनीतिहरू अवलम्बन गरिनेछ।

- शिक्षासम्बन्धी स्थानीय ऐन तथा नियमावलीको तर्जुमा/परिमार्जन गरी कार्यान्वयन गर्ने,

- प्रारम्भिक बालविकास केन्द्रसम्बन्धी मापदण्ड बनाई लागू गर्ने,
- विषम परिस्थितिमा वैकल्पिक शिक्षण/सिकाइका लागि कार्ययोजना बनाई लागू गर्ने।

यी रणनीतिहरूले शिक्षा क्षेत्रमा आवश्यक कानुनी आधार तयार गरी गुणस्तरीय, व्यवस्थित र प्रतिस्पर्धी शिक्षा प्रणालीको विकास गर्न सहयोग पुऱ्याउनेछ।

### २.६ अपेक्षित उपलब्धि

यस योजनाको सफल कार्यान्वयनपछि निम्न अपेक्षित उपलब्धिहरू हासिल हुनेछन्। यी उपलब्धिहरूले स्थानीय तहको शिक्षा प्रणालीमा गुणात्मक परिवर्तन ल्याई दिगो, समावेशी र गुणस्तरीय शिक्षाको आधार तयार गर्नेछन्:

- सबै बालबालिकालाई विद्यालय शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ,
- विद्यालय शिक्षामा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित भएको हुनेछ,
- अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकालाई समावेशी सिकाइ वातावरण उपलब्ध भएको हुनेछ,
- पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धि प्रभावकारी रूपमा हासिल भएको हुनेछ,
- बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरण सुधार भएको हुनेछ,
- स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन भएको हुनेछ,
- विषयगत तथा कक्षागत शिक्षकको पर्याप्त दरबन्दी सुनिश्चित भएको हुनेछ,
- सूचना तथा सञ्चार प्रविधि (आइसीटी) को पहुँच विस्तार गरी प्रभावकारी प्रयोग भएको हुनेछ,
- साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसरहरू उपलब्ध भएको हुनेछ,
- वैकल्पिक सिकाइ कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन भएको हुनेछ,
- विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु-उत्थानशीलता सुनिश्चित भएको हुनेछ,
- सबै शिक्षकले वर्षमा एक पटक आवश्यकतामा आधारित तालिम प्राप्त गरेको हुनेछ।

यी अपेक्षित उपलब्धिहरूको प्राप्तिले स्थानीय तहमा गुणस्तरीय, समावेशी, सीपमूलक र प्रविधिमैत्री शिक्षा प्रणालीको जग बसाउनुका साथै सबै नागरिकको शैक्षिक, सामाजिक र आर्थिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउनेछ ।

### २.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

यस योजनाको प्रगति मापन गर्न निम्न मुख्य कार्यसम्पादन सूचकहरू तथा तिनका लक्ष्यहरू निर्धारण गरिएका छन्। यी सूचकहरूले योजनाको कार्यान्वयन अवस्था, उपलब्धि र प्रभावकारिताको नियमित अनुगमन तथा मूल्याङ्कन गर्न आधार प्रदान गर्नेछन्। सूचक र लक्ष्य निर्धारण गर्दा २०८२ लाई आधार वर्षको रुपमा राखिएको छ।

#### २.७.१ प्रारम्भिक बालविकास र शिक्षा

प्रारम्भिक बालविकास र शिक्षा बालबालिकाको समग्र विकासको जग हो। यस क्षेत्रका सूचकहरूले बालबालिकाको शिक्षामा पहुँच, तयारी र निरन्तरताको अवस्था मापन गर्दछन् ।

*तालिका 1: प्रारम्भिक बालविकाससँग सम्बन्धित प्रक्षेपित सूचकहरु*

| सूचक | तह | २०८२ | २०८३ | २०८८ |
|---|---|---|---|---|
| कुल भर्ना दर (%) | सूर्यविनायक | ११०.५ | १११.५ | ११०.१ |
| | बागमती | १५१.८ | १०४.० | १०१.० |
| | नेपाल | १२०.७ | ९४.० | ९९.० |
| कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकामा बालविकासको अनुभव (%) | सूर्यविनायक | ६७.६ | ८४.७ | १०० |
| | बागमती | ८३.४ | ७६.० | ८१.० |

| | | | | |
|---|---|---|---|---|
| | नेपाल | ७७.५ | ८५.० | ९५.० |

स्रोत: शिक्षा तथा मानव स्रोत विकास केन्द्र (२०८२); सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश (२०८२)

### २.७.२ आधारभूत शिक्षा (कक्षा १-८)

आधारभूत शिक्षा बालबालिकाको जीवनभरको सिकाइको आधारशिला हो। यस क्षेत्रका सूचकहरूले विद्यार्थीहरूको भर्ना, निरन्तरता, सिकाइ उपलब्धि र गुणस्तरको अवस्था मापन गर्दछन्।

*तालिका 2: आधारभूत तहसँग सम्बन्धित प्रक्षेपित सूचकहरु*

| सूचक | तह | २०८२ | २०८३ | २०८८ |
|---|---|---|---|---|
| कक्षा १ को खुद प्रवेश दर (%) | सूर्यविनायक | ९५.९ | ९७.७ | ९८.४ |
| | बागमती | १००.० | ९९.० | १००.० |
| | नेपाल | ८७.७ | ९९.० | १०० |
| कक्षा १ को कुल प्रवेश दर (%) | सूर्यविनायक | १०४.१ | ११७.५ | ११६.४ |
| | बागमती | १७६.८ | - | - |
| | नेपाल | १७१.९ | १०७.० | १०५ |
| आधारभूत (कक्षा १-५) को खुद भर्ना दर (%) | सूर्यविनायक | ९५.३ | ९५.९ | ९७.४ |
| | बागमती | १०० | ९८.३ | ९९.८ |
| | नेपाल | ९७.९ | ९९.५ | ९९.७ |
| आधारभूत (कक्षा १-५) को कुल  भर्ना दर (%) | सूर्यविनायक | ११९.७ | १०५.७ | १०४.३ |
| | बागमती | १४०.८ | ११८ | ११० |
| | नेपाल | १३३.८ | - | - |
| आधारभूत तह कक्षा ५ को खुद प्रवेश दर (%) | सूर्यविनायक | - | - | - |
| | बागमती | - | - | - |
| | नेपाल | - | - | - |
| आधारभूत तह कक्षा ५ को कुल प्रवेश दर (%) | सूर्यविनायक | - | - | - |
| | बागमती | - | - | - |
| | नेपाल | - | - | - |
| आधारभूत तह कक्षा ५ को टिकाउ दर (%) | सूर्यविनायक | ८६.९ | ९२.३ | ९५.६ |
| | बागमती | ८६.२ | - | - |
| | नेपाल | ८६.१ | - | - |
| आधारभूत तह कक्षा ५ पूरा गर्ने दर (%) | सूर्यविनायक | ९०.१ | ९३.५ | ९४.६ |
| | बागमती | - | - | - |
| | नेपाल | ८९.२ | ९५.५ | ९९.५ |
| आधारभूत तह (कक्षा १-५) मा भर्ना भएका ५-९ वर्ष उमेर माथिका बालबालिका (%) | सूर्यविनायक | - | - | - |
| | बागमती | - | - | - |
| | नेपाल | - | १५ | १० |
| आधारभूत तह (कक्षा १-५) को  कुल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | सूर्यविनायक | - | - | - |
| | बागमती | - | - | - |
| | नेपाल | - | - | - |
| आधारभूत तह (कक्षा १-८) को खुद भर्ना दर (%) | सूर्यविनायक | ९४.२ | ९४.७ | ९५.८ |
| | बागमती | १००.० | ९७.० | |
| | नेपाल | ९७.७ | - | १००.० |
| आधारभूत तह (कक्षा १-८) को कुल भर्ना दर (%) | सूर्यविनायक | ११३.२ | १११.५ | ११२.३ |

| | | | | |
|---|---|---|---|---|
| | बागमती | १४५.५ | १११.० | १०६.० |
| | नेपाल | १३६.१ | - | - |
| आधारभूत तहको कक्षा ८ को टिकाउ दर (%) | सूर्यविनायक | ८६.२ | ८६.५ | ८७.३ |
| | बागमती | ८०.१ | ८४.५ | ९० |
| | नेपाल | ७९.७ | - | ९५ |
| आधारभूत तहको कक्षा १ भर्ना भई कक्षा ८ पूरा गर्ने दर (%) | सूर्यविनायक | ७६.४ | ७६.७ | ७९.० |
| | बागमती | - | - | - |
| | नेपाल | ७७.१ | - | - |
| आधारभूत तह (कक्षा १-८) को कुल भर्ना दरमा लैङ्गिक समता सूचक | सूर्यविनायक | ०.९९ | ०.९९ | १.०० |
| | बागमती | - | १ | १ |
| | नेपाल | - | १ | १ |
| आधारभूत तह (कक्षा १-८) को विद्यालय वाहिर रहेका बालबालिका (%) | सूर्यविनायक | २.७ | २.३ | २.३ |
| | बागमती | - | - | - |
| | नेपाल | - | - | १ |
| आधारभूत तह (कक्षा १-८) अध्यापनरत कुल शिक्षक मध्ये महिला शिक्षकको प्रतिशत | सूर्यविनायक | ४८.५ | ४९.५ | ४९.९ |
| | बागमती | ४९.९ | - | - |
| | नेपाल | ४१.४ | ५० | ५० |

स्रोत: शिक्षा तथा मानव स्रोत विकास केन्द्र (२०८२); सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश (२०८२)

### २.७.३ माध्यमिक शिक्षा (कक्षा ९–१२)

माध्यमिक शिक्षा विद्यार्थीहरूलाई उच्च शिक्षा, व्यावसायिक अवसर र जीवनपर्यन्त सिकाइका लागि तयार गर्ने महत्त्वपूर्ण चरण हो। यस क्षेत्रका सूचकहरूले माध्यमिक तहमा विद्यार्थीहरूको भर्ना, निरन्तरता, सिकाइ उपलब्धि, विषयगत दक्षता र उच्च शिक्षा तथा रोजगारीमा संक्रमणको अवस्था मापन गर्दछन्।

*तालिका 3: माध्यमिक तहसँग सम्बन्धित प्रक्षेपित सूचकहरु*

| सूचक | तह | २०८२ | २०८३ | २०८८ |
|---|---|---|---|---|
| माध्यामिक तह (कक्षा ९-१२) को खुद भर्ना दर (%) | सूर्यविनायक | ६९.६ | ७६.५ | ८४.९ |
| | बागमती | ५१.८ | ५८ | ६५ |
| | नेपाल | ३५.४ | ६५ | - |
| माध्यामिक तह (कक्षा ९-१२) को कुल भर्ना दर (%) | सूर्यविनायक | ९२.० | ९९.८ | १०४.५ |
| | बागमती | १२०.२ | - | - |
| | नेपाल | ८५.७ | - | ९९.० |
| माध्यामिक तह (कक्षा ९-१२) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक | सूर्यविनायक | १.०२ | १.०१ | - |
| | बागमती | - | १.०२ | - |
| | नेपाल | - | १ | - |
| आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर (%) | सूर्यविनायक | ७७.३ | ७८.४ | - |
| | बागमती | - | - | - |
| | नेपाल | - | - | - |
| कक्षा १ भर्ना भएका बालबालिका मध्ये कक्षा १० पुग्ने दर (%) | सूर्यविनायक | ५१.० | ५५.२ | - |
| | बागमती | - | - | - |

| | | | | |
|---|---|---|---|---|
| | नेपाल | - | - | - |
| कक्षा १ भर्ना भएका बालबालिका मध्ये कक्षा १२ पुग्ने दर (%) | सूर्यविनायक | १७.१ | १८.५ | १९.८ |
| | बागमती | - | - | - |
| | नेपाल | - | - | - |
| माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक प्रतिशत | सूर्यविनायक | ३१.९ | ३२.४ | ३२.७ |
| | बागमती | २३.४ | - | - |
| | नेपाल | १७.६ | २७ | ३३ |

स्रोत: शिक्षा तथा मानव स्रोत विकास केन्द्र (२०८२); सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश (२०८२)

### २.७.४ जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा

जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षाले औपचारिक शिक्षा प्रणालीभन्दा बाहिर रहेका सबै उमेर समूहका नागरिकलाई साक्षरता, सीप विकास र जीवनोपयोगी ज्ञान प्रदान गरी समाजमा उत्पादनशील र आत्मनिर्भर बनाउन सहयोग पुऱ्याउँछ। यस क्षेत्रका सूचकहरूले साक्षरता दर, सीप विकास कार्यक्रमको पहुँच, सहभागिता, गुणस्तर, तथा जीवनपर्यन्त सिकाइका अवसरहरूको उपलब्धता र प्रभावकारिताको अवस्था मापन गर्दछन्।

*तालिका 4: जीवनपर्यन्त तथा अनौपचारिक शिक्षासँग सम्बन्धित प्रक्षेपित सूचकहरु*

| सूचक | तह | २०८२ | २०८३ | २०८८ |
|---|---|---|---|---|
| १५ वर्ष भन्दा माथिको साक्षरता दर (%) | सूर्यविनायक | - | - | - |
| | बागमती | - | - | - |
| | नेपाल | ९५ | - | - |
| ६ वर्ष भन्दा माथिको साक्षरता दर (%) | सूर्यविनायक | - | - | - |
| | बागमती | - | - | - |
| | नेपाल | - | ९५ | - |
| १५-२४ वर्षको साक्षरता दर (%) | सूर्यविनायक | - | - | - |
| | बागमती | - | - | - |
| | नेपाल | ९९ | - | - |
| १५ वर्ष भन्दा माथिको साक्षरता दरमा लैङ्गिक समता | सूर्यविनायक | - | - | - |

स्रोत: राष्ट्रिय योजना आयोग (२०७७)

### २.७.५ सुशासन तथा व्यवस्थापन

सुशासन र व्यवस्थापन शिक्षा प्रणालीको प्रभावकारी सञ्चालन, उत्तरदायित्व र दिगो विकासको आधार हो। यस क्षेत्रका सूचकहरूले विद्यालय व्यवस्थापन, वित्तीय पारदर्शिता, सरोकारवालाको सहभागिता, योजना कार्यान्वयन र अनुगमन प्रणालीको अवस्था मापन गर्दछन्।

*तालिका 5: सुशासन तथा व्यवस्थापनसँग सम्बन्धित प्रक्षेपित सूचकहरु*

| सूचक | तह | २०८२ | २०८३ | २०८८ |
|---|---|---|---|---|
| आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | सूर्यविनायक | ८.२:१ | ९.०:१ | १०.५:१ |
| | बागमती | - | - | - |
| | नेपाल | ३०:१ | ३०:१ | - |

| | | | | |
|---|---|---|---|---|
| आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | सूर्यविनायक | २०.२:१ | २१.५:१ | २२.४:१ |
| | बागमती | - | - | - |
| | नेपाल | ३०:१ | ३०:१ | - |
| आधारभूत तह (कक्षा १-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | सूर्यविनायक | १४.२:१ | १५.०:१ | १७.४:१ |
| | बागमती | - | - | - |
| | नेपाल | ३३:१ | ३०:१ | - |
| माध्यामिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | सूर्यविनायक | १९.६:१ | २०.४:१ | |
| | बागमती | - | - | - |
| | नेपाल | ३०:१ | ३०:१ | |
| माध्यामिक तह (कक्षा ९-१२) मा विद्यार्थी:शिक्षक अनुपात | सूर्यविनायक | ३७.९:१ | ३७.८:१ | ३७.८:१ |
| | बागमती | - | - | - |
| | नेपाल | ४१:१ | ३५:१ | ३०:१ |

स्रोत: शिक्षा तथा मानव स्रोत विकास केन्द्र (२०८२); सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश (२०८२)

यी कार्यसम्पादन सूचकहरूको नियमित अनुगमन तथा लक्ष्य प्राप्तिका लागि निरन्तर प्रयासले स्थानीय तहको शिक्षा क्षेत्रमा गुणात्मक सुधार ल्याई राष्ट्रिय तथा प्रादेशिक औसतसँग तुलना गर्न सकिने आधार तयार गर्नेछ।

## परिच्छेद ३: विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र

### ३.१ प्रारम्भिक बालविकास र शिक्षा

नेपालको संविधानको धारा ३९(३) ले प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक सुनिश्चित गरेको छ। त्यसैगरी, शिक्षा ऐन, २०२८ (संशोधनसहित) ले प्रारम्भिक बालविकास तथा शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अङ्गका रूपमा मान्यता प्रदान गरेको छ। यी संवैधानिक तथा कानुनी व्यवस्थाहरूले प्रारम्भिक बालविकास तथा शिक्षाको आवश्यकता र महत्त्वलाई थप सुदृढ बनाएका छन्। दिगो विकासका १७ वटा लक्ष्यहरूमध्ये ११ वटा लक्ष्यहरू प्रत्यक्ष रूपमा प्रारम्भिक बालविकाससँग सम्बन्धित रहेका छन्। अतः दिगो विकासका अधिकांश लक्ष्यहरू हासिल गर्न प्रारम्भिक बालविकास शिक्षाले महत्त्वपूर्ण भूमिका खेल्दछ।

- बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक तथा सिर्जनात्मक क्षमताको समुचित विकास गर्दै उनीहरूलाई आधारभूत शिक्षाका लागि तयार पार्नु प्रारम्भिक बालविकास तथा शिक्षाको प्रमुख उद्देश्य हो। विद्यालय शिक्षाको प्रवेशद्वारका रूपमा रहेको यस कार्यक्रमले बालबालिकाको सिकाइको आधार निर्माण गर्ने भएकाले यसको पहुँच, गुणस्तर तथा प्रभावकारितामा विशेष ध्यान दिन आवश्यक छ।
- प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमले बालबालिकालाई लेखपढ गराउने वा अक्षर तथा अङ्क चिनाउने कार्यमा मात्र जोड दिनुभन्दा उनीहरूको सर्वाङ्गीण विकासमा सहयोग गर्नुका साथै आधारभूत शिक्षाका लागि तयार गराउन सहयोग गर्नुपर्दछ। प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमहरू विभिन्न समयावधिमा सञ्चालन गर्ने प्रचलन भए तापनि चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एक वर्षे प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने कुरा नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ र राष्ट्रिय शिक्षा नीति २०७६ मा उल्लेख भएको छ। नेपालको सोह्रौं योजनामा पनि सोही व्यवस्था गरिएको सन्दर्भमा यस शिक्षा योजनामा पनि एक वर्षे कार्यक्रम समावेश गरिएको छ।

प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको कार्यान्वयनबाट हासिल गरिएका अनुभवहरूले यस कार्यक्रमलाई विस्तार गर्ने, सेवालाई सीमान्तकृत तथा पछाडि परेका समुदायसम्म पुऱ्याउने रणनीति विकास गर्ने, र गुणस्तर अभिवृद्धि गर्ने कार्यमा मार्गप्रशस्त गरेका छन्। यसै कुरालाई मध्यनजर गरी यस पालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास र शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने कार्यक्रमहरू समावेश गरिएका छन्। प्रारम्भिक बालविकासको सञ्चालन, रेखदेख लगायतका कार्यहरू योजनामा समेटिएका छन्।

#### ३.१.१ वर्तमान अवस्था

सूर्यविनायक नगरपालिकाले नगरपालिका अन्तर्गतका प्रारम्भिक बालविकास र शिक्षालाई आधारभूत शिक्षाको बलियो जगको रूपमा निर्माण गर्ने उद्देश्य लिएको छ। यसका लागि बालबालिकाको शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक एवम् नैतिक पक्षको विकास गराउन आवश्यक लक्ष्य, उद्देश्य, रणनीति, प्रबन्ध आदि कुराहरू शिक्षा योजनामा समेटिएका छन्।

- यस नगरपालिकामा सामुदायिक विद्यालयतर्फ सञ्चालनमा रहेका प्रारम्भिक बालविकास केन्द्रको सङ्ख्या २७ रहेको छ भने संस्थागततर्फ विद्यालयभित्र र विद्यालयबाहिर गरी १०८, जम्मा १३५ ओटा प्रारम्भिक बालविकास केन्द्र सञ्चालनमा रहेका छन्।
- १–४ वर्ष उमेरका बालबालिकाको कुल जनसङ्ख्यामध्ये प्रारम्भिक बालविकास तथा शिक्षा कक्षामा भर्ना दर १०० प्रतिशत पुगेको छ।
- धैरैजसो संस्थागत तथा निजी क्षेत्रबाट सञ्चालित र केही सामुदायिक विद्यालयका प्रारम्भिक बालविकास तथा शिक्षामा दुई वा तीन वर्षे कार्यक्रम सञ्चालनमा छन् भने कतिपय निजी क्षेत्रबाट सञ्चालित प्रारम्भिक बालविकास केन्द्रमा सो कार्यक्रम चार वर्ष अवधिका पनि छन्।
- यी सबैमा गरी कुल ६,५४४ जना बालबालिकाहरू यस कार्यक्रममा सहभागी भएका छन्।

- उमेर समूह ३–४ वर्षका बालबालिकाको कुल सङ्ख्याका आधारमा प्रारम्भिक बालविकास तथा शिक्षाको खुद भर्नादर १०० प्रतिशत हुन आउँछ।
- कक्षा १ मा प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहितको भर्नादर लगभग ७० प्रतिशत रहेको छ।
- प्रारम्भिक बालविकास तथा शिक्षामा लैङ्गिक समता सूचक समान दरमा पुग्न सकेको छैन।
- प्रारम्भिक बालविकास तथा शिक्षामा कार्यरत शिक्षकमध्ये १०० प्रतिशत महिला रहेका छन्।
- कक्षा १० भन्दा कम शैक्षिक योग्यता भएका शिक्षकको सङ्ख्या छैन र न्यूनतम योग्यता भएका शिक्षकको सङ्ख्या शतप्रतिशत रहेको छ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रारम्भिक बालविकास तथा शिक्षामा गुणस्तर कायम गर्नका लागि बालविकाससम्बन्धी न्यूनतम मापदण्ड निर्देशिका २०६७ (पहिलो संशोधन २०७५) निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ। त्यसैगरी, प्रारम्भिक बालविकास र शिक्षामा लगानीको सुनिश्चितताका लागि लागत सहभागिता मापदण्ड २०७७ कार्यान्वयनमा ल्याइएको छ। प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गर्ने केन्द्रहरूको कार्यसम्पादन परीक्षण, बालबालिकाहरूको सिकाइ तथा विकास स्तर परीक्षणको कार्य शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट भइरहेको छ। शिक्षकहरूको पेसागत विकासका लागि तालिमका प्याकेजहरू निर्माण गरी शिक्षकको पेसागत विकास तालिम सञ्चालन भइरहेको छ। विद्यालय प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रका लागि छुट्टै व्यवस्थापन समितिको व्यवस्था छ भने सञ्चालनको लागि नगरपालिकाबाट अनुमति तथा स्वीकृति दिने व्यवस्था गरिएको छ। साथै, यस नगरपालिकाबाट केन्द्रीय तहबाट तयार गरी कार्यान्वयनमा ल्याइएका नीतिहरूसँग सामञ्जस्यता कायम गरी प्रारम्भिक बालविकास केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७८ तयार गरी कार्यान्वयनमा ल्याइएको छ।

प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा उल्लेखनीय प्रगति भए तापनि यस सूर्यविनायक नगरपालिकामा रहेका प्रारम्भिक बालविकास उमेर समूहका बालबालिकाको सङ्ख्याको अनुपातमा प्रारम्भिक बालविकास केन्द्रहरूको वितरण हुन सकेको छैन। प्रारम्भिक बालविकास उमेर समूहभन्दा कम वा बढी उमेर समूहका धेरै बालबालिकाहरू प्रारम्भिक बालविकास कार्यक्रममा सहभागी रहेको देखिन्छ। यसले शिक्षकलाई सिकाइ सहजीकरणमा समस्या हुने मात्र नभई बालबालिकाको विकास र सिकाइ समेत प्रभावित हुन्छ। बालविकास केन्द्रका शिक्षकहरूको पारिश्रमिक अत्यन्तै कम भएको कारणले पनि उनीहरूमा उत्प्रेरणा जगाउन र मनोबल बढाउन सकिएको छैन। अधिकांश प्रारम्भिक बालविकास केन्द्र वा कक्षाहरूमा प्रारम्भिक बालविकास मापदण्डअनुसार न्यूनतम भौतिक तथा शैक्षिक सुविधा पुऱ्याउन सकिएको छैन। केन्द्रमा न्यूनतम मापदण्डअनुसारका भौतिक तथा शैक्षिक सुविधा नहुँदा बालबालिकाहरू गुणस्तरीय सेवा प्राप्त गर्ने हकबाट वञ्चित हुनुपरेको छ। धेरैजसो केन्द्रमा अपाङ्गता तथा लैङ्गिकमैत्री भौतिक वातावरण नभएका कारण अपाङ्गता भएका बालबालिकाको विकासात्मक आवश्यकता पूरा गर्न सकेको देखिँदैन।

सामुदायिक तथा समुदायमा आधारित बालविकास तथा शिक्षा केन्द्रबाहेक संस्थागत विद्यालय तथा निजी क्षेत्रले पनि अभिभावकको लगानीमा दुईदेखि चार वर्षका बालबालिकाका लागि शिक्षा कार्यक्रम सञ्चालन गरिरहेका छन्। सामुदायिक विद्यालयहरूले पनि अभिभावकको लगानीमा दुई वा तीन वर्षे बालविकास कक्षा कार्यक्रम सञ्चालन गरिरहेका छन्। अधिकांश बालविकास केन्द्रहरूमा बालबालिकालाई पढाइ तथा लेखाइमा बढी जोड दिँदा बालविकासमा समस्या उत्पन्न हुन सक्ने देखिन्छ। शैक्षिक सत्र २०८२ को तथ्याङ्कअनुसार नगरपालिकामा कक्षा १ मा नवप्रवेशीमध्ये प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको सङ्ख्या शतप्रतिशत रहेको देखिन्छ ।

### ३.१.२ उद्देश्यहरू

प्रारम्भिक बालविकास तथा शिक्षाको प्रभावकारी सञ्चालन र गुणस्तर अभिवृद्धिका लागि निम्न उद्देश्यहरू निर्धारण गरिएका छन्। यी उद्देश्यहरूले बालबालिकाको सर्वाङ्गीण विकास, समावेशी पहुँच र गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न मार्गदर्शन प्रदान गर्नेछन्:

- सबै बालबालिकालाई समावेशी, पहुँचयोग्य र गुणस्तरीय प्रारम्भिक शिक्षा उपलब्ध गराउने ।
- बालविकास केन्द्रहरूलाई सुदृढ शैक्षिक व्यवस्थापन, बालमैत्री, सुरक्षित र वातावरणमैत्री बनाई प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरूमा गुणस्तर सुनिश्चित गर्ने।
- चार वर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास र शिक्षाको प्रभावकारी व्यवस्थापन गर्ने।
- प्रारम्भिक बालविकासमा बालबालिकाहरूको चौतर्फी विकास गर्न अभिभावक शिक्षाको व्यवस्था गर्ने।

यी उद्देश्यहरूको प्राप्तिले सूर्यविनायक नगरपालिकामा प्रारम्भिक बालविकास तथा शिक्षाको गुणस्तर, पहुँच र प्रभावकारितामा उल्लेखनीय सुधार ल्याई बालबालिकाको दिगो विकासको जग बलियो बनाउन सहयोग पुग्नेछ ।

### ३.१.३ रणनीतिहरू

माथि उल्लेखित उद्देश्यहरू प्राप्त गर्न निम्न रणनीतिहरू अवलम्बन गरिनेछ। यी रणनीतिहरूले प्रारम्भिक बालविकास तथा शिक्षाको पहुँच, गुणस्तर, समावेशीता र दिगोपन सुनिश्चित गर्न सहयोग पुऱ्याउनेछन्:

- सबै बालबालिकाको पहुँचका लागि सङ्घीय सरकारले निर्धारण गरेको मापदण्डअनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गरी बालविकास र शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अङ्ग बनाउने,
- प्रारम्भिक बालविकास शिक्षाको राष्ट्रिय मापदण्डका आधारमा स्थानीय मापदण्ड तयार गर्ने,
- कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्रहरू स्थापना गर्ने,
- निजी क्षेत्रलाई समेत केन्द्र स्थापना र सञ्चालनमा प्रोत्साहित गर्दै न्यूनतम मापदण्डमा नियमित निगरानी र मूल्याङ्कन गर्ने,
- अति विपन्न, दलित, अपाङ्गता भएका, जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने, लोपोन्मुख तथा सीमान्तकृत समुदायका बालबालिकाका लागि बालविकास र शिक्षामा पहुँच पुऱ्याउने विभिन्न कार्यक्रमहरूको विकास गरी पहुँच सुनिश्चित गर्ने,
- लागत सहभागिता अभिवृद्धि गर्ने,
- कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि अभिभावक शिक्षा दिने तथा समुदाय, गैरसरकारी सङ्घसंस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने,
- ऐन र कार्यविधिमा उल्लेख भएबमोजिमको मापदण्ड पूरा गर्ने,
- प्रारम्भिक बालविकास र शिक्षा केन्द्रमा कार्यरत शिक्षकहरूका लागि नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिकको व्यवस्था गर्ने,
- कार्यरत जनशक्तिको वृत्ति विकास तथा क्षमता अभिवृद्धि गर्ने,
- स्थानीय तहको आवश्यकतामा आधारित हुने गरी प्रारम्भिक बालविकास तथा शिक्षाका लागि सुपरिवेक्षण र सहजीकरणको लागि थप छुट्टै अधिकारसम्पन्न संयन्त्र निर्माण गर्ने,
- पाठ्यक्रम, मापदण्ड तथा ढाँचाहरूलाई समयानुकूल स्थानीयकरणका लागि समायोजन तथा परिमार्जन गर्ने, र
- भौगोलिक विकटता र अपाङ्गता भएका तोकिएका उमेर समूहलाई सम्बोधन गर्ने गरी नीतिगत व्यवस्था गर्ने।

यी रणनीतिहरूको प्रभावकारी कार्यान्वयनमार्फत सूर्यविनायक नगरपालिकामा प्रारम्भिक बालविकास तथा शिक्षाको समग्र विकास, गुणस्तरीय सेवाको विस्तार र सबै बालबालिकाको समावेशी सहभागिता सुनिश्चित गर्न सकिनेछ ।

### ३.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि:** यस योजनाको कार्यान्वयनबाट प्रारम्भिक बालविकास तथा शिक्षा क्षेत्रमा निम्न उपलब्धिहरू हासिल हुने अपेक्षा गरिएको छ। यी उपलब्धिहरूले यस क्षेत्रको समग्र सुधार र दिगो विकासको जग बलियो बनाउनेछन्:

- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ।

यी उपलब्धिहरूको प्राप्तिले सूर्यविनायक नगरपालिकामा प्रारम्भिक बालविकास तथा शिक्षाको पहुँच, गुणस्तर र प्रभावकारितामा उल्लेखनीय सुधार ल्याउन सहयोग पुग्नेछ।

**नतिजा:** प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको सफल कार्यान्वयनपछि निम्न नतिजाहरू प्राप्त हुने अपेक्षा गरिएको छ। यी नतिजाहरूले बालबालिकाको सर्वाङ्गीण विकास, सिकाइ तयारी र गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्नेछन् :

- प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई एक वर्षे प्रारम्भिक बालविकास तथा शिक्षामा सहज पहुँच हुनेछ,
- प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गर्ने अवसर प्राप्त हुनेछ,
- सबै प्रारम्भिक बालविकास केन्द्रहरूमा न्यूनतम योग्यता र तालिम प्राप्त शिक्षक तथा बालबालिकाको हेरचाह तथा सहयोगका लागि सहायक कर्मचारी सहित केन्द्रले न्यूनतम मापदण्ड पूरा गरेका हुनेछन्,
- बालबालिकाहरूको विकासात्मक तथा सिकाइ आवश्यकतालाई सम्बोधन गर्ने पाठ्यक्रमको समायोजन तथा अनुकूलन भएको हुनेछ,
- भौगोलिक जटिलता रहेका तथा अपाङ्गता भएका बालबालिकालाई समेट्न आवश्यकतामा आधारित (जस्तै: घरमा आधारित, समुदायमा आधारित, कार्यक्षेत्र तथा घुम्ती) बालविकास तथा शिक्षा कार्यक्रमहरू विकास भएको हुनेछ, र
- प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैरसरकारी सङ्घसंस्था र विद्यालयहरू जिम्मेवार भएको हुनेछन् ।

यी नतिजाहरूको प्राप्तिले प्रारम्भिक बालविकास तथा शिक्षाको क्षेत्रमा गुणात्मक सुधार ल्याई बालबालिकाको आधारभूत शिक्षाको तयारीमा सहयोग पुग्नेछ ।

**प्रारम्भिक बालविकास तथा शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य:** यस योजनाको कार्यान्वयन अवधिभर प्रारम्भिक बालविकास तथा शिक्षाको पहुँच, गुणस्तर, समावेशीता र दिगोपन सुनिश्चित गर्न निम्न प्रमुख क्रियाकलापहरू सञ्चालन गरिनेछ। ती क्रियाकलापहरूका लागि निर्धारित भौतिक लक्ष्यहरू तालिकामा प्रस्तुत गरिएको छ:

*तालिका 6: प्रारम्भिक बालविकाससँग सम्बन्धित ५ वर्षे लक्ष्य*

| क्र. स. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम नीति, नियम ,कार्यविधि, मापदण्ड निर्माण तथा मापदण्ड प्रबोधीकरण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण | पटक | | १ | १ | १ | १ | ४ |
| ३ | परिवार, समुदाय, गैर सरकारी सङ्घसंस्था, निजीक्षेत्रसँगको सहकार्य गर्ने | निरन्तर | १ | १ | १ | १ | १ | ५ |
| ४ | अनाथ असहाय र अपाङ्गता पहिचान गरी थप सेवा उपलब्ध गराउने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | बाल विकास केन्द्रमा छुट्टै सुरक्षित तथा अपाङ्गमैत्री शौचालयको व्यवस्था गर्ने | वटा | १ | १ | १ | १ | १ | ५ |
| ६ | बालबालिकाको अभिलेखीकरण गर्नका लागि आवश्यक सहयोग गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |

| क्र. स. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| ७ | अनाथ असहाय र अपाङ्गता भएका बालबालिकाका लागि आवशीय योजना | पटक | १ | १ | १ | १ | १ | ५ |
| ८ | पोषणयुक्त दिवा खाजाको व्यवस्था गर्ने | वटा | १ | १ | १ | १ | १ | ५ |
| ९ | बालविकास पाठ्यक्रम प्रबोधीकरण गर्ने | विद्यालय | २७ | २७ | २७ | २७ | २७ | २७ |
| १० | वालविकास केन्द्रमा न्यूनतम मापदण्ड पूरा गर्न आवश्यक कार्य गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ११ | सहजकर्ताहरूको पेशागत विकास तालिम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| १२ | बालबालिकाको स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्य सम्वन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन गर्ने र कुपोषण भएका बालबालिकाको लागि आवश्यक प्रबन्ध गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| १५ | स्थानीय भाषालाई प्राथमिकता दिई आवश्यकताअनुसार स्थानीय भाषाको प्रयोग | निरन्तर | १ | १ | १ | १ | १ | ५ |
| १६ | अभिभावक शिक्षा कार्यक्रम सञ्चानल गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| १७ | अभिभावक तथा समुदायका सदस्य मार्फत स्थानीय ज्ञान तथा सीपहरू बालबालिकालाई सिकाउने व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ |
| १८ | बालबालिकाको शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षा तथा आवश्यकता अनुसार मनोसामाजिक परामर्श उपलब्ध गराउने | पटक | १ | १ | १ | १ | १ | ५ |
| १९ | परिवार, समुदाय, निजीक्षेत्र तथा गैर सरकारी सङ्घसंस्थाहरूको सहभागिता, संलग्नता र जिम्मेवारी वृद्धि | निरन्तर | १ | १ | १ | १ | १ | ५ |
| २० | शैक्षिक सूचना व्यवस्थापन प्रणाली कार्यान्वयन गर्ने | निरन्तर | १ | १ | १ | १ | १ | ५ |
| २१ | नमुना प्रारम्भिक वालविकास सहजकर्तालाई पुरस्कारको व्यवस्था गर्ने | जना | १ | १ | १ | १ | १ | ५ |
| २२ | अन्य तह वा निकायहरुसँगको समन्वयमा कार्यक्रम सञ्चालन | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ |
| २३ | प्रारम्भिक बालविकास कार्यालय सहयोगीको पारिश्रमिक | जना | ३४ | ३४ | ३४ | ३४ | ३४ | ३४ |
| २४ | प्रारम्भिक बालविकास कार्यालय सहयोगीको नपुग पारिश्रमिक व्यवस्थापन | जना | ३४ | ३४ | ३४ | ३४ | ३४ | ३४ |
| २५ | सहजकर्ताहरूको पारिश्रमिक व्यवस्थापन | जना | ४३ | ४३ | ४३ | ४३ | ४३ | ४३ |
| २६ | स्थानीय तहबाट सहजकर्ताहरूको नपुग पारिश्रमिक व्यवस्थापन | जना | ४३ | ४३ | ४३ | ४३ | ४३ | ४३ |
| २७ | वालविकास केन्द्रका लागि प्रति विद्यार्थी अनुदान वितरण | पटक | १ | १ | १ | १ | १ | ५ |

यी क्रियाकलापहरूको नियमित अनुगमन, मूल्याङ्कन र समयमै सम्पादनले प्रारम्भिक बालविकास तथा शिक्षाको गुणस्तर, पहुँच र प्रभावकारितामा उल्लेखनीय सुधार ल्याई सबै बालबालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारी सुनिश्चित गर्न सहयोग पुग्नेछ।

यो लक्ष्य हासिल गर्न लाग्ने बजेटको लागत अनुमान अनुसूचीमा राखिएको छ।

## ३.२ आधारभूत शिक्षा

शिक्षा मानव जीवन, समाज र विकासका लागि अपरिहार्य हुन्छ। राज्य सञ्चालनमा विश्वका प्रायः सबै देशले शिक्षालाई मूल प्राथमिकतामा राख्ने गरेको पाइन्छ। शिक्षा प्राप्त गर्नु नागरिकको नैसर्गिक अधिकार हो। शिक्षालाई शासन, विकास र सेवा प्रवाहको पूर्वाधारको रूपमा लिन सकिन्छ। नागरिकको सर्वाङ्गीण विकासको आधार नै शिक्षा हो। शिक्षा कुनै पनि देशको राष्ट्रिय पुँजी हो, जसले भविष्यमा राष्ट्रिय उत्पादन र उत्पादकत्वलाई सुदृढ गर्दछ। शिक्षाले सक्षम, सबल, सभ्य, समावेशी र समन्यायिक जनशक्ति उत्पादनमा सहयोग पुर्‍याउँछ। शिक्षामा गरेको लगानी राष्ट्रिय पुँजी निर्माण हो। त्यस्तो पुँजीको परिचालनले "समृद्ध नेपाल, सुखी नेपाली" को दीर्घकालीन सोचलाई व्यवहारिक जीवनमा सावित गर्न सक्छ। शिक्षाका उल्लिखित मार्गदर्शन पूरा गर्ने आधार भनेको आधारभूत शिक्षाको कुशल, सफल, मितव्ययी, समावेशी र समन्यायिक व्यवस्थापन हो। शिक्षाको आधार नै आधारभूत शिक्षा हो। आधारभूत शिक्षाको समुचित व्यवस्थापनका लागि राज्य संयन्त्रबाट तयार गरिएका संवैधानिक व्यवस्था, मार्गदर्शन, नीतिगत तथा कानुनी व्यवस्था, शिक्षासम्बन्धी योजना, कार्यक्रम र आयोजनाहरूको तर्जुमा तथा कार्यान्वयन गरिएको छ।

आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन र सामाजिक समायोजनमा सहयोग गर्दछ। यसले व्यक्तिलाई जीवनपर्यन्त सिकाइको मार्गप्रशस्त गरी मुलुकको सामाजिक तथा आर्थिक रूपान्तरणमा सहभागी हुने अवसर प्रदान गर्दछ। नेपालको संविधानले आधारभूत शिक्षालाई व्यक्तिको मौलिक अधिकारका रूपमा लिएको हुनाले आधारभूत शिक्षामा समतामूलक पहुँच पुर्‍याई गुणस्तर सुनिश्चित गर्नु राज्यको दायित्व हो। नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच हुने र यो तहको शिक्षा अनिवार्य तथा निःशुल्क पाउने हक हुनेछ भनेको छ। यसैगरी, अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन २०७५ ले आधारभूत तहसम्म शिक्षा प्रदान गर्ने दायित्व र तत्सम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुने र आधारभूत शिक्षा उमेर समूहका बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ भन्ने उल्लेख गरेको छ। प्रचलित अध्ययनहरूले परिभाषित गरेअनुसार नेपालमा आधारभूत शिक्षा भन्नाले प्रारम्भिक बालविकास शिक्षादेखि कक्षा ८ सम्म दिइने शिक्षा हो। नागरिकको शिक्षा सुनिश्चित गर्न नेपालको संविधान २०७२ को धारा ३१ मा आधारभूत शिक्षा निःशुल्क तथा अनिवार्य प्रदान गर्ने मौलिक हक कार्यान्वयन गर्न तपसिलबमोजिमका नीतिगत तथा कानुनी व्यवस्था गरिएको छ। नेपालको संविधान २०७२ को अनुसूची ८ को खण्ड ८ मा आधारभूत शिक्षा तथा माध्यमिक शिक्षासम्बन्धी व्यवस्था स्थानीय तहको अधिकार क्षेत्रभित्र राखिएको छ। संविधानको अनुसूची ९ को साझा अधिकारको दोस्रो बुँदामा शिक्षासम्बन्धी अधिकारको व्यवस्था गरिएको छ।

शिक्षा ऐन २०२८ (संशोधनसहित), शिक्षा नियमावली (संशोधनसहित) २०५९, शिक्षक सेवा आयोगको नियमावली (संशोधनसहित) २०५७ को व्यवस्था गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७५ को परिच्छेद ३ को दफा ११ मा शिक्षासम्बन्धी अधिकारको व्यवस्था गरिएको छ। दिगो विकासको चौथो लक्ष्यको रूपमा गुणस्तरीय शिक्षा रहेको छ। सन् २०३० सम्म सबै बालबालिकाहरूलाई सान्दर्भिक तथा सिकाइका सकारात्मक असरहरू प्राप्त हुन सकून भन्ने उद्देश्यले उनीहरूका निम्ति निःशुल्क, न्यायोचित तथा गुणात्मक आधारभूत शिक्षाको सुनिश्चितता गर्ने लक्ष्य रहेको छ। दिगो विकासका लक्ष्यहरू हासिल गरी वि.सं. २०८७ सम्ममा नेपाललाई मध्यम आयस्तर भएको राष्ट्रमा स्तरोन्नति गर्ने र वि.सं. २१०० सम्ममा समुन्नत राष्ट्रको स्तरमा पुर्‍याउने लक्ष्य निर्धारण गरिएको छ। चालु १५औं पञ्चवर्षीय योजनाले गुणस्तरीय प्रवर्द्धनात्मक शिक्षा तथा प्राविधिक जनशक्ति उत्पादन गर्ने रणनीति निर्धारण गरेको छ।

यस खण्डमा आधारभूत शिक्षा (कक्षा १–८) अन्तर्गत शिक्षामा पहुँच, गुणस्तर, समता र व्यवस्थापकीय प्रबन्धको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरूको पहिचान गरी आगामी १० वर्षका लागि यस तहको शिक्षा विकासका उद्देश्य, रणनीति, नतिजा, प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ ।

### ३.२.१ वर्तमान अवस्था

सूर्यविनायक नगरपालिकाको वडा नं. १ देखि १० सम्म जम्मा २७ ओटा सामुदायिक विद्यालयहरू रहेका छन्। ती विद्यालयहरूमध्ये कक्षा १–३ सञ्चालित १ ओटा, कक्षा १–५ सञ्चालित २७ ओटा, र कक्षा १–८ सञ्चालित २७ ओटा गरी जम्मा २७ ओटा सामुदायिक आधारभूत विद्यालयहरू रहेका छन् ।

सामुदायिक विद्यालयका आधारभूत तहमा दरबन्दीमा (प्राथमिक तह तथा निम्नमाध्यमिक तह) २०७, राहत २३ गरी जम्मा २३० शिक्षकहरू कार्यरत छन्। यस नगरपालिकामा आधारभूत तहमा सालाखाला शिक्षक विद्यार्थी अनुपात १:१६ पर्न गएको छ ।

हाल सूर्यविनायक नगरपालिका अन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयहरूमा आधारभूत शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच पुऱ्याउन विगतमा गरिएका प्रयासहरूको नतिजा स्वरूप कक्षा १ देखि ८ सम्मको विद्यार्थी सङ्ख्या १७,२२५ रहेको छ, जुन खुद भर्नादरको रुपमा हेर्दा ९४.०२ हुन् आउदछ। यसको अर्थ अझै पनि सम्पूर्ण सरोकारवालाहरूलाई विद्यार्थीको सिकाइप्रति जवाफदेही बनाउने प्रणाली विकास गर्दै आधारभूत विद्यालयमा सिकाइका लागि आवश्यक न्यूनतम सिकाइ पूर्वाधार र वातावरण तयार गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ।

*तालिका 7: आधारभूत तह १-८ को विद्यार्थी सङ्ख्या*

| विद्यालयको प्रकार | छात्र | छात्रा | कुल जम्मा |
|---|---|---|---|
| सामुदायिक | १,८८१ | १,८८० | ३,७६१ |
| संस्थागत | ७,५५८ | ५,९०६ | १३,४६४ |
| जम्मा | ९,४३९ | ७,७८६ | १७,२२५ |

स्रोत: शिक्षा शाखा, सूर्यविनायक नगरपालिका (२०८२)

हाल आधारभूत तहको विद्यालय उमेरका करिब ७५ प्रतिशत बालबालिकाहरू संस्थागत विद्यालयमा अध्ययन गरिरहेका छन्। यस्ता विद्यालयमा अभिभावकहरूले शुल्क तिरिरहेका छन्। यस प्रकारका विद्यालयहरू यस योजना अवधिमा निरन्तर रहने अवस्था देखिए तापनि सामुदायिक विद्यालयको सुधारसँगै यस्ता विद्यार्थीहरू सामुदायिक विद्यालयमा आउने सम्भावना केही बढ्न सक्ने देखिन्छ ।

विद्यालयको दैनिक प्रशासनिक कार्यको सञ्चालन, व्यवस्थापन तथा नेतृत्व गर्ने कार्य प्रधानाध्यापकबाट भइरहेको छ। यसैगरी, विद्यालय व्यवस्थापन समिति र शिक्षक–अभिभावक सङ्घको व्यवस्था पनि रहेको छ। सङ्घीय संरचनाको कार्यान्वयनसँगै देशभरका ७५३ वटा स्थानीय तहमा शिक्षा शाखा रहने व्यवस्था गरिएको छ, जसअनुरूप यस नगरपालिकामा पनि सोही शाखामार्फत विभिन्न शैक्षिक क्रियाकलापहरू सञ्चालन हुँदै आइरहेका छन्। प्रधानाध्यापकहरूमा शैक्षिक नेतृत्व र व्यवस्थापनका सीप, विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको उत्प्रेरणा तथा वृत्ति विकास, शिक्षक तालिमको कक्षाकोठामा रूपान्तरण, अनुगमन र सुपरिवेक्षणको क्षमता विकास लगायतका पक्षमा सुधार आवश्यक छ। प्रचलित स्रोत केन्द्र पद्धतिको अन्त्य र शिक्षा तालिम केन्द्रहरूको सङ्कुचनले शिक्षक सहायता प्रणालीको पुनर्संरचना आवश्यक देखिएको छ। विद्यालय तथा बालबालिकाको शिक्षामा अभिभावकको संलग्नता बढाई व्यवस्थापन समिति र शिक्षक–अभिभावक सङ्घका पदाधिकारीहरूको क्षमता विकासमा थप ध्यान दिनुपर्ने देखिन्छ ।

### ३.२.२ उद्देश्यहरू

आधारभूत शिक्षाको प्रभावकारी सञ्चालन र गुणस्तर अभिवृद्धिका लागि निम्न उद्देश्यहरू निर्धारण गरिएका छन्। यी उद्देश्यहरूले सबै बालबालिकाको समतामूलक पहुँच, सिकाइ गुणस्तर, सुरक्षित वातावरण र जीवनोपयोगी शिक्षाको सुनिश्चितता गर्न मार्गदर्शन प्रदान गर्नेछन्:

- आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,
- आधारभूत शिक्षा पूरा गरेका सबै बालबालिकाहरूले न्यूनतम सिकाइ उपलब्धि हासिल गर्न गुणस्तर अभिवृद्धि गर्नु,
- आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु, र
- आधारभूत तहको सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ सञ्चालन गर्नु।

यी उद्देश्यहरूको प्राप्तिले सूर्यविनायक नगरपालिकामा आधारभूत शिक्षाको पहुँच, गुणस्तर, समावेशीता र प्रभावकारितामा उल्लेखनीय सुधार ल्याई सबै बालबालिकाको शैक्षिक विकासको जग बलियो बनाउन सहयोग पुग्नेछ।

### ३.२.३ रणनीतिहरू

माथि उल्लेखित उद्देश्यहरू प्राप्त गर्न निम्न रणनीतिहरू अवलम्बन गरिनेछ। यी रणनीतिहरूले आधारभूत शिक्षाको पहुँच, गुणस्तर, समावेशीता, व्यवस्थापन र दिगोपन सुनिश्चित गर्न सहयोग पुऱ्याउनेछन् :

- विद्यालय नक्साङ्कन गर्ने,
- विद्यालयहरूको पुनर्वितरण तथा समायोजन गर्ने,
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाका लागि कानुन तर्जुमा गर्ने,
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाका लागि आवश्यक स्रोतको व्यवस्था गर्ने,
- विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरी पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउने,
- न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने,
- शिक्षकलाई प्रधानाध्यापक तथा प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही बनाउने,
- विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने,
- विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने,
- सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पूरा गराउने,
- शिक्षण–सिकाइ विधिमा आवश्यक परिमार्जन गर्ने,
- कक्षा ३ सम्म कक्षा शिक्षणलाई प्रोत्साहन तथा कार्यान्वयन गर्ने,
- आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने,
- मूल्याङ्कनलाई शिक्षण–सिकाइकै अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याउने,
- विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराई सिकाइमा सुधार ल्याउने,
- कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गर्ने,
- शिक्षामा काम गर्ने सबै जनशक्तिको क्षमता विकास र उत्प्रेरणा व्यवस्थापन गर्ने,
- विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने,
- विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउने,
- स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्धलाई थप व्यवस्थित गर्ने,

- विद्यालय शिक्षालाई विविधता अनुकूल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेशअनुकूल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधताअनुकूल माध्यम भाषाको उपयोग तथा सामाजिक–सांस्कृतिक विविधताको सम्मान र समावेश हुने गरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने,
- विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने,
- विद्यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गर्ने,
- दैनिक जीवनसँग सम्बन्धित व्यवहारिक सीपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्ने,
- अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन र सुधार गर्ने,
- शिक्षक दरबन्दीको पुनर्वितरण तथा समायोजन गर्ने,
- नतिजाप्रति जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यवस्थापकीय पद्धतिमा सुधार गर्ने,
- विद्यालयको कार्यसम्पादन र विद्यार्थीको सिकाइ उपलब्धिको परीक्षण गरी जवाफदेहिता सुनिश्चित गर्ने, र
- शिक्षक विकास र सहायता प्रणालीलाई व्यवस्थित गर्ने ।

यी रणनीतिहरूको प्रभावकारी कार्यान्वयनमार्फत सूर्यविनायक नगरपालिकामा आधारभूत शिक्षाको समग्र विकास, गुणस्तरीय सेवाको विस्तार र सबै बालबालिकाको समतामूलक सहभागिता सुनिश्चित गर्न सकिनेछ ।

### ३.२.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि:** यस योजनाको कार्यान्वयनबाट आधारभूत शिक्षा क्षेत्रमा निम्न उपलब्धिहरू हासिल हुने अपेक्षा गरिएको छ। यी उपलब्धिहरूले यस क्षेत्रको समग्र सुधार र दिगो विकासको जग बलियो बनाउनेछन् :

- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुने ।

यी उपलब्धिहरूको प्राप्तिले सूर्यविनायक नगरपालिकामा आधारभूत शिक्षाको पहुँच, गुणस्तर र प्रभावकारितामा उल्लेखनीय सुधार ल्याउन सहयोग पुग्नेछ ।

**नतिजा:** आधारभूत शिक्षा कार्यक्रमको सफल कार्यान्वयनपछि निम्न नतिजाहरू प्राप्त हुने अपेक्षा गरिएको छ। यी नतिजाहरूले बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय सिकाइ र समतामूलक पहुँचको सुनिश्चितता गर्नेछन् :

- सबै बालबालिकाको आधारभूत शिक्षाको पहुँचमा वृद्धि भई सहभागितामा अभिवृद्धि हुने,
- सबै विद्यालयले प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC) पूरा गरेको हुने,
- न्यूनतम भौतिक पूर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता भएको हुने,
- आवश्यक सङ्ख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था हुने,
- बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने,
- विद्यालयमा पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन हुने,
- विद्यालयमा पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्ध हुने,
- बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने,
- आधारभूत शिक्षाको भर्ना, सहभागिता तथा सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक समता सूचकमा सुधार हुने,
- विद्यालय शिक्षा प्रणाली प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील हुने,
- सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग हुने,
- जनशक्तिको क्षमता विकास भई गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने।

यी नतिजाहरूको प्राप्तिले आधारभूत शिक्षाको क्षेत्रमा गुणात्मक सुधार ल्याई बालबालिकाको उच्च शिक्षा तथा जीवनपर्यन्त सिकाइको आधार तयार गर्न सहयोग पुग्नेछ।

**प्रमुख क्रियाकलापहरु तथा लक्ष्य:** आधारभूत शिक्षाको पहुँच, गुणस्तर, समावेशीता र दिगोपन सुनिश्चित गर्न निम्न प्रमुख क्रियाकलापहरू सञ्चालन गरिनेछ। तलको तालिकामा आधारभूत तहको प्रमुख क्रियाकलाप तथा लक्ष्य राखिएको छ।

*तालिका 8: आधारभूत तहको प्रमुख क्रियाकलाप तथा लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| १ | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | कक्षागत/विषयगत शिक्षक दरबन्दी मिलानका कार्य* | जना | २३० | २३० | २३० | २३० | २३० | २३० |
| ३ | भर्ना अभियान कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | बालबालिकाहरूका लागि सिकाइ सामग्री व्यवस्था | विद्यालय | २७ | २७ | २७ | २७ | २७ | २७ |
| ५ | विद्यालयको न्यूनतम भौतिक पूर्वाधार विकास | पटक | १ | १ | १ | १ | १ | ५ |
| ६ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ७ | आधारभूत तहका शिक्षक क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ८ | आधारभूत विद्यालयमा सूचना प्रविधिको विस्तार | विद्यालय | १ | १ | १ | १ | १ | ५ |
| ९ | विद्यालय पोषण/स्वास्थ्य कार्यक्रम र दिवा खाजा (१-५) | विद्यालय | २७ | २७ | २७ | २७ | २७ | २७ |
| १० | निःशुल्क पाठ्यपुस्तक व्यवस्था | विद्यालय | २७ | २७ | २७ | २७ | २७ | २७ |
| ११ | अपाङ्गता तथा विशेष अवस्थाका बालबालिकाहरूको लागि प्रोत्साहनमूलक कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| १२ | विद्यालय व्यवस्थापन तथा व्यवस्थित परीक्षा प्रणाली आधारभूत तह सम्मको सम्पूर्ण परीक्षा व्यवस्थापन सहित | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ |
| १३ | शैक्षिक व्यवस्थापन सूचना प्रणाली सुदृढीकरण व्यवस्थापन | विद्यालय | २७ | २७ | २७ | २७ | २७ | २७ |
| १४ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| १५ | विद्यार्थीहरूको लागि अतिरिक्त क्रियाकलाप सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| १६ | उत्कृष्ट शिक्षकलाई पुरस्कारको व्यवस्था गर्ने | जना | ३ | ३ | ३ | ३ | ३ | ३ |
| १७ | राहत शिक्षकहरूको लागि तलब व्यवस्थापन | पटक | २२७ | २२७ | २२७ | २२७ | २२७ | २२७ |
| १८ | शिक्षण सिकाइ अनुदानमा कार्यरत शिक्षकको तलब | पटक | | | | | | |
| १९ | स्थानीय तहबाट नपुग शिक्षक व्यवस्थापन | पटक | २ | २ | २ | २ | २ | १० |
| २० | आधारभूत तहको प्रति विद्यार्थी लागत अनुदान | विद्यालय | १ | १ | १ | १ | १ | ५ |
| २१ | विद्यालय सञ्चालन तथा व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ |
| २२ | दलित/छात्रा/सिमान्तकृत/अपाङ्ग विद्यार्थीको लागि छात्रवृत्ति | विद्यालय | २७ | २७ | २७ | २७ | २७ | २७ |
| २३ | सीपमूलक शिक्षाका लागि व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ |
| २४ | विद्यालय सुधार योजना निर्माण एवम् कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ |

* प्राविधिक बाहेक

यी क्रियाकलापहरूको नियमित अनुगमन, मूल्याङ्कन र समयमै सम्पादनले आधारभूत शिक्षाको गुणस्तर, पहुँच र प्रभावकारितामा उल्लेखनीय सुधार ल्याई सबै बालबालिकाको सर्वाङ्गीण विकास र गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न सहयोग पुग्नेछ।

यो लक्ष्य हासिल गर्न लाग्ने बजेटको लागत अनुमान अनुसूचीमा राखिएको छ।

### ३.३ माध्यमिक शिक्षा

शिक्षा ऐन, २०२८ (संशोधनसहित) अनुसार कक्षा ९ देखि १२ सम्मको शिक्षालाई माध्यमिक शिक्षा भनेर परिभाषित गरिएको छ। नेपालको संविधानले माध्यमिक तहको शिक्षालाई निःशुल्क प्राप्त गर्ने हक सुनिश्चित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै यसबाट सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचारजस्ता गुणहरूसहितको प्रतिस्पर्धी, सीपयुक्त एवम् उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ। विज्ञान, प्रविधि तथा नवप्रवर्तन नीति २०७६ ले विद्यालय तहदेखि नै परम्परागत, मौलिक ज्ञान, प्रविधि तथा सीपका बारेमा अध्ययन–अध्यापन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनशीलता अभिवृद्धि गर्ने रणनीति लिएको छ। नेपालको संविधानले विद्यालय शिक्षालाई सङ्घ, प्रदेश तथा स्थानीय तहको साझा अधिकार सूचीमा राखेको छ। माध्यमिक तहमा साधारण, परम्परागत तथा प्राविधिक धारहरू सञ्चालनमा रहेका छन् भने यस पालिकामा साधारण तथा प्राविधिक धारमा माध्यमिक तह सञ्चालित भइरहेको छ ।

श्रमप्रति सकारात्मक भावना भएका सीपमूलक जनशक्ति उत्पादन गर्ने माध्यमिक तहको शिक्षालाई साधारण, व्यावसायिक र संस्कृत गरी तीन धारमा बाँडिएको छ। अनिवार्य आधारभूत शिक्षा अन्तर्गत सबै बालबालिकाले कक्षा ८ सम्मको गुणस्तरीय शिक्षा प्राप्त गरिसकेपछि विद्यार्थीको रुचि र क्षमताअनुसार माध्यमिक तहमा प्राविधिक वा साधारण धारको शिक्षा छनोट गर्ने अवसर प्रदान गर्नुपर्दछ। यस तहको शिक्षालाई जीवनोपयोगी, उत्पादनमूलक, प्रविधियुक्त र व्यवहारिक बनाउनुपर्दछ। आधारभूत तहमा विद्यार्थीले हासिल गरेको भाषिक र गणितीय सीपको उपयोग गरी आफ्नो रुचि र क्षमताअनुसार साधारण शिक्षाको माध्यमबाट विभिन्न विषयमा उच्च शिक्षा हासिल गर्ने वा विभिन्न किसिमका प्राविधिक र व्यावसायिक सीप हासिल गरी भविष्यमा आयआर्जनको बाटो सुनिश्चित गर्ने भन्ने निर्णय माध्यमिक तहको शिक्षाले गर्नुपर्दछ। विद्यार्थीहरूलाई प्राविधिक वा साधारण धार छनोट गर्न, भावी जीवनका थुप्रै विषयमा निर्णय लिन र उपयुक्त परामर्श पनि विद्यालयले प्रदान गर्नुपर्दछ। यिनै कुरालाई मध्यनजर गरी सूर्यविनायक नगरपालिकाले माध्यमिक तहको शिक्षालाई प्रविधियुक्त, सीपमूलक, निःशुल्क, बालमैत्री र समावेशी बनाउने नीति लिएको छ ।

#### ३.३.१ वर्तमान अवस्था

यस नगरपालिकाभित्र माध्यमिक तह सञ्चालनमा रहेका सम्पूर्ण माध्यमिक विद्यालयहरूको सङ्ख्या ५७ वटा रहेको छ, जसमध्ये ४७ वटा संस्थागत तथा १० वटा सामुदायिक माध्यमिक विद्यालयहरू रहेका छन्। ती मध्ये ९ वटा विद्यालयमा साधारण धारको शिक्षा पढाइ हुँदै आएको छ भने शैक्षिक सत्र २०७६ देखि वडा नं. ९ स्थित श्री सरस्वती माध्यमिक विद्यालयमा प्राविधिक धार अन्तर्गत बालीविज्ञान विषयमा कक्षा १२ सम्मको अध्ययन–अध्यापन हुँदै आएको छ। हाल यस नगरपालिकामा माध्यमिक तह (कक्षा ९–१०) मा छात्राहरूको सङ्ख्या १,४७७, छात्रहरूको सङ्ख्या १,६५६ र जम्मा ३,१३३ जना विद्यार्थीहरू अध्ययनरत रहेका छन्। त्यसैगरी, माध्यमिक तह (कक्षा ११–१२) मा छात्रा ८०४, छात्र ९८२ गरी जम्मा १,७८६ विद्यार्थीहरू अध्ययनरत रहेको देखिन्छ ।

*तालिका 9: माध्यमिक तहको विद्यार्थी सङ्ख्या*

| विद्यालयको प्रकार | कक्षा ९-१० | | | कक्षा ११ र १२ | | |
|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| सामुदायिक | ३९२ | ४७५ | ८६७ | २४१ | २६१ | ५०२ |
| संस्थागत | १२४९ | ९९१ | २२४० | ७४२ | ५४२ | १२८४ |
| जम्मा | १६४१ | १४६६ | ३१०७ | ९८३ | ८०३ | १७८६ |

स्रोत: शिक्षा शाखा, सूर्यविनायक नगरपालिका (२०८२)

सामुदायिक माध्यमिक विद्यालयतर्फ दरबन्दीमा ३०, राहततर्फ ६ गरी जम्मा ३६ जना शिक्षकहरू कार्यरत रहेका छन्। यस नगरपालिकाभित्र सामुदायिक विद्यालयतर्फ कक्षा १ देखि १० सम्म सञ्चालित १० ओटा र कक्षा १ देखि १२ सम्म सञ्चालित ५ ओटा विद्यालय गरी १० ओटा माध्यमिक विद्यालय रहेका छन्। संस्थागततर्फ कक्षा १ देखि १० सम्म सञ्चालित विद्यालयहरू ४७ वटा रहेका छन् ।

### ३.३.२ उद्देश्यहरू

माध्यमिक शिक्षाको प्रभावकारी सञ्चालन, गुणस्तर अभिवृद्धि र प्राविधिक शिक्षाको विस्तारका लागि निम्न उद्देश्यहरू निर्धारण गरिएका छन्। यी उद्देश्यहरूले सबै बालबालिकाको पहुँच, सान्दर्भिकता, गुणस्तर र सुरक्षित सिकाइ वातावरणको सुनिश्चितता गर्न मार्गदर्शन प्रदान गर्नेछन्:

- माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता सुनिश्चित गर्नु,
- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु,
- माध्यमिक तहमा प्राविधिक शिक्षालाई सर्वसुलभ बनाउनु,
- विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु,

यी उद्देश्यहरूको प्राप्तिले सूर्यविनायक नगरपालिकामा माध्यमिक शिक्षाको पहुँच, गुणस्तर, सान्दर्भिकता र प्राविधिक शिक्षाको विस्तारमा उल्लेखनीय सुधार ल्याई विद्यार्थीहरूलाई उच्च शिक्षा तथा रोजगारीका लागि तयार गर्न सहयोग पुग्नेछ ।

### ३.३.३ रणनीतिहरू

माथि उल्लेखित उद्देश्यहरू प्राप्त गर्न निम्न रणनीतिहरू अवलम्बन गरिनेछ। यी रणनीतिहरूले माध्यमिक शिक्षाको पहुँच, गुणस्तर, प्राविधिक शिक्षाको विस्तार, शिक्षक व्यवस्थापन र सिकाइ वातावरणको दिगोपन सुनिश्चित गर्न सहयोग पुऱ्याउनेछन्:

- विद्यालयहरूको नक्साङ्कन गर्ने,
- सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूको पुनर्वितरण, समायोजन तथा स्थापना गर्ने,
- निःशुल्क माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गर्ने,
- माध्यमिक तहमा खुद भर्नादर र टिकाउ दर बढाउने,
- प्राविधिक शिक्षाप्रति विद्यार्थीहरूको आकर्षण बढाउने कार्यक्रमहरू सञ्चालन गर्ने,
- विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने,
- वैकल्पिक माध्यमका कार्यक्रमहरू सञ्चालन गर्ने,
- सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने,
- माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने,
- शिक्षकको पेशागत विकास तथा सहयोगको व्यवस्था गर्ने,
- शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रमहरू सञ्चालन गर्ने,

- शिक्षण–सिकाइ पद्धतिमा सुधार गर्ने,
- हरेक विद्यालयमा सूचना तथा सञ्चारसहितको प्रविधिमैत्री सिकाइ वातावरण सिर्जना गर्ने,
- विद्यालयहरूलाई प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने,
- विज्ञान विषय अध्ययनका लागि विद्यार्थीहरूलाई आकर्षित गर्न पूर्वाधारसहितको व्यवस्था गर्ने,
- सक्षम र उत्प्रेरित प्रधानाध्यापकको व्यवस्था गर्ने,
- आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइप्रति जवाफदेही हुने प्रणाली विकास गर्ने,
- विद्यालय स्तरमा जीवनोपयोगी तथा सीपमूलक शिक्षाको विकास तथा प्रयोग गर्ने,
- प्राविधिक, व्यावसायिक तथा रोजगारमूलक शिक्षाको विकास र विस्तार गर्ने,

यी रणनीतिहरूको प्रभावकारी कार्यान्वयनमार्फत सूर्यविनायक नगरपालिकामा माध्यमिक शिक्षाको समग्र विकास, गुणस्तरीय सेवाको विस्तार, प्राविधिक शिक्षाको प्रवर्द्धन र सबै बालबालिकाको समतामूलक सहभागिता सुनिश्चित गर्न सकिनेछ।

### ३.३.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि:** यस योजनाको कार्यान्वयनबाट माध्यमिक शिक्षा क्षेत्रमा निम्न उपलब्धिहरू हासिल हुने अपेक्षा गरिएको छ। यी उपलब्धिहरूले यस क्षेत्रको समग्र सुधार र दिगो विकासको जग बलियो बनाउनेछन् :

- माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने।

यी उपलब्धिहरूको प्राप्तिले सूर्यविनायक नगरपालिकामा माध्यमिक शिक्षाको पहुँच, गुणस्तर र प्रभावकारितामा उल्लेखनीय सुधार ल्याउन सहयोग पुग्नेछ।

**नतिजा:** माध्यमिक शिक्षा कार्यक्रमको सफल कार्यान्वयनपछि निम्न नतिजाहरू प्राप्त हुने अपेक्षा गरिएको छ। यी नतिजाहरूले विद्यार्थीहरूको सर्वाङ्गीण विकास, गुणस्तरीय सिकाइ, प्राविधिक शिक्षाको विस्तार र समतामूलक पहुँचको सुनिश्चितता गर्नेछन् :

- सबै बालबालिकाहरूलाई निःशुल्क माध्यमिक शिक्षाको पहुँच सुनिश्चित भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुने,
- सबै माध्यमिक विद्यालयहरूले आधारभूत मापदण्ड पूरा गरेको हुने,
- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने,
- माध्यमिक तहमा प्राविधिक शिक्षाको आकर्षणमा बढोत्तरी भई विद्यार्थीको सहभागिता उल्लेख्य मात्रामा सुनिश्चित भएको हुने,
- पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता, उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग र उचित सिकाइ वातावरणको निर्माण भएको हुने,
- माध्यमिक शिक्षा पूरा गर्ने बालबालिकाहरूले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने,
- माध्यमिक शिक्षाको भर्ना, सहभागिता र सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकहरूमा सुधार हुने,
- माध्यमिक विद्यालयहरू प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील हुने,
- सूचना तथा सञ्चार प्रविधिको उपयोग भई विद्यार्थीको सिकाइमा सहयोग पुगेको हुने,
- माध्यमिक तहको शिक्षामा सुशासन कायम हुने,
- माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रवाह हुने,
- प्राविधिक, व्यावसायिक तथा रोजगारमूलक शिक्षाको विकास र विस्तार भई सीपमूलक तथा रोजगारमूलक शिक्षामा पहुँच वृद्धि हुने,

यी नतिजाहरूको प्राप्तिले माध्यमिक शिक्षाको क्षेत्रमा गुणात्मक सुधार ल्याई विद्यार्थीहरूलाई उच्च शिक्षा, व्यावसायिक अवसर र जीवनपर्यन्त सिकाइका लागि तयार गर्न सहयोग पुग्नेछ। तलको तालिकामा माध्यमिक तहको प्रमुख क्रियाकलाप तथा लक्ष्य राखिएको छ।

*तालिका 10: माध्यमिक तहको प्रमुख क्रियाकलाप तथा लक्ष्य*

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | |
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक पर्ने कानुन, कार्यविधि, निर्देशिकाहरू तयारी | पटक | १ | | | | | १ | तीनै तह |
| २ | विद्यालय सेवा क्षेत्रको सिमांकन गरी हरेक माध्यमिक विद्यालयको सेवा क्षेत्र एकीन गर्ने र सिमाङ्कन भित्रका बालबालिकाहरू भर्नाको सुनिश्चितताको लागि विद्यालयमा नक्साङ्कन, पुनर्वितरण तथा समायोजन र स्थापना | पटक | | १ | | | | १ | तीनै तह |
| ३ | माध्यमिक शिक्षामा विज्ञान प्रविधि, इन्जिनियरिङ, कला र गणित शिक्षा (STEAM) जस्ता विषयको सिकाइलाई अन्तर सम्वन्धित गर्ने र विज्ञान, गणित तथा कम्प्युटर विज्ञान विषय अध्ययनका लागि अवसर बढाउने | निरन्तर | १ | १ | १ | १ | १ | ५ | तीनै तह |
| ४ | माध्यमिक शिक्षामा सबैको पहुँच सनिश्चित गर्न आवश्यकतानुसार बसको व्यवस्था तथा खुला तथा दूर शिक्षा लगायतका बैकल्पिक प्रवन्ध गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | तीनै तह |
| ५ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, खानेपानी, खेलमैदान, घेरावार, शौचालय) | पटक | १ | १ | १ | १ | १ | ५ | तीनै तह |
| ६ | प्रविधि तथा व्यवहार कुशल सीपहरूको एकीकरण तथा विद्यार्थी मूल्याङ्कन सम्वन्धी शिक्षक क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | तीनै तह |
| ७ | सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि तथा कृतिम बौद्धिकता लगायतका प्रविधिको प्रयोगमा वृद्धि गर्न आवश्यक संरचना, सामग्री व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | तीनै तह |
| ८ | प्राविधिक व्यावसायिक शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरूको स्थापना तथा विस्तार | वटा | | १ | | १ | | २ | तीनै तह |
| ९ | सीपमूलक, तथा रोजगारमूलक शिक्षाको व्यवस्थापन र विकास गर्नु | पटक | १ | १ | १ | १ | १ | ५ | तीनै तह |
| १० | विभिन्न किसिममा अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | तीनै तह |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ११ | निःशुल्क पाठ्यपुस्तक वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | सङ्घ/स्थानीय |
| १२ | विपन्न लक्षित छात्रवृत्ति वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | तीनै तह |
| १३ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस तथा स्टेशनरी सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह |
| १४ | विद्यालय व्यवस्थापन तथा सञ्चालन अनुदान | पटक | १ | १ | १ | १ | १ | ५ | सङ्घ |
| १५ | विद्यालय सुधार योजना निर्माण एवम् कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | विद्यालय |
| १६ | प्रति विद्यार्थी लागत अनुदान | पटक | १ | १ | १ | १ | १ | ५ | सङ्घ |
| १७ | उत्कृष्ट शिक्षक पुरस्कार व्यवस्था गर्ने | जना | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह |
| १८ | शिक्षक तलव भत्ता | शिक्षक | ४७ | ४७ | ४७ | ४७ | ४७ | ४७ | सङ्घ |
| १९ | शिक्षण सिकाइ अनुदानमा कार्यरत शिक्षक तलव भत्ता | शिक्षक | २ | २ | २ | २ | २ | २ | सङ्घ |
| २० | विद्यालय कर्मचारी पारिश्रमिक व्यवस्थापन | जना | १० | १० | १० | १० | १० | १० | सङ्घ |
| २१ | वि व्य स र पि टी ए पदाधिकारी क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह |
| २२ | प्राविधिक धार विषय सञ्चालित विद्यालयलाई ल्याब लगायत सञ्चालन सहयोग अनुदान | १ | १ | १ | १ | १ | ५ | | सङ्घ/ स्थानीय |

यी क्रियाकलापहरूको नियमित अनुगमन, मूल्याङ्कन र समयमै सम्पादनले माध्यमिक शिक्षाको गुणस्तर, पहुँच, प्राविधिक शिक्षाको विस्तार र प्रभावकारितामा उल्लेखनीय सुधार ल्याई सबै बालबालिकाको सर्वाङ्गीण विकास र गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न सहयोग पुग्नेछ ।

यो लक्ष्य हासिल गर्न लाग्ने बजेटको लागत अनुमान अनुसूचीमा राखिएको छ।

## ३.४ अनौपचारिक तथा आजिवन सिकाइ

शिक्षा सभ्य, सुसंस्कृत मानव जीवन पद्धतिको प्रमुख पूर्वाधार हो। साथसाथै, शिक्षा मानव अधिकारको विषय पनि भएकाले सबैलाई सार्वजनिक शिक्षाको सुनिश्चितता गर्नु राज्यको दायित्व हो। औपचारिक शिक्षाबाट मात्र सबैलाई सहज तथा समयसुहाउँदो सार्वजनिक शिक्षाको सर्वसुलभ पहुँच नभएको अवस्थामा औपचारिक दायरामा नसमेटिएका नागरिकहरूलाई विविध तरिकाले समयसापेक्ष ज्ञान, सीप र व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन जीवनपर्यन्त चलिरहने शिक्षा नै अनौपचारिक शिक्षा हो। औपचारिक पद्धतिभन्दा बाहिर फरक समयमा विभिन्न उमेर समूहमा दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो। निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सिकाइ अवसरका लागि स्तरवृद्धि, शिक्षासँग सीप तथा आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवम् आजीवन शिक्षाले काम गर्दछ। यो एउटा निरन्तर प्रक्रिया जस्तै हो। अनौपचारिक शिक्षा त्यस्तो सांस्कृतिक केन्द्र हो, जहाँ सहभागीहरू आफ्ना जीवनमा आइपर्ने समस्याहरूको बारेमा छलफल र समाधानका उपायहरू खोजी निर्णय कार्यान्वयन गर्दैछन्, आफ्नो जीवनको इतिहास आफैं लेख्छन्। तसर्थ, सिकाइ जीवन पद्धतिसँग जोडिएको हुन्छ। अनौपचारिक एवं आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि आफ्ना लक्ष्यहरू निर्धारण गरी सेवा प्रदान गर्दछ। निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सिकाइ अवसरका लागि स्तरवृद्धि, शिक्षासँग सीप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवं आजीवन शिक्षाले काम गर्दछ ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ। यसरी सरकारले साक्षरता तथा निरन्तर शिक्षाका कार्यक्रमहरूको समन्वयात्मक रूपमा

विकास, योजना तथा सञ्चालनका लागि स्थानीय सरकारसँग सहकार्य गर्ने, अनौपचारिक शिक्षाको दोहोरो प्रवेशको अवसर प्रदान गरी प्राप्त ज्ञानको समकक्षता निर्धारण तथा प्रमाणीकरण गर्ने, तथा निरक्षर र नवसाक्षरहरूलाई जीवनपर्यन्त शिक्षा दिन सामुदायिक सिकाइ केन्द्रमार्फत साक्षरता स्वयंसेवक परिचालन गर्ने नीति लिएको छ। निरक्षर जनताहरूलाई साक्षर बनाउने र नवसाक्षरहरूलाई निरन्तर शिक्षा दिने दायित्व राज्यको हो। अर्कोतिर, उनीहरूका लागि आयमूलक र कार्यमूलक कार्यक्रम दिनु पनि राज्यको दायित्वभित्रै पर्दछ ।

संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिका सिद्धान्त र दिगो विकासको लक्ष्यमा समेत नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँग अनौपचारिक शिक्षा प्रणालीले समेत योगदान गर्दछ। विभिन्न सिकाइ अवस्थाको आधारमा थप सिकाइ अवसरको निर्माण गरी आजीवन सिकाइ संस्कृतिको विकास गर्न आवश्यक छ। यसका लागि अनौपचारिक तथा आजीवन सिकाइको पहुँचको विस्तार, गुणस्तर वृद्धि र संस्थागत क्षमताको विकास गर्नुपर्दछ। शिक्षा क्षेत्र योजना २०७९–२०८३ ले अनौपचारिक शिक्षा र आजीवन सिकाइका लागि १० वर्षभित्र निरन्तर सिकाइमा संलग्न समाज तथा सिकाइ संस्कृतिको प्रवर्द्धन गर्ने तर्फ लैजान्छ। स्थानीय तहको अनौपचारिक शिक्षा र आजीवन सिकाइको वर्तमान अवस्थाको विश्लेषणका आधारमा समस्या एवं चुनौतीहरूको पहिचान गर्दै तिनको सामना गर्न यसका उद्देश्य, नीतिहरू, कार्यक्रम कार्यान्वयनबाट प्राप्त हुने प्रमुख नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू यस खण्डमा समावेश गरिएका छन् ।

### ३.४.१ वर्तमान अवस्था

सूर्यविनायक नगरपालिकाले जारी गरेको शिक्षा ऐन २०७५ को दफा ४ मा विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनसम्बन्धी व्यवस्था भनी उल्लेख गरिएको छ। जसअन्तर्गत उपदफा (१) मा नगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ भनी उल्लेख गरिएको छ भने सोही दफाको उपदफा (२) मा विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षाको सञ्चालन तोकिएबमोजिम हुनेछ भनी उल्लेख गरिएको छ। यसरी सूर्यविनायक नगरपालिकाको शिक्षा ऐनमा नै निरन्तर, खुला तथा अनौपचारिक शिक्षाका सम्बन्धमा स्पष्ट रूपमा उल्लेख गरिएबाट यसतर्फ नगरपालिकाको ध्यान पुगेको ठहरिन्छ। यसैगरी, सूर्यविनायक नगरपालिकाको नगर शिक्षा नियमावलीको परिच्छेद ४ को नियम २५ मा नगर शिक्षा समितिसम्बन्धी व्यवस्था गरिएको छ भने नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकारअन्तर्गत नियम २५(ग) मा नेपाल सरकारको स्वीकृत नीति र निर्देशनअनुरूप विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा कार्यक्रम सञ्चालनसम्बन्धी आवश्यक व्यवस्था गर्ने भनी उल्लेख भएको छ ।

यस नगरपालिकामा ८ वटा सिकाइ केन्द्रहरू कायम भए तापनि हाल ६ वटा सिकाइ केन्द्रहरू मात्र सञ्चालनमा रहेका छन्। राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक बनाई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाको माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्न, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिकहरू तयार पार्ने निर्धारण गरेको छ। यो कार्यक्रम तीन तहका सरकारको साझा अधिकार सूचीमा रहेकोले प्रदेश तहमा शिक्षा विकास निर्देशनालयले अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको कार्यान्वयनमा समन्वय र सहजीकरण गर्दैछ भने स्थानीय तहहरूमा शिक्षा, युवा तथा खेलकुद महाशाखा/शाखाहरूले अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको योजना निर्माण तथा कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने जिम्मेवारी रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ। देश सङ्घीय संरचनामा रूपान्तरण भएपश्चात अनौपचारिक तथा जीवनपर्यन्त सिकाइको व्यवस्थापनको

जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भए तापनि यसको मर्मअनुसार कार्यसम्पादन हुन सकेको देखिँदैन। पालिकाबाट आवधिक रूपमा शैक्षिक वस्तुस्थितिको सर्वेक्षण गर्न नसकिएकाले नगरपालिकाको साक्षरतासम्बन्धी तथ्याङ्क अद्यावधिक हुन नसकिरहेको अवस्था छ।

### ३.४.२ उद्देश्य

अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको प्रभावकारी सञ्चालन, विस्तार र गुणस्तर अभिवृद्धिका लागि निम्न उद्देश्यहरू निर्धारण गरिएका छन्। यी उद्देश्यहरूले सबै नागरिकको साक्षरता, डिजिटल साक्षरता, सीप विकास र आयआर्जनमा सहयोग पुर्याई समाजका पछाडि परेका वर्गलाई मूलधारमा ल्याउन मार्गदर्शन प्रदान गर्नेछन्:

- अनौपचारिक तथा निरन्तर एवं जीवन प्रयन्त शिक्षाको विकास तथा विस्तार गरी साक्षरता डिजिटल साक्षरता र आयआर्जनमा सहयोग गर्नु,
- सामुदायिक सिकाइ केन्द्रको सबलीकरण गरी अनौपचारिक शिक्षा र निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गर्नु,
- आयआर्जनका कार्यक्रम सञ्चालन गर्दै विशेषतः समाजमा पछाडि परेका वर्गलाई मूलधारमा ल्याउनु।

यी उद्देश्यहरूको प्राप्तिले सूर्यविनायक नगरपालिकामा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको पहुँच, गुणस्तर र प्रभावकारितामा उल्लेखनीय सुधार ल्याई सबै नागरिकको सर्वाङ्गीण विकास र आत्मनिर्भरतामा सहयोग पुग्नेछ।

### ३.४.३ रणनीतिहरू

माथि उल्लेखित उद्देश्यहरू प्राप्त गर्न निम्न रणनीतिहरू अवलम्बन गरिनेछ। यी रणनीतिहरूले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको पहुँच, गुणस्तर, समावेशीता र दिगोपन सुनिश्चित गर्न सहयोग पुऱ्याउनेछन्:

- नगरपालिकाभित्र पर्ने घरधुरी सर्वेक्षण गरी साक्षर निरक्षरको अवस्था पहिचान र अभिलेखीकरण गर्ने,
- सामुदायिक सिकाइ केन्द्रलाई सदृढिकरण गरी अनौपचारिक शिक्षाको कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गर्ने,
- साक्षरता तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्न विभिन्न सङ्घीय सरकार, प्रदेश सरकार र अन्य सङ्घ संस्थासँग सहकार्य र साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने,
- नवसाक्षर प्रौढ महिला तथा पुरूषहरूलाई आय आर्जनका कार्यक्रमसँग जोडी आत्मनिर्भर र व्यावसायिक बनाउन सहयोग गर्ने,
- सामुदायिक सिकाइ केन्द्रहरू मार्फत सांस्कृतिक सम्पदाको संरक्षण र सम्बर्धनमा जोड गर्ने,
- सामुदायिक सिकाइ केन्द्रहरूको समायोजन तथा पुनर्वितरण गर्ने,
- सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय गैर सरकारी सङ्घ संस्थाहरू, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गर्ने,
- सिकारूका आवश्यकताअनुसार तहगत पाठ्यक्रम, सिकाइ मोड्युलहरू र भाषिक विविधता अनुरूपका सामग्रीको प्रयोग गर्ने,
- सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको सुदृढीकरण गर्ने,
- सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफ.एम. सञ्चालन र सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइको थलोका रूपमा विकास गर्ने,
- सामुदायिक सिकाइ केन्द्र मार्फत विभिन्न आयआर्जन तथा सीपमूलक कार्यक्रमहरू सञ्चालन गर्ने।

यी रणनीतिहरूको प्रभावकारी कार्यान्वयनमार्फत सूर्यविनायक नगरपालिकामा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको समग्र विकास, सेवाको विस्तार र सबै नागरिकको साक्षरता, सीप विकास तथा आत्मनिर्भरता सुनिश्चित गर्न सकिनेछ।

### ३.४.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि:** यस योजनाको कार्यान्वयनबाट अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ क्षेत्रमा निम्न उपलब्धिहरू हासिल हुने अपेक्षा गरिएको छ। यी उपलब्धिहरूले यस क्षेत्रको समग्र सुधार र दिगो विकासको जग बलियो बनाउनेछन् :

- सबै नागरिकहरूलाई साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यान्त सिकाइको अवसर प्राप्त हुनेछ।

यी उपलब्धिहरूको प्राप्तिले सूर्यविनायक नगरपालिकामा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको पहुँच, गुणस्तर र प्रभावकारितामा उल्लेखनीय सुधार ल्याउन सहयोग पुग्नेछ।

**नतिजा:** अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रमको सफल कार्यान्वयनपछि निम्न नतिजाहरू प्राप्त हुने अपेक्षा गरिएको छ। यी नतिजाहरूले नागरिकहरूको साक्षरता, सीप विकास, आयआर्जन र जीवनपर्यन्त सिकाइको सुनिश्चितता गर्नेछन्:

- सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसरहरू प्राप्त हुने,
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई सञ्चालन हुने
- सिकारूको आवश्यकताअनुसार जीवनपर्यन्त सिकाइका सामग्रीहरू कार्यान्वयन हुने,
- सामुदायिक सिकाइ केन्द्र आजीवन सिकाइको केन्द्रका रूपमा विकास हुने,
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइबाट आर्जित ज्ञान तथा सीपको पहिचान एवम् प्रमाणीकरण गरी समकक्षता प्रदान हुने,
- अनौपचारिक तथा आजीवन सिकाइसम्वन्धी तथ्याङ्क अद्यावधिक हुने।

यी नतिजाहरूको प्राप्तिले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको क्षेत्रमा गुणात्मक सुधार ल्याई समाजका सबै वर्गका नागरिकहरूलाई साक्षर, सीपयुक्त र आत्मनिर्भर बनाउन सहयोग पुग्नेछ।

**प्रमुख क्रियाकलाप तथा लक्ष्य:** अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको पहुँच, गुणस्तर, समावेशीता र दिगोपन सुनिश्चित गर्न निम्न प्रमुख क्रियाकलापहरू सञ्चालन गरिनेछ। तलको तालिकामा अनौपचारिक तथा आजीवन सिकाईको प्रमुख क्रियाकलाप तथा लक्ष्य राखिएको छ।

*तालिका 11: अनौपचारिक तथा आजीवन सिकाईको प्रमुख क्रियाकलाप तथा लक्ष्य*

| क्र.स. | क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | |
| १ | सामुदायिक सिकाइ केन्द्रको अनुदान | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | नयाँ सामुदायिक सिकाइ केन्द्रको स्थापना (हरेक वडामा १ वटा) | सङ्ख्या | १ | १ | १ | १ | - | ४ |
| ३ | महिला तथा प्रौढहरूलाइ साक्षरता , निरन्तर शिक्षा र आजीवन सिकाइ कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | प्रौढहरूलाइ सीप विकास तालिम र आय आर्जनका कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | परिचालकहरूको क्षमता विकास कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ६ | वैकल्पिक शैक्षिक कार्यक्रम सञ्चालन | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ |
| ७ | घरधुरी सर्वेक्षण गरी विद्यालय वाहिर रहेका बालबालिकाहरूको तथा निरक्षर व्यक्तिहरूको तथ्याङ्क सङ्कलन तथा नाम नामेशी विवरण सहितको प्रोफाइल विकास | पटक | १ | - | - | - | - | १ |

यो लक्ष्य हासिल गर्न लाग्ने बजेटको लागत अनुमान अनुसूचीमा राखिएको छ।

# परिच्छेद ४: अन्तरसम्वन्धित विषय क्षेत्रहरू

## ४.१ पाठ्यक्रम र मूल्याङ्कन

शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्त्वपूर्ण आधार पाठ्यक्रम हो। पाठ्यक्रम कुनै कक्षा वा तहमा के–के सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित हुँदैन, अपितु देश, काल र परिस्थितिअनुसार विद्यार्थीमा के–कस्ता क्षमताहरू विकास गराउने भन्नेसँग पनि सम्बन्धित छ। के पढाउने, के–कस्ता क्रियाकलापका माध्यमबाट अपेक्षित सक्षमता हासिल गराउने, र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरी आवश्यक प्रतिपुष्टि प्रदान गर्न के–कसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्त्वपूर्ण आधार पनि हो। पाठ्यक्रमको प्रमुख उद्देश्य मानवीय चेतना र बौद्धिक विकासका लागि लिइएका लक्ष्यहरू पूरा गराउनु हो। बालबालिकाको सर्वाङ्गीण विकास गर्नु, सभ्यता वा संस्कृतिको हस्तान्तरण एवं विकास गर्नु, र शैक्षिक प्रक्रियाको स्वरूप निर्धारण गर्नु जस्ता कुराहरू पाठ्यक्रमको उद्देश्यभित्र पर्दछन्।

मानवीय आवश्यकता, बालबालिकाका रुचि, सामाजिक मूल्य–मान्यता, समाज तथा विश्व परिवेशमा विकास भएका ज्ञान, सीप तथा प्रविधिअनुकूल पाठ्यक्रमलाई एउटा गतिशील र लचिलो प्रक्रियाका रूपमा लिनु आवश्यक छ। पाठ्यक्रम कार्यान्वयनका लागि पहिलो शैक्षिक सामग्रीको रूपमा पाठ्यपुस्तकलाई लिन सकिन्छ। सूचना तथा सञ्चार प्रविधिको उचित विकास नभइसकेको हाम्रो परिवेशमा विद्यार्थीको एकमात्र विकल्पको रूपमा पाठ्यपुस्तकलाई लिन सकिन्छ, जसले पाठ्यक्रम कार्यान्वयनमा सहयोग गर्दछ। हाल नेपालमा सामुदायिक विद्यालयमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूलाई निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने गरिएको छ।

### ४.१.१ वर्तमान अवस्था

नेपालमा वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनामा सर्वप्रथम विद्यालय तहमा आवश्यक जगहरूसहित पाठ्यक्रमलाई दस्तावेजीकरण गरिएको थियो भने पाठ्यक्रम विकासका लागि संस्थागत प्रबन्धका रूपमा शिक्षा मन्त्रालय अन्तर्गत पाठ्यक्रम विकास केन्द्र स्थापना भएको थियो। पाठ्यक्रम विकास केन्द्रको संरचनाको निरन्तरतासँगै विद्यालय तहको पाठ्यक्रम विकास, सुधार तथा अद्यावधिक गर्ने कार्य केन्द्रद्वारा भइरहेको सन्दर्भमा विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजका रूपमा वि.सं. २०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी सोहीअनुसार पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने परिपाटी सुरु गरियो। यसै क्रममा वि.सं. २०७६ मा नयाँ पाठ्यक्रम प्रारूप तयार भई सो विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ कार्यान्वयन गर्ने क्रममा विद्यालय तहमा नयाँ पाठ्यक्रम विकास गरी वि.सं. २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वयन सुरु गरिएको थियो र वि.सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरू (कक्षा १ देखि १२ सम्म) मा यो पाठ्यक्रम कार्यान्वयन गरिएको छ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले आधारभूत तह (कक्षा १ देखि ८ सम्म) मा स्थानीय पाठ्यक्रमको व्यवस्था गरेको छ। सोही व्यवस्थालाई कार्यान्वयन गर्ने सन्दर्भमा वि.सं. २०७९ मा यस नगरपालिकामा "हाम्रो सूर्यविनायक" नामक स्थानीय पाठ्यक्रमको विकास गरिएको थियो। त्यसपश्चात, वि.सं. २०८२ देखि स्थानीय पाठ्यपुस्तकसमेत तयार भई नगरक्षेत्रभित्रका सम्पूर्ण विद्यालयहरूमा कक्षा १–८ सम्म पठनपाठनको सुरुवात गरिएको छ। तयार भएका पाठ्यक्रम तथा पाठ्यपुस्तकहरूलाई समयानुकूल अद्यावधिक तथा परिमार्जन गर्दै लगिनेछ।

### ४.१.२ उद्देश्य

पाठ्यक्रम तथा मूल्याङ्कनको प्रभावकारी सञ्चालन र गुणस्तर अभिवृद्धिका लागि निम्न उद्देश्यहरू निर्धारण गरिएका छन्। यी उद्देश्यहरूले विद्यालय तहको पाठ्यक्रम तथा पाठ्यपुस्तकको प्रभावकारी कार्यान्वयन, स्थानीय पाठ्यक्रमको विकास र विद्यार्थीको सिकाइको प्रभावकारी मूल्याङ्कन सुनिश्चित गर्न मार्गदर्शन प्रदान गर्नेछन्:

- विद्यालय तहको पठ्यक्रम तथा पाठ्यपुस्तकको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
- स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्नु,
- पाठ्यक्रमले तोके बमोजिम विद्यार्थीको सिकाइको मूल्याङ्कन गर्नु ।

यी उद्देश्यहरूको प्राप्तिले सूर्यविनायक नगरपालिकामा पाठ्यक्रम तथा मूल्याङ्कनको क्षेत्रमा गुणात्मक सुधार ल्याई विद्यार्थीहरूको सिकाइ उपलब्धि र जीवनोपयोगी सीपको विकासमा सहयोग पुग्नेछ ।

### ४.१.३ रणनीतिहरू

माथि उल्लेखित उद्देश्यहरू प्राप्त गर्न निम्न रणनीतिहरू अवलम्बन गरिनेछ। यी रणनीतिहरूले पाठ्यक्रम कार्यान्वयन, शिक्षक क्षमता विकास, शिक्षण–सिकाइ विधिमा सुधार र सिकाइ मूल्याङ्कनको प्रभावकारिता सुनिश्चित गर्न सहयोग पुऱ्याउनेछन् :

- राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गर्ने,
- विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्वन्धित शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधीकरण गर्ने,
- पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गर्ने,
- विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,
- शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गर्ने,
- शिक्षकको पेसागत सक्षमता विकास गर्ने,
- सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गर्ने,
- विद्यालयमा आधारित सहयोग पद्धति विकास गर्ने,
- सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने,
- शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाउने,
- स्थानीय तथा मातृभाषाको पाठ्यक्रम र पाठ्य सामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने,
- विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सिर्जना गर्ने,
- स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास कार्यान्यिन एवमं समयानुकुल परिमार्जन गर्ने,
- स्थानीय पाठ्यक्रम कार्यान्वयनको लागि शिक्षकको क्षमता विकास गर्ने ।

यी रणनीतिहरूको प्रभावकारी कार्यान्वयनमार्फत सूर्यविनायक नगरपालिकामा पाठ्यक्रम तथा मूल्याङ्कनको समग्र विकास, शिक्षकको पेशागत सक्षमता र विद्यार्थीहरूको सिकाइ गुणस्तर सुनिश्चित गर्न सकिनेछ ।

### ४.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि:** यस योजनाको कार्यान्वयनबाट पाठ्यक्रम तथा मूल्याङ्कन क्षेत्रमा निम्न उपलब्धिहरू हासिल हुने अपेक्षा गरिएको छ। यी उपलब्धिहरूले यस क्षेत्रको समग्र सुधार र दिगो विकासको जग बलियो बनाउनेछन् :

- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार हुने।

यी उपलब्धिहरूको प्राप्तिले सूर्यविनायक नगरपालिकामा पाठ्यक्रम तथा मूल्याङ्कनको पहुँच, गुणस्तर र प्रभावकारितामा उल्लेखनीय सुधार ल्याउन सहयोग पुग्नेछ।

**नतिजा:** पाठ्यक्रम तथा मूल्याङ्कन कार्यक्रमको सफल कार्यान्वयनपछि निम्न नतिजाहरू प्राप्त हुने अपेक्षा गरिएको छ। यी नतिजाहरूले पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन, विद्यार्थीको सिकाइ गुणस्तर, र निरन्तर सिकाइ संस्कृतिको विकास सुनिश्चित गर्नेछन्:

- पाठ्यक्रमको कार्यान्वयन प्रभावकारी रूपमा भएको हुने,
- पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण उपलब्ध हुने,
- सिकाइ दैनिक जीवनसँग सम्वन्धित हुने,
- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेश अनुसार सिकारूमा ज्ञान, सीप र व्यवहार विकासमा सहजीकरण भएको हुने,
- सिकारूका सिकाइ समस्याको समाधानउन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन हुने,
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन हुने।

यी नतिजाहरूको प्राप्तिले पाठ्यक्रम तथा मूल्याङ्कनको क्षेत्रमा गुणात्मक सुधार ल्याई विद्यार्थीहरूको सर्वाङ्गीण विकास र जीवनोपयोगी सिकाइको सुनिश्चितता गर्न सहयोग पुग्नेछ।

**प्रमुख क्रियाकलापहरू तथा लक्ष्य:** पाठ्यक्रम तथा मूल्याङ्कनको प्रभावकारी कार्यान्वयन, शिक्षक क्षमता विकास र विद्यार्थीको सिकाइ गुणस्तर सुनिश्चित गर्न निम्न प्रमुख क्रियाकलापहरू सञ्चालन गरिनेछ। तलको तालिकामा पाठ्यक्रम तथा मुल्यांकनको प्रमुख क्रियाकलाप तथा लक्ष्य राखिएको छ।

*तालिका 12: पाठ्यक्रम तथा मुल्यांकनका प्रमुख क्रियाकलाप तथा लक्ष्य*

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | | |
| १ | विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूपको अभिमूखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह,प्रदेश तालिम केन्द्र तथा मानव संसाधन केन्द्र |
| २ | विद्यार्थीको आवधिक मूल्याङ्कन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | स्थानीय तह |
| ३ | सबै बालबालिकालाई पाठ्यपुस्तक तथा अभ्यास/कार्य पुस्तिकाको उपलब्धता | पटक | १ | १ | १ | १ | १ | ५ | सङ्घ, स्थानीय तह |
| ४ | स्थानीय पढाइ सामग्री र अन्य शैक्षणिक सामग्री निर्माण तथा प्रयोग | विद्यालय | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | शिक्षण कार्यमा उपयोगी सामग्री जस्तै : पाठ्यक्रम, शिक्षक निर्देशिका लगायत सन्दर्भ सामग्रीको उपलब्धता | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह, विद्यालय |
| ६ | स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक परिमार्जन तथा कार्यान्वयन | पटक | | १ | | | | १ | स्थानीय तह |
| ७ | पाठ्यक्रम कार्यान्वयनसम्वन्धी शिक्षक क्षमता अभिवृद्धि तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | सङ्घ,प्रदेश ,स्थानीय सरकार तथा विद्यालय |
| ८ | सिकाइ उपलब्धि मापन तथा विश्लेषण प्रणाली सुदृढीकरण। | १ | १ | १ | १ | १ | ५ | | सङ्घ तथा स्थानीय सरकार |
| ९ | निरन्तर विद्यार्थी मूल्याङ्कन (CAS) प्रभावकारी कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | सङ्घ, स्थानीय तह, विद्यालय |
| १० | समावेशी तथा बहुभाषिक मूल्याङ्कन उपकरण विकास र प्रयोग | पटक | १ | १ | १ | १ | १ | ५ | सङ्घ, स्थानीय तह, विद्यालय |
| ११ | प्रविधिमा आधारित (डिजिटल) मूल्याङ्कन प्रणालीको प्रवर्द्धन। | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह, विद्यालय |
| १२ | कक्षा अवलोकन तथा शैक्षिक पृष्ठपोषण प्रणाली सुदृढीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | सङ्घ सरकार, प्रदेश,स्थानीय तह, विद्यालय |
| १३ | पाठ्यपुस्तक तथा सहायक शिक्षण सामग्रीको प्रभावकारी उपयोग सुनिश्चित | विद्यालय | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह, विद्यालय |
| १४ | विषयगत शिक्षक सञ्जाल तथा पेशागत सिकाइ समुदाय गठन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह, विद्यालय |
| १५ | परीक्षा नतिजा विश्लेषण गरी सुधारात्मक कार्ययोजना कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह, विद्यालय |

यी क्रियाकलापहरूको नियमित अनुगमन, मूल्याङ्कन र समयमै सम्पादनले पाठ्यक्रम तथा मूल्याङ्कनको गुणस्तर, प्रभावकारिता र विद्यार्थीहरूको सिकाइ उपलब्धिमा उल्लेखनीय सुधार ल्याई गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न सहयोग पुग्नेछ ।

यो लक्ष्य हासिल गर्न लाग्ने बजेटको लागत अनुमान अनुसूचीमा राखिएको छ।

## ४.२ शिक्षक व्यवस्थापन र विकास

शिक्षाको गुणस्तर सुधारका लागि शिक्षक व्यवस्थापनको महत्त्वपूर्ण भूमिका हुन्छ। गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ। शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षण–सिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको

सिकाइमा सकारात्मक प्रभाव पार्दछ। सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ। यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ ।

प्राथमिक तहमा विद्यार्थी सङ्ख्याको आधारमा र निम्न माध्यमिक तथा माध्यमिक तहमा विषयगत रूपमा विद्यमान मापदण्डअनुसार १:४५ शिक्षक–विद्यार्थी अनुपात कायम गरिएको छ। शिक्षा ऐन तथा नियमावलीले आधारभूत तहमा कम्तीमा ७ दरबन्दी र माध्यमिक तहमा १२ दरबन्दी हुनुपर्ने व्यवस्था गरेको छ ।

नेपालमा विगतदेखि हालसम्म सञ्चालित विभिन्न शिक्षा योजना, परियोजना तथा कार्यक्रमहरूले कक्षाकोठाको शिक्षण–सिकाइमा सुधार ल्याई शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन्। यसको फलस्वरूप विद्यालयको शिक्षण–सिकाइलाई विद्यार्थी केन्द्रित बनाउने, प्रविधिको प्रयोग गरी शिक्षण गर्ने, र बालमैत्री सिकाइ वातावरण सिर्जना गर्ने जस्ता केही प्रयासहरू भएका छन्। विद्यालय क्षेत्र विकास योजना अवधिमा कक्षाकोठाको शैक्षणिक अभ्यास वा क्रियाकलापलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षकको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन भएका छन्। यस अवधिमा शिक्षक पेशागत विकास प्रमाणीकरण तालिम र छोटो अवधिको मागमा आधारित तालिमहरू सञ्चालन गरी शिक्षण–सिकाइ क्रियाकलापमा सुधार ल्याउन प्रयत्न गरियो ।

पेशागत रूपमा सक्षम, दक्ष र अभिप्रेरित शिक्षकबाट नै कक्षाकोठाको शिक्षण–सिकाइमा सुधार आउन सक्छ। यसका लागि शिक्षकहरूलाई पेशागत विकासका अवसरहरू उपलब्ध हुन आवश्यक छ। शिक्षकको पेशागत विकासका लागि विभिन्न तौरतरिकाहरू छन्। शिक्षक तालिम, कार्यशाला, सेमिनार, सम्मेलन, कार्यमूलक अनुसन्धान, शिक्षकहरूको सिकाइ सञ्जाल, अवलोकन भ्रमण, मेन्टरिङ आदि अवसरहरूबाट शिक्षकको पेशागत विकास सम्भव छ ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेसालाई रोजाइको पेसाको रूपमा विकास गर्न शिक्षकहरूलाई सूचना प्रविधि, प्रधानाध्यापक तथा लेखापालहरूलाई विद्यालयमा गरिने लेखा व्यवस्थापन, सार्वजनिक खरिद र जिन्सी व्यवस्थापन, शिक्षकहरूलाई पेशागत विकासका विभिन्न मोडालिटीका तालिम लगायतका कार्यक्रमहरूको आवश्यकता आकलन गरिएको छ। कक्षाकोठाको शिक्षण–सिकाइलाई गुणस्तरीय बनाउने, शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने, शिक्षक पेशागत विकासलाई प्रभावकारी बनाउने, र विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने कार्यहरूलाई प्राथमिकता दिइएको छ। यसमा शिक्षक व्यवस्थापनको वर्तमान अवस्थाको विश्लेषणबाट चुनौतीहरूको पहिचान गरी शिक्षक व्यवस्थापन र विकासलाई प्रभावकारी बनाउने सम्बन्धमा यस कार्यक्रमका उद्देश्यहरू पूरा गर्नका लागि अपनाइने रणनीतिहरू, कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्य क्रियाकलाप र लक्ष्यहरू समावेश गरिएका छन् ।

### ४.२.१ वर्तमान अवस्था

सूर्यविनायक नगरपालिकामा रहेका २७ ओटा सामुदायिक विद्यालयहरूमा कुल २७९ जना शिक्षकहरू कार्यरत हुनुहुन्छ। तहगत रूपमा हेर्दा पूर्वप्राथमिक तहमा ४३, प्राथमिक तहमा १७६, निम्न माध्यमिक तहमा ५६, र माध्यमिक तहमा (प्राविधिक धारसमेत) ४७ जना शिक्षक जनशक्ति राज्यबाट सुविधा प्राप्त गर्ने गरी कार्यरत छन्। केही विद्यालयहरूमा विद्यालयको स्रोतबाट तलब खाने गरी केही शिक्षकहरू कार्यरत रहेका छन्। नगरपालिकाभित्र रहेका ६० ओटा संस्थागत विद्यालयमा कार्यरत सम्पूर्ण शिक्षकहरूको विवरण इमिसमा अद्यावधिक भएको पाइँदैन ।

नगरभित्रका विद्यालयहरूमा शिक्षकको अनुपातिक वितरणमा समानता छैन। प्रायः धेरैजसो प्राथमिक तह सञ्चालित विद्यालयहरूमा कक्षाअनुसार शिक्षक पुगेको देखिँदैन। नगरभित्रका आधारभूत तह (कक्षा ६–८) सञ्चालित १९ विद्यालयहरूमध्ये १० ओटा र माध्यमिक तह सञ्चालित १० ओटा विद्यालयहरूमध्ये ७ ओटामा विषयगत शिक्षकहरू अपर्याप्त छन् ।

### ४.२.२ उद्देश्य

शिक्षक व्यवस्थापन र विकासको प्रभावकारी सञ्चालनका लागि निम्न उद्देश्यहरू निर्धारण गरिएका छन्। यी उद्देश्यहरूले विषयगत र कक्षागत रूपमा शिक्षक दरबन्दीको व्यवस्थापन, शिक्षकको पेशागत विकास, र निरन्तर सिकाइका अवसरहरूको सुनिश्चितता गर्न मार्गदर्शन प्रदान गर्नेछन् :

- विषयगत र कक्षागत रूपमा शिक्षक दरबन्दी व्यवस्थापन गर्नु,
- विद्यालय सुपरीवेक्षण, शिक्षक तालिम, शिक्षकको पेशागत विकास, शिक्षक सक्षमतालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
- शिक्षकलाई निरन्तर पेशागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु ।

यी उद्देश्यहरूको प्राप्तिले सूर्यविनायक नगरपालिकामा शिक्षक व्यवस्थापन र विकासको क्षेत्रमा गुणात्मक सुधार ल्याई विद्यार्थीहरूको सिकाइ गुणस्तरमा सकारात्मक प्रभाव पार्न सहयोग पुग्नेछ ।

### ४.२.३ रणनीतिहरू

माथि उल्लेखित उद्देश्यहरू प्राप्त गर्न निम्न रणनीतिहरू अवलम्बन गरिनेछ। यी रणनीतिहरूले शिक्षक दरबन्दीको उचित व्यवस्थापन, पेशागत विकासका अवसरहरूको सिर्जना, र शिक्षकहरूको कार्यसम्पादनमा सुधार सुनिश्चित गर्न सहयोग पुऱ्याउनेछन् :

- शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा व्यवस्थापन गर्ने,
- रिक्त शिक्षक दरबन्दीमा स्थानीय तहद्वारा शिक्षकहरूको व्यवस्थापन गर्ने,
- शिक्षकको निरन्तर पेसागत विकासका लागि सङ्घ तथा प्रदेश सँगको समन्वयमा शिक्षण सीप विकाससम्वन्धी सेवाकालीन तालिम सञ्चालन गर्ने,
- शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने। यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने,
- शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने,
- शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्वन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने,
- रिक्त शिक्षक दरबन्दीमा तत्काल पदपूर्ति हुने व्यवस्थाका लागि स्थानीय स्तरमा कानुनी व्यवस्था गर्ने,
- नव प्रवेशी शिक्षकहरूका लागि अभिमूखीकरण मार्फत जिम्मेवार र उत्तरदायी बनाउन आवश्यक व्यवस्था मिलाइने,
- शिक्षकले कक्षा काठामा विताउने समय सुनिश्चित गर्न प्रधानाध्यापकलाई जिम्मेवारी बनाइने,
- कार्ययोजना, शैक्षिक योग्यता, अनुभव लगायतको आधारमा विद्यालयमा प्रधानाध्यापकको छनौट गरिने ।

यी रणनीतिहरूको प्रभावकारी कार्यान्वयनमार्फत सूर्यविनायक नगरपालिकामा शिक्षक व्यवस्थापन र विकासको समग्र सुधार, शिक्षकहरूको पेशागत सक्षमता र विद्यार्थीहरूको सिकाइ गुणस्तर सुनिश्चित गर्न सकिनेछ ।

### ४.२.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि:** यस योजनाको कार्यान्वयनबाट शिक्षक व्यवस्थापन र विकास क्षेत्रमा निम्न उपलब्धिहरू हासिल हुने अपेक्षा गरिएको छ। यी उपलब्धिहरूले यस क्षेत्रको समग्र सुधार र दिगो विकासको जग बलियो बनाउनेछन् :

- सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुने ।

यी उपलब्धिहरूको प्राप्तिले सूर्यविनायक नगरपालिकामा शिक्षक व्यवस्थापन र विकासको पहुँच, गुणस्तर र प्रभावकारितामा उल्लेखनीय सुधार ल्याउन सहयोग पुग्नेछ।

**नतिजा:** शिक्षक व्यवस्थापन र विकास कार्यक्रमको सफल कार्यान्वयनपछि निम्न नतिजाहरू प्राप्त हुने अपेक्षा गरिएको छ। यी नतिजाहरूले शिक्षकहरूको पेशागत सक्षमता, निरन्तर सिकाइ र विद्यार्थीहरूको सिकाइ गुणस्तरको सुनिश्चितता गर्नेछन् :

- राष्ट्रिय शिक्षक सक्षमता कार्यढाँचाको आधारमा शिक्षक तयारी, छनौट र पेसागत विकास हुने,
- शिक्षक तयारीका कोर्सहरूमा पर्याप्त विषयगत तथा शिक्षण सिकाइसम्वन्धी सक्षमता विकास हुने,
- शिक्षण पेसा थप प्रतिस्पर्धी र सम्मानित हुने,
- पेसागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण हुने,
- शिक्षक पेसागत सहयोग प्रणालीमार्फत निरन्तर पेसागत सहयोग प्राप्त हुने,
- शिक्षकको उपस्थिति, शिक्षण विधितथा तौरतरिका र कार्यसम्पादनमा सुधार हुने,
- शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण हुने,
- शिक्षकको आपूर्ति नियमित रूपमा हुने,
- शिक्षकको वृत्ति विकासका लागि पारदर्शी, र बस्तुनिष्ठ आधारसहितको पद्धति स्थापित हुने।

यी नतिजाहरूको प्राप्तिले शिक्षक व्यवस्थापन र विकासको क्षेत्रमा गुणात्मक सुधार ल्याई शिक्षकहरूको पेशागत सक्षमता र विद्यार्थीहरूको सिकाइ गुणस्तरमा सकारात्मक प्रभाव पार्न सहयोग पुग्नेछ।

प्रमुख क्रियाकलापहरू तथा लक्ष्य: शिक्षक व्यवस्थापन र विकासको पहुँच, गुणस्तर र दिगोपन सुनिश्चित गर्न निम्न प्रमुख क्रियाकलापहरू सञ्चालन गरिनेछ। ती क्रियाकलापहरूका लागि निर्धारित भौतिक लक्ष्यहरू तालिकामा प्रस्तुत गरिएको छ।

*तालिका 13: शिक्षक व्यवस्थापन र विकासका प्रमुख क्रियाकलाप तथा लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | | |
| १ | शिक्षाकर्मीहरुबाट असल अभ्यासको अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | सबै शिक्षक तथा कर्मचारीलाई कार्य सम्पादनमा आधारित प्रोत्साहन तथा सुविधा दिने | पटक | १ | १ | १ | १ | १ | ५ | सङ्घ/स्थानीय |
| ३ | दरबन्दीमा कार्यरत स्थायी शिक्षकको अनिवार्य स्वास्थ्य विमा | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह |
| ४ | शिक्षण सिकाइमा पृष्ठपोषणका लागि परिक्षाको नतिजा विश्लेषण | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह |
| ५ | शिक्षक पेसागत सहयोग कार्यविधिका आधारमा सिकाइका लागि शिक्षकको इ संजाल बनाउने | पटक | | १ | | | | १ | स्थानीय तह |
| ६ | शिक्षकलाइ परामर्श कार्य गर्न, अध्ययन अनुसन्धान, अनुगमन, सुपरीवेक्षणको लागि विज्ञ समूह परिचालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ७ | शिक्षक मेन्टरिङ/कोचिङका लागि कार्यक्रम सञ्चालन गरेर शिक्षक पेसागत सहयोग विकास गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | प्रारम्भिक कक्षाका शिक्षकलाइ पेसागत सहयोग गर्न शिक्षण सिकाइ समूह वैठक/घुम्ती वैठक सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ९ | आवश्यकताका आधारमा शिक्षकलाई पेसागत सहयोग तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | तीनै तह |
| १० | शिक्षक दरवन्दी मिलान तथा पुनर्वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | तीनै तह |
| ११ | पालिकाले प्रअ र प्रअले शिक्षकहरूसँग करार सम्झौता मार्फत सिकाइ उपलब्धिमा सुधार | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह |
| १२ | कक्षा १ देखि ३ सम्म क्रमिक सिकाइ रणनीतिमा आधारित शिक्षण सिकाइ कार्य सञ्चालनका लागि तालिमको व्यवस्था गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | तीनै तह |
| १३ | एकीकृत पाठ्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्नका लागि कक्षा १ देखि ३ सम्मका शिक्षकहरूलाई पठन तत्व तथा एकीकृत ढाँचाको तालिमको व्यवस्था गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | तीनै तह |
| १४ | स्थानीय पढाइ सामग्री र अन्य शैक्षणिक सामग्री निर्माणका लागि तालिम/कार्यशालाको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १५ | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, इन्टरनेट प्रयोगका लागि तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १६ | शिक्षक पेसागत सहयोग प्रणाली कार्यान्वयन गर्ने र निरन्तरताका लागि अन्य आवश्यक काम गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १७ | सामुदायिक विद्यालय प्र.अ. भत्ता व्यवस्थापन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १८ | माथिल्लो तहमा अध्यापन गर्ने शिक्षक प्रोत्साहन | जना | १६ | १६ | १६ | १६ | १६ | १६ | |
| १९ | प्रसूती सट्टा शिक्षक तथा शिक्षक बैंक अनुरूप शिक्षक व्यवस्थापन | पटक | ५ | ५ | ५ | ५ | ५ | २५ | |

यी क्रियाकलापहरूको नियमित अनुगमन, मूल्याङ्कन र समयमै सम्पादनले शिक्षक व्यवस्थापन र विकासको गुणस्तर, पहुँच र प्रभावकारितामा उल्लेखनीय सुधार ल्याई गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न सहयोग पुग्नेछ।

यो लक्ष्य हासिल गर्न लाग्ने बजेटको लागत अनुमान अनुसूचीमा राखिएको छ।

### ४.३ समता र समावेशीकरण

पहुँच र सहभागिताका लागि समानता पुग्ने उद्देश्य हासिल गर्न असमानताहरूबीच गरिने समान व्यवहार नै शैक्षिक समता हो। विभेद र वञ्चितीकरणमा परेका वर्ग, समुदाय र क्षेत्रहरूलाई गुणस्तरीय शिक्षामा सहज पहुँचको सुनिश्चितता सम्भव नभई हुँदैन। यो आफ्नो गन्तव्य नभई एउटा माध्यम मात्र हो। यस नगरपालिका एउटा विविधताले भरिपूर्ण नगरपालिका हो। यहाँ ब्राह्मण, क्षेत्री, दलित, जनजाति र अपाङ्गता भएका बालबालिकाहरूको बसोबास छ। विभिन्न शारीरिक क्षमता भएका, कमजोर आर्थिक अवस्था भएका, समाजमा पछाडि परेका र पारिएका दलित, महिला, अपाङ्गता भएका व्यक्तिहरूको मिश्रित बसोबास रहेको समुदाय छ। सम्पत्तिमाथिको अधिकार पुरुषको तुलनामा महिलामा कम छ। सामाजिक, सांस्कृतिक तथा विभिन्न परम्परागत कार्यहरूले गर्दा लैङ्गिक विभेद विद्यमान छ। बालबालिकाहरू, विशेष गरी अपाङ्गता भएका, दलित र विपन्न परिवारमा जन्मिएका, शिक्षामा

पर्याप्त मात्रामा पहुँच नपुगेको समाज रहेको छ। विविधतालाई पहिचान, सम्मान, मनोरञ्जन र व्यक्तिगत भिन्नताको कदर गरी विविधतालाई प्रोत्साहित गर्न आवश्यक छ। बालबालिकामा भएका भिन्नताहरूले सहभागिता, पहुँच तथा नतिजामा फरक नपर्ने अवस्था सिर्जना गरी समताको आवश्यकता छ। यस्तो समताका लागि विशेष तथा थप प्रबन्धको व्यवस्था गर्नुपर्दछ। समाजमा सामाजिक न्याय स्थापित गर्न र शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्न यो महत्त्वपूर्ण र अत्यावश्यक छ।

ठाउँ र क्षेत्रअनुसार विविधताको सम्मान तथा समावेशीता अभिवृद्धि गरी शिक्षामा सबैको सहज पहुँच र अर्थपूर्ण सहभागितामा कार्य गर्दै सिकाइको सुनिश्चितता गर्नका लागि यसका कारण तथा बाधाहरू पहिचान गरी ती बाधाहरू हटाउनुपर्दछ। यस्ता बाधाहरू ठाउँअनुसार फरक–फरक छन्। यस्ता चुनौतीहरू हटाई विविधताअनुकूल हुने गरी शिक्षामा सबैको सहज पहुँच, सहभागिता तथा सिकाइका लागि समता तथा समावेशीता अभिवृद्धि गर्न योजना निर्माण गरी त्यसअनुरूप कार्यक्रमहरू सञ्चालन गर्नु आजको आवश्यकता हो।

### ४.३.१ वर्तमान अवस्था

यस नगरपालिकामा सामुदायिक विद्यालयमा आधारित २७ ओटा बालविकास केन्द्रहरू सञ्चालनमा रहेका छन्। उक्त विद्यालयहरूमा विभिन्न जातजाति, धर्म र आर्थिक अवस्थाका विद्यार्थीहरू अध्ययन गर्दै आएका छन्। कतिपय विद्यालयहरूमा शारीरिक अपाङ्गता भएका बालबालिकाहरू पनि रहेका छन्। यस्तो अवस्थाका विद्यार्थीहरूको शिक्षामा पहुँच वृद्धिका लागि आवासीय तथा गैरआवासीय छात्रवृत्तिहरू प्रदान गर्ने गरिएको छ। तर, कतिपय विद्यालयमा अपाङ्गता भएका बालबालिकाको सङ्ख्या अद्यावधिक नभएकाले कम देखिन गएको छ। ती बालबालिकाहरू विद्यालय शिक्षाको पहुँचबाट टाढा रहेको अवस्था छ। त्यसैगरी, आर्थिक हिसाबले विपन्न बालबालिकाहरू, सडक बालबालिकाहरू, रोगहरूबाट पीडित बालबालिकाहरू, तथा अभिभावक र सहाराविहीन बालबालिकाहरू रहेको समुदाय छ। तिनीहरूको लगत र तथ्याङ्क व्यवस्थित हुन सकिरहेका छैनन्। त्यस्ता प्रकारका बालबालिकाहरू पनि विद्यालय शिक्षाको पहुँचबाहिर रहेको देखिन्छ।

विद्यालयमा भर्ना भएका बालबालिकाहरूलाई आवासीय र गैरआवासीय रूपमा तोकिएको नियमका आधारमा छात्रवृत्ति प्रदान गरिनेछ। खासगरी आधारभूत तह (कक्षा १–८) मा अध्ययन गर्ने सबै छात्राहरू र दलित बालबालिकाहरूलाई कुनै न कुनै रूपमा सहयोग गर्दै आइएको छ। त्यसैगरी, विद्यार्थी मूल्याङ्कनको क्रममा अपाङ्गता भएका बालबालिकाहरूलाई थप समयको व्यवस्था गरिने प्रावधान पनि छ। बहिरा बालबालिकाहरू, सुस्त मनस्थिति भएका बालबालिकाहरू, र दृष्टिबिहीन बालबालिकाहरूका लागि छिमेकी पालिकाहरूमा सञ्चालनमा रहेको स्रोतकक्षाको पठनपाठनलाई शिक्षामा पहुँचको हक सुनिश्चित गर्ने कार्य गरिएको छ। नगरपालिकाले धेरै महत्त्वपूर्ण कार्यहरू गरिरहेको भए तापनि अझै पनि शिक्षामा सबै वर्गको समान पहुँच भने पुग्न सकिरहेको छैन।

### ४.३.२ उद्देश्य

समता र समावेशीकरणको प्रभावकारी सुनिश्चितताका लागि निम्न उद्देश्यहरू निर्धारण गरिएका छन्। यी उद्देश्यहरूले लक्षित समूहका व्यक्तिहरूको शिक्षामा समतामूलक पहुँच, सिकाइ सहभागितामा वृद्धि, र सबै प्रकारका विभेद, दुर्व्यवहार तथा हेपाइलाई न्यूनीकरण गर्न मार्गदर्शन प्रदान गर्नेछन् :

- लक्षित समूहका व्यक्तिहरूको शिक्षामा समतामुलक पहुँच सुनिश्चित गर्नु,
- लक्षित समूहका बालबालिकाहरूको सिकाइ सहभागितामा बृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्नु,
- समुदाय तथा विद्यालयमा हुने सबैप्रकारका विभेद दुर्व्यवहार र हेपाइ आदिलाई न्यूनीकरण गर्नु।

यी उद्देश्यहरूको प्राप्तिले सूर्यविनायक नगरपालिकामा समता र समावेशीकरणको क्षेत्रमा गुणात्मक सुधार ल्याई सबै बालबालिकाहरूको गुणस्तरीय शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गर्न सहयोग पुग्नेछ।

### ४.३.३ रणनीतिहरू

माथि उल्लेखित उद्देश्यहरू प्राप्त गर्न निम्न रणनीतिहरू अवलम्बन गरिनेछ। यी रणनीतिहरूले विभेदको अन्त्य, समावेशी सहभागिता, संरचनागत सुधार, र लक्षित समूहको पहुँच सुनिश्चित गर्न सहयोग पुऱ्याउनेछन् :

- विद्यालयमा हुने सबैप्रकारका विभेदहरूको अन्त्य गर्न सबै शिक्षक विद्यार्थी लगायतका सरोकारवालाहरूलाई अभिमूखीकरण गर्ने,
- विद्यालयमा हुने सबै गतिविधिहरूमा बालबालिकाहरूको समावेशी सहभागिताको सुनिश्चितता गर्ने,
- विद्यालयहरूमा बिशेषत: छात्राहरूलाई हुने विभेद कम गर्न र गुनासो सुन्नका लागि 'जेन्डर फोकल पर्सन' गुनासो सुन्ने अधिकारीको व्यवस्था गर्ने,
- प्रत्येक विद्यालयहरूमा गुनासो पेटिका बनाई राख्न लगाईने,
- सबै तह र प्रकारका विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गमैत्री संरचनाहरूको निर्माण गर्ने,
- घरधुरि सर्वेक्षण गरी बालवालिकाहरूको सबै प्रकारका विवरण सङ्कलन गरी अध्यावधिक गर्ने,
- साधारण विद्यालयमा भर्ना भई अध्ययन गर्न नसक्ने बिशेष पंरकृतिका बालवालिकाहरूका लागि स्रोतकक्षाको व्यवस्था गर्ने,
- समावेशी तथा समतामुलक पहुँच सुनिश्चितताका लागि यथोचित छात्रवृत्तिको रकम उपलब्ध गराइने,
- विद्यार्थीहरूलाई खासगरी किशोरीहरूलाई हुने विभेद र हेपाई आदिलाई न्युन गर्न सचेतनामुलक कार्यक्रमका साथ अनुगमन तथा निरिक्षण, अनुसन्धान गरिनेछ र विभेद गरेको पाइएमा त्यस्ता व्यक्तिलाई कानुनको दायरामा ल्याइने ।

यी रणनीतिहरूको प्रभावकारी कार्यान्वयनमार्फत सूर्यविनायक नगरपालिकामा समता र समावेशीकरणको समग्र सुधार, सबै बालबालिकाहरूको समतामूलक पहुँच र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न सकिनेछ ।

### ४.३.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि:** यस योजनाको कार्यान्वयनबाट समता र समावेशीकरण क्षेत्रमा निम्न उपलब्धिहरू हासिल हुने अपेक्षा गरिएको छ। यी उपलब्धिहरूले यस क्षेत्रको समग्र सुधार र दिगो विकासको जग बलियो बनाउनेछन्:

- समाजमा पछाडि परेका र आर्थिक तथा सामाजिक रूपले कमजोर अपाङ्गता भएका र सहारा विहीन बालबालिकाहरूको विद्यालयमा समतामूलक पहुँच भएको हुने ।

**नतिजा:** अपाङ्गता,गरिव, विपन्न,अभिभावकविहिन, सडकमा हिँड्ने बेसहारा बालबालिकाहरूआदिको अभिलेख अद्यावधिक हुने,

- विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समाबेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने,
- लक्षित समूहले तोकिए बमोजिम छात्रवृत्ति एवम प्रोत्साहन प्राप्त गरेको हुने,
- विद्यालयहरूमा लैङ्गिक जातीय सामाजिक एवम सबै प्रकारका विभेदको अन्त भएको हुने ।

यी उपलब्धिहरूको प्राप्तिले सूर्यविनायक नगरपालिकामा समता र समावेशीकरणको पहुँच, गुणस्तर र प्रभावकारितामा उल्लेखनीय सुधार ल्याउन सहयोग पुग्नेछ।

**प्रमुख क्रियाकलाप र लक्ष्य:** समता र समावेशीकरणको पहुँच, गुणस्तर र दिगोपन सुनिश्चित गर्न निम्न प्रमुख क्रियाकलापहरू सञ्चालन गरिनेछ। ती क्रियाकलापहरूका लागि निर्धारित भौतिक लक्ष्यहरू तालिकामा प्रस्तुत गरिएको छ।

*तालिका 14: समता र समावेशीकरणका प्रमुख क्रियाकलाप तथा लक्ष्य*

| क्र. स. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| १ | शिक्षाको मूल प्रबाह बाहिर रहेका र नरहेका सवै बालबालिकाहरूको तथ्याङ्क सङ्कलन र विश्लेषण | पटक | | १ | | | | १ |
| २ | अपाङ्गमैत्री संरचना निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ३ | सबै प्रकारका विभेदको अन्तकालागि सचेतनामूलक कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | जेन्डर फोकल शिक्षक र गुनासो सुन्ने अधिकारीको ब्यबस्था | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ |
| ५ | बालिका तथा समावेशी शिक्षा सञ्जालको गठन र परिचालन | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ |
| ६ | विद्यार्थीहरूको अपाङ्गताको पहिचान | पटक | १ | १ | १ | १ | १ | ५ |
| ७ | स्रोत कक्षाको व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ८ | अपाङ्गता भएका बालबालिकाका लागि आवश्यक सहायक सामग्री (Assistive Devices) उपलब्ध गराउने | वटा | १ | १ | १ | १ | १ | ५ |
| ९ | अपाङ्गमैत्री भौतिक संरचना (र्याम्प, रेलिङ, अपाङ्गमैत्री शौचालय) निर्माण गर्ने | वटा | १ | १ | १ | १ | १ | ५ |
| १० | किशोरीमैत्री विद्यालय कार्यक्रम सञ्चालन, सेनेटरी प्याडको उपलब्धता गर्ने (महिनावारी व्यवस्थापन, सुरक्षित कक्षाकोठा) | वटा | १ | १ | १ | १ | १ | ५ |
| ११ | लैङ्गिक हिंसा तथा दुर्व्यवहार विरूद्ध सचेतना तथा उजुरी संयन्त्र स्थापना गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| १२ | शिक्षक तथा कर्मचारीलाई GESI सम्वन्धी अभिमूखीकरण तथा तालिम प्रदान गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| १३ | बहुभाषिक तथा मातृभाषामा प्रारम्भिक कक्षा शिक्षण व्यवस्था गर्ने | वटा | १ | १ | १ | १ | १ | ५ |
| १४ | विद्यालयमा Child Protection Mechanism स्थापना र कार्यान्वयन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| १५ | नियमित GESI अडिट तथा सामाजिक परीक्षण (Social Audit) सञ्चालन गर्ने | वटा | १ | १ | १ | १ | १ | ५ |
| १६ | विद्यालय बाहिर रहेका तथा जोखिममा रहेका बालबालिकाको पहिचान र पुनःभर्ना कार्यक्रम सञ्चालन गर्ने | वटा | १ | १ | १ | १ | १ | ५ |
| १७ | सुरक्षित यातायात तथा छात्रावास सुविधा सुनिश्चित गर्ने (विशेष गरी छात्रा र अपाङ्गता भएका विद्यार्थीका लागि) | पटक | १ | १ | १ | १ | १ | ५ |
| १८ | स्थानीय तहमा GESI सम्पर्क व्यक्ति वा डेस्क स्थापना गरी समन्वय प्रणाली विकास गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |

यी क्रियाकलापहरूको नियमित अनुगमन, मूल्याङ्कन र समयमै सम्पादनले समता र समावेशीकरणको गुणस्तर, पहुँच र प्रभावकारितामा उल्लेखनीय सुधार ल्याई सबै बालबालिकाहरूको गुणस्तरीय शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न सहयोग पुग्नेछ ।

यो लक्ष्य हासिल गर्न लाग्ने बजेटको लागत अनुमान अनुसूचीमा राखिएको छ ।

### ४.४ विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाइ कार्यक्रम

बालबालिकाको विकास तथा सिकाइसँग स्वास्थ्य तथा पोषणको अवस्थाको प्रत्यक्ष सम्बन्ध रहेको हुन्छ। स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकाको सिकाइ सहभागिता बढाई उपलब्धि सुधार गर्न प्रोत्साहित गर्दछ। सरसफाइ तथा स्वच्छतासम्बन्धी अभ्यासका अतिरिक्त महिनावारीसम्बन्धी सरसफाइ तथा स्वच्छतासम्बन्धी सहयोग तथा शिक्षा पनि उत्तिकै आवश्यक रहेको छ। विद्यालयमा आधारित स्वास्थ्य तथा पोषणसम्बन्धी यस्ता कार्यक्रमहरूले विद्यार्थीको भर्ना तथा टिकाउ दर बढाउन र कक्षामा अनुपस्थित हुने तथा बीचमा विद्यालय छाड्ने दर घटाउन योगदान गरी सिकाइ उपलब्धि सुधार गर्न सहयोग गर्दछ।

नेपालमा सन् १९७४ देखि छानिएका जिल्लाका छानिएका प्राथमिक विद्यालयहरूमा विश्व खाद्य कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवाखाजा कार्यक्रम सुरु भएको थियो। आर्थिक वर्ष २०७७/७८ देखि सामुदायिक विद्यालयमा पूर्वप्राथमिकदेखि कक्षा ५ सम्मका सबै विद्यार्थीहरूलाई प्रति विद्यार्थी प्रतिदिन रु. १५ बराबरको खाजा खुवाउँदै आइएको थियो भने आ.व. २०८२/८३ बाट प्रति विद्यार्थी प्रतिदिन रु. २० बराबरको खाजा खुवाउन थालिएको छ। सामुदायिक विद्यालयमा दिवाखाजा मापदण्ड तथा व्यवस्थापन कार्यविधि २०७६ बमोजिम दिवाखाजा व्यवस्थापनको कार्य अगाडि बढाइएको अवस्था छ।

#### ४.४.१ बर्तमान अवस्था

नगरपालिकाका सबै विद्यालयहरूमा छात्र र छात्राका लागि छुट्टाछुट्टै शौचालयहरू निर्माण भएका छन्। कक्षा ६ देखि १२ सम्म अध्ययनरत छात्राहरूका लागि महिनावारी स्वच्छता व्यवस्थापनको निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रमलाई प्रभावकारी बनाउन विद्यालय नर्स भएका विद्यालयहरूले विद्यालय नर्स परिचालन गरी तथा नर्स नभएका विद्यालयहरूले फोकल शिक्षक परिचालन गरी व्यवस्थापन गर्दै लगिएको छ। नगरभित्रका १९ वटा विद्यालयमा सेनिटरी प्याड व्यवस्थापनका लागि भेन्डिङ मेसिन, सेनिटरी प्याड प्रयोगपश्चात् व्यवस्थापनका लागि डस्टबिन, तथा नगरभित्रका दुई माध्यमिक विद्यालयमा नगरपालिकाको आन्तरिक स्रोतबाट प्रयोग भइसकेपछिका सेनिटरी प्याडहरूको व्यवस्थापनका लागि डिस्पोजेबल मेसिन वितरण गरिएको छ। सबै विद्यालयहरूका लागि प्राथमिक उपचार सामग्रीको बाकस र बालिकाहरूका लागि आइरन चक्की प्रभावकारी रूपमा वितरण गरिएको छ। हाल नगरपालिका अन्तर्गतका २७ वटा विद्यालयमा दिवाखाजाको व्यवस्था गरिएको छ। जसबाट आर्थिक अवस्था कमजोर भएका घरका विद्यार्थीहरू धेरै लाभान्वित भई नियमित विद्यालय आउने दरमा बढोत्तरी भएको छ।

#### ४.४.२ उद्देश्यहरू

स्वास्थ्य, पोषण तथा दिवाखाजाको प्रभावकारी व्यवस्थापनका लागि निम्न उद्देश्यहरू निर्धारण गरिएका छन्। यी उद्देश्यहरूले बालबालिकाहरूलाई स्वस्थ एवं पोषणयुक्त खानाको सुनिश्चितता, स्वास्थ्य तथा सरसफाइ सेवाको गुणस्तर वृद्धि, र सिकाइ उपलब्धिमा सुधार गर्न मार्गदर्शन प्रदान गर्नेछन् :

- बालबालिकाहरूलाई स्वस्थ एवं पोषणयुक्त पौष्टिक खानाको प्राप्तिको सुनिश्चितता गर्नु,
- विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूको स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु।

यी उद्देश्यहरूको प्राप्तिले सूर्यविनायक नगरपालिकामा विद्यालय स्वास्थ्य, पोषण तथा दिवाखाजाको क्षेत्रमा गुणात्मक सुधार ल्याई बालबालिकाहरूको समग्र विकास र सिकाइ गुणस्तरमा सकारात्मक प्रभाव पार्न सहयोग पुग्नेछ।

#### ४.४.३ रणनीतिहरू

माथि उल्लेखित उद्देश्यहरू प्राप्त गर्न निम्न रणनीतिहरू अवलम्बन गरिनेछ। यी रणनीतिहरूले पोषिलो खाजाको व्यवस्था, सरसफाइ तथा स्वच्छता, स्वास्थ्य जाँच, र किशोरीहरूको महिनावारी स्वच्छता व्यवस्थापन सुनिश्चित गर्न सहयोग पुऱ्याउनेछन् :

- बालबालिकाका लागि विद्यालयमा नै पोषिलो र ताजा खाजा तयार गर्नुका साथै खाजा भान्सा तथा भण्डार, भान्सामा प्रयोग हुने आवश्यक भाँडावर्तन र अन्य सामग्रीहरू, तथा समूहमा हात धुने लगायतका सुविधाहरू विस्तार गर्दै लैजाने,
- विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि छुट्टाछुट्टै शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्रीको व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसरको सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था गर्ने,
- विद्यालयहरूमा प्राथमिक उपचार किटको वितरण, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा सूक्ष्मपोषक तत्व प्रदायक ट्याब्लेटहरू (भिटामिन ए, आइरन, फोलिक एसिड आदि) को वितरण, र किशोरीहरूको महिनावारी स्वच्छताका लागि सेनिटरी प्याडको वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाउने,
- विद्यालयमा स्वास्थ्य, खाद्य सुरक्षा, सफाइ तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषणसम्बन्धी शिक्षा प्रदान गर्न स्वास्थ्य र कृषि क्षेत्रसँग समन्वय र सहयोगमा संयुक्त कार्य योजना निर्माण गरी कार्यान्वयन गर्ने,
- दिवाखाजा लगायत स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कनका साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी प्रभावकारी बनाउने।

यी रणनीतिहरूको प्रभावकारी कार्यान्वयनमार्फत सूर्यविनायक नगरपालिकामा विद्यालय स्वास्थ्य, पोषण तथा दिवाखाजाको समग्र सुधार, बालबालिकाहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा सकारात्मक परिवर्तन र सिकाइ गुणस्तरमा सुधार सुनिश्चित गर्न सकिनेछ।

### ४.४.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि:** यस योजनाको कार्यान्वयनबाट स्वास्थ्य, पोषण तथा दिवाखाजा क्षेत्रमा निम्न उपलब्धिहरू हासिल हुने अपेक्षा गरिएको छ। यी उपलब्धिहरूले यस क्षेत्रको समग्र सुधार र दिगो विकासको जग बलियो बनाउनेछन्:

- विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि, तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुनेछ।

यी उपलब्धिहरूको प्राप्तिले सूर्यविनायक नगरपालिकामा विद्यालय स्वास्थ्य, पोषण तथा दिवाखाजाको पहुँच, गुणस्तर र प्रभावकारितामा उल्लेखनीय सुधार ल्याउन सहयोग पुग्नेछ।

**नतिजाहरू:** स्वास्थ्य, पोषण तथा दिवाखाजा कार्यक्रमको सफल कार्यान्वयनपछि निम्न नतिजाहरू प्राप्त हुने अपेक्षा गरिएको छ। यी नतिजाहरूले बालबालिकाहरूको स्वास्थ्य, पोषण, सरसफाइ र सिकाइ गुणस्तरको सुनिश्चितता गर्नेछन्:

- विद्यालय खाजालाई विद्यार्थीको अधिकारको रूपमा स्थापित गर्न कानुनी प्रबन्ध हुनेछ,
- दिवाखाजा लगायत स्वास्थ्य तथा पोषण तीन तह र अन्य क्षेत्रको समेत लागत साझेदारीमा व्यवस्थापन हुने गरी कानुनी मान्यतासहितको नियामक ढाँचा र कार्यान्वयनका लागि आवश्यक मापदण्ड र कार्यविधि तयार हुनेछ,
- प्रारम्भिक बालविकास तथा शिक्षादेखि आधारभूत तह (कक्षा ५) सम्मका सामुदायिक विद्यालयका सबै बालबालिकाहरूले स्वस्थकर, पौष्टिक र स्थानीय उत्पादनमा आधारित दिवाखाजा स्थानीय तहमार्फत विद्यालयबाट प्राप्त गर्नेछन्,
- विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त खानेपानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि छुट्टाछुट्टै शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्रीको व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसरको सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था हुनेछ,
- विद्यालयहरूमा प्राथमिक उपचार किटको वितरण तथा प्रतिस्थापन, बालबालिकाहरूको स्वास्थ्य जाँच, जुकाको औषधि तथा सूक्ष्मपोषक तत्व प्रदायक किशोरीहरूको मासिक महिनावारीमा सेनिटरी प्याडको वितरण हुनेछ,
- विद्यालयमा विद्यार्थीहरूलाई स्वास्थ्य, खाद्य सुरक्षा, सफाइ तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषणसम्बन्धी आधारभूत शिक्षा प्राप्त हुनेछ।

यी नतिजाहरूको प्राप्तिले विद्यालय स्वास्थ्य, पोषण तथा दिवाखाजाको क्षेत्रमा गुणात्मक सुधार ल्याई बालबालिकाहरूको समग्र विकास र सिकाइ गुणस्तरमा सकारात्मक प्रभाव पार्न सहयोग पुग्नेछ।

**प्रमुख क्रियाकलापहरू तथा लक्ष्य:** स्वास्थ्य, पोषण तथा दिवाखाजाको पहुँच, गुणस्तर र दिगोपन सुनिश्चित गर्न निम्न प्रमुख क्रियाकलापहरू सञ्चालन गरिनेछ। ती क्रियाकलापहरूका लागि निर्धारित भौतिक लक्ष्यहरू तालिकामा प्रस्तुत गरिएको छ।

*तालिका 15: विद्यालय दिवा खाजा र यस्तै प्रकृतिका अन्य कार्यक्रमका प्रमुख क्रियाकलाप तथा लक्ष्य*

| क्र.स. | क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| १ | विद्यालय पोषण र दिवा खाजा सम्वन्धी स्थानीय कार्यविधि निर्माण | पटक | १ | | | | | १ |
| २ | विद्यालय पोषण र दिवा खाजा सम्वन्धी स्थानीय कार्यविधि कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ३ | विद्यालयहरूमा सेनेटरी प्याड लगायत सफाइका सामग्रीहरूको व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | विद्यालयमा सरसफाइको लागि साबुन, पानी लगायतका सामग्रीहरूको व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | खाजाका लागि थप वित्तीय स्रोतको खोजी र व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ६ | दिवा खाजा व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ७ | दिवा खाजाको लागि सामग्री व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ८ | विद्यालयमा प्राथमिक उपचार कक्षको व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ९ | अनुगमन मूल्याङ्कन | पटक | २ | २ | २ | २ | २ | १० |
| १० | शौचालय सरसफाइ सम्वन्धी व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ |

यी क्रियाकलापहरूको नियमित अनुगमन, मूल्याङ्कन र समयमै सम्पादनले विद्यालय स्वास्थ्य, पोषण तथा दिवाखाजाको गुणस्तर, पहुँच र प्रभावकारितामा उल्लेखनीय सुधार ल्याई बालबालिकाहरूको स्वास्थ्य, पोषण र सिकाइ गुणस्तर सुनिश्चित गर्न सहयोग पुग्नेछ।

यो लक्ष्य हासिल गर्न लाग्ने बजेटको लागत अनुमान अनुसूचीमा राखिएको छ।

## ४.५ आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा

विश्वमा बेलाबेलामा आउने विभिन्न रोगजन्य महामारी, प्राकृतिक विपत्ति, द्वन्द्व, युद्धजस्ता सङ्कटको समयमा सबै ठाउँमा विद्यार्थीहरू विद्यालयमा नै जम्मा भएर पठनपाठन गर्न सक्ने अवस्था नरहन पनि सक्छ। यस्तो अवस्थामा समेत बालबालिकाहरू शिक्षाबाट वञ्चित नहुन् भन्ने उद्देश्यका साथ र बालबालिकाहरूको सिक्न पाउने अधिकारलाई सुरक्षित गर्दै सिकाइलाई निरन्तरता दिनको लागि वैकल्पिक उपायसहित तयार पारिएको शैक्षिक कार्यक्रमलाई आपतकालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षा भनिन्छ। यसको मूल उद्देश्य भनेको सङ्कटकालीन तथा विपद्को अवस्थामा पनि बालबालिकाहरूलाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमको तयारी र सञ्चालन गर्नु हो। यस अवधारणाअन्तर्गत सम्भावित जोखिमको पूर्वतयारी, आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन आदि जस्ता कार्यढाँचाहरू समेटिएका हुन्छन्।

नेपालमा पनि प्रकोप व्यवस्थापन तथा सङ्कटकालीन अवस्थामा शिक्षा प्राप्त गर्ने बालबालिकाहरूको अधिकारलाई कुण्ठित हुन नदिने गरी नीतिगत तथा कानुनी व्यवस्थाका अतिरिक्त आवधिक योजना, शिक्षा क्षेत्रको दीर्घकालीन योजना र वार्षिक बजेट तथा कार्यक्रममा समेत समावेश गर्दै आइएको छ। समय–समयमा भएका नेपाल बन्द, हडताल, २०७२ सालको भूकम्प, कोभिड–१९ लगायत स्थानीय क्षेत्रमा घट्ने प्राकृतिक प्रकोपहरूको कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा बाधा नपरोस् भन्ने हेतुले शिक्षा क्षेत्रको योजना (सन् २०२१–२०३०) मा समेत यस कुरालाई समावेश गरिएको छ। यस महत्त्वलाई मध्यनजर गर्दै नगरपालिकाले पनि आपतकालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षा योजना तयार गर्नुपर्दछ भन्ने मान्यताका साथ यस खण्डमा वर्तमान अवस्थालाई समेत विश्लेषण गरी क्रियाकलाप र उपलब्धिहरू समावेश गरिएका छन् ।

### ४.५.१ वर्तमान अवस्था

नेपालको संविधानले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको सुनिश्चितता गरी विभेद, दुराचार जस्ता कुराहरूलाई निषेध गरेको छ। बृहत् विद्यालय न्यूनतम सुरक्षा प्याकेजले सुरक्षित विद्यालय मापदण्डअनुसार शिक्षा क्षेत्रमा विपत्तिको समयमा केन्द्रित रही सिकाइ पूर्वाधार, विपद् जोखिम व्यवस्थापन, विपद् जोखिम न्यूनीकरण र उत्थानशीलताका मापदण्डहरूको उपयोग गरी शिक्षामा कार्यान्वयनको परिकल्पना गरेको छ। यसका अलावा, राष्ट्रिय शिक्षा नीति २०७६ लगायत विभिन्न गुरुयोजना र नीतिहरूले समेत आपत तथा विपद्को समयमा विद्यालय शिक्षालाई कायम राख्नुपर्ने कुरालाई जोड दिएका छन् ।

नेपालमा २०७२ सालमा आएको भूकम्प, हालको कोभिड–१९, तथा स्थानीय स्तरमा हुने बाढी, पहिरो, डुबानजस्ता विपद्हरूले विद्यालयमा धैरै दिनसम्म असर पारेका प्रशस्त उदाहरणहरू रहेका छन्। भक्तपुर जिल्ला पनि यो समस्याबाट अछुतो रहन सकेको छैन। विकट भौगोलिक अवस्था भएका नगरपालिकाका विद्यालयहरू पनि विशेष गरी पहिरो र बाढीको समयमा प्रभावित हुने गरेका छन्। हालको कोभिड–१९ को विषम परिस्थितिले त आपतकालीन शिक्षाको योजना स्थानीय तहबाट नै गरी आवश्यकताको आधारमा लागू गर्ने तयारी रहनुपर्दछ भन्ने पाठ सबैलाई सिकाएको छ। नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मिति २०७७/०२/१८ मा जारी गरेको "वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७" का अनुसार वैकल्पिक प्रणाली भन्नाले कोभिड–१९ वा यस्तै प्रकारको विपद् वा महामारीजस्ता कारणले पठनपाठन गर्न कठिन भएको वा हुने अवस्थामा रेडियो, एफ.एम. रेडियो, टेलिभिजन, अनलाइन, परियोजना पाठहरू, स्वअध्ययन, दूर तथा खुला शिक्षा लगायतका वैकल्पिक माध्यम वा पद्धतिबाट अध्ययन सुचारु राख्ने विधि र प्रक्रियालाई आत्मसात गर्दै यस निर्देशिकाले सूचना प्रविधिलाई पनि विशेष जोड दिएको छ ।

प्राकृतिक प्रकोप, महामारी तथा अन्य कारणले उत्पन्न हुने आपतकालीन सङ्कटको बारेमा केही पूर्वानुमान गर्न सकिए तापनि यसको ठ्याक्कै प्रभाव र असरको बारेमा भविष्यवाणी गर्न भने सकिँदैन। तैपनि, विगतका अभ्यासहरूको आधारमा आपतकालीन अवस्थाको शिक्षा योजना भने अत्यावश्यक पर्दछ। आपतकालीन अवस्थाको शिक्षा योजना बनाउँदा के–कस्ता कुराहरूलाई समावेश गर्ने भन्ने कुरा प्रमुख मुद्दा हो। यसका साथै, स्थानीय तहले आपतकालीन अवस्थाको शिक्षा योजना निर्माण गर्दा केन्द्रीय योजनासँग कसरी तादात्म्यता मिलाउने, योजना अल्पकालीन बनाउने कि दीर्घकालीन बनाउने भन्ने जस्ता चुनौतीहरू भने रहिरहेका छन्। यस्ता चुनौतीहरूलाई विचार गर्दै नगरपालिकाले आपतकालीन शिक्षा योजना बनाउने अवस्थाको आकलन, स्रोत–साधनको व्यवस्थापन र जिम्मेवारीका कुराहरूलाई महत्त्वका साथ सम्बोधन गर्नुपर्दछ ।

### ४.५.२ उद्धेश्यहरू

आपतकालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षाको निरन्तरता सुनिश्चित गर्नका लागि निम्न उद्देश्यहरू निर्धारण गरिएका छन्। यी उद्देश्यहरूले विपद्को सम्भावित जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य योजनाको कार्यान्वयन, र सङ्कटपूर्ण अवस्थामा पनि बालबालिकाको शिक्षाका लागि अनुकूल वातावरण तयार गर्न मार्गदर्शन प्रदान गर्नेछन्:

- सङ्कटको सम्भावित जोखिम कम गर्न विद्यालय तथा समुदायको क्षमता विकास तथा परिचालन गरी पुर्व सावधानी अपनाई सम्भावित शैक्षिक क्षति दीर्घकालीन  गर्नु,
- विपद् प्रतिकार्य योजना बनाई लागू गर्नु, र
- विपद् तथा सङ्कटपूर्ण अवस्थामा पनि बालवालिकाको शिक्षाको लागि वातावरण तयार गर्नु।

यी उद्देश्यहरूको प्राप्तिले सूर्यविनायक नगरपालिकामा आपतकालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षाको निरन्तरता, विद्यालय तथा समुदायको तयारी, र बालबालिकाको सिकाइ अधिकारको सुनिश्चितता गर्न सहयोग पुग्नेछ ।

### ४.५.३ रणनीति

माथि उल्लेखित उद्देश्यहरू प्राप्त गर्न निम्न रणनीतिहरू अवलम्बन गरिनेछ। यी रणनीतिहरूले विपद् पूर्वतयारी, वैकल्पिक सिकाइका उपायहरू, पूर्वाधारको सुरक्षा, र सरोकारवालाहरूको सहभागिता सुनिश्चित गर्न सहयोग पुऱ्याउनेछन्:

- प्रकोप, विपद, महामारीको पूर्व अनुमान अनुसार सङ्घीय सरकारले बनाएको कार्यविधिहरूको लागू गर्ने संयन्त्रको विकास गर्ने,
- स्थानीय सरोकारवाला तथा विज्ञहरूसँग अन्तरक्रिया छलफल गरी स्थानीय स्तरमा तहगत रूपमा बैकल्पिक सिकाइ पाठ योजना तयार पार्ने,
- स्थानीय रेडियो, टेलिभिजन लगायतका संस्थाहरूसँग समन्वय गर्ने,
- विपद प्रतिरोधी पूर्वाधारहरूको निर्माणमा जोड दिने,
- स्थानीय विज्ञहरू समेत समेटी नगरपालिका स्तरीय विपद व्यवस्थापन समिति बनाउने जसमा विद्यालय शिक्षा हेर्ने उपसमिति समेत बनाई कार्य सम्पादन गर्ने,
- विद्यालय स्तरीय प्रतिकार्य योजना तयार गर्ने,
- महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिन वैकल्पिक उपायहरूको तयारी गर्ने,
- विपद् व्यवस्थापनको लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने,
- विद्यालय सुधार योजनामा विपद् व्यवस्थापन योजना समावेश गरी कार्यान्वयन गर्ने,
- हरित विद्यालय, जलवायु परिवर्तन तथा दिगो विकास जस्ता कार्यक्रमहरू कार्यान्वयन गर्ने,
- विद्यालयहरू आपतकालीन अवस्था, सङ्कट र महामारीको समयमा पनि बालबालिकाको शिक्षा पाउने अधिकार सुनिश्चित गर्दै सिकाइ निरन्तर कायम गर्ने,
- Covid-19 जस्ता सङ्कटले विद्यालय शिक्षामा पार्ने छोटो र लामो अवधिका प्रभाव पहिचान गरी तिनको सम्बोधन गर्ने,
- विपद् पूर्व तयारी, प्रतिकार्य र अभ्यास (ड्रिल) कार्यक्रम विद्यालयको वार्षिक कार्ययोजनामा समावेश गर्ने,
- विपत तथा जलवायु परिवर्तन सम्वन्धी ज्ञान र व्यवहारिक तालिम शिक्षक र विद्यार्थीहरूलाई प्रदान गर्ने।

यी रणनीतिहरूको प्रभावकारी कार्यान्वयनमार्फत सूर्यविनायक नगरपालिकामा आपतकालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षाको निरन्तरता, विद्यालय तथा समुदायको तयारी, र बालबालिकाको सिकाइ अधिकारको सुनिश्चितता गर्न सकिनेछ ।

### ४.५.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि:** आपतकालीन तथा सङ्कटका समयमा समेत नगरपालिकाभित्रका विद्यालयहरूमा पठनपाठन गर्न विद्यार्थीहरूले वैकल्पिक माध्यमबाट भए पनि सिकाइलाई निरन्तरता दिनेछन् ।

**नतिजा:** विद्यालय तथा स्थानीय शिक्षा प्रणालीमा आपतकालीन तथा सङ्कटको समयका लागि व्यवहारिक योजनाको निर्माण भई आवश्यकताका आधारमा लागू हुनेछ ।

- प्रकोप, महामारीमा समेत सिकाइ निरन्तर हुनेछ ।

- आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधिहरू प्रयोग गरी बालबालिकाहरूले सिक्न पाउने अधिकारको सुनिश्चितता भएको हुनेछ।

**प्रमुख क्रियाकलाप तथा लक्ष्य:** आपतकालीन तथा सङ्कटकालीन शिक्षाको पहुँच, गुणस्तर र प्रभावकारिता सुनिश्चित गर्न निम्न प्रमुख क्रियाकलापहरू सञ्चालन गरिनेछ। ती क्रियाकलापहरूका लागि निर्धारित भौतिक लक्ष्यहरू तालिकामा प्रस्तुत गरिएको छ।

*तालिका 16: आपतकालिन शिक्षासँग सम्बन्धित प्रमुख क्रियाकलाप तथा लक्ष्य*

| क्र. स. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| १ | वि.व्य.स.पदाधिकारी शिक्षक तथा विद्यार्थीको क्षमता विकास गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | विपद योजना तयार गरी कार्यान्वयन गर्ने | वटा | १ | १ | १ | १ | १ | ५ |
| ३ | प्राथमिक स्वास्थ्य सामग्रीको व्यवस्था गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | वैकल्पिक विधिको प्रयोग गरी शिक्षालाई निरन्तरता दिने क्षमता विकास गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | विद्यालयमा वृक्षारोपण सरसफाइ तथा सुन्दरीकरण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ६ | निरन्तर तथा सुरक्षित सिकाइका लागि शिक्षक विद्यार्थी सम्मीलित समिति गठन गरी परिचालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ७ | शिक्षक तथा विद्यार्थीको लागि Simulation and Drill को अभ्यास गराउने | पटक | १ | १ | १ | १ | १ | ५ |

यी क्रियाकलापहरूको नियमित अनुगमन, मूल्याङ्कन र समयमै सम्पादनले आपतकालीन तथा सङ्कटकालीन शिक्षाको गुणस्तर, पहुँच र प्रभावकारितामा उल्लेखनीय सुधार ल्याई विपद्का बेला पनि बालबालिकाहरूको शिक्षाको निरन्तरता र सिकाइ अधिकारको संरक्षण गर्न सहयोग पुग्नेछ।

यो लक्ष्य हासिल गर्न लाग्ने बजेटको लागत अनुमान अनुसूचीमा राखिएको छ।

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

शिक्षा नियमावली २०५९ अनुसार एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्ग मिटर बराबरको क्षेत्रफल तोकिएको छ। बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानीजस्ता भौतिक पूर्वाधारहरू विद्यालयका आधारभूत संरचना हुन्। राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नरजस्ता भौतिक पूर्वाधारहरू तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधारलाई विपद् जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरेको छ।

यस खण्डमा विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरूको पहिचान गरी आगामी दश वर्षका लागि विद्यालयको भौतिक पूर्वाधार विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू उल्लेख गरिएका छन्।

### ४.६.१ वर्तमान अवस्था

यस पालिकामा सञ्चालनमा रहेका २७ वटा सामुदायिक विद्यालयमा पक्की भवनहरू रहेका छन्। सबै सामुदायिक विद्यालयमा छात्रा र छात्रका लागि छुट्टाछुट्टै शौचालयहरू छन्। सबै विद्यालयमा खानेपानीको व्यवस्था रहेको छ भने केही विद्यालयमा पानी शुद्धीकरणको व्यवस्था गरिएको छ। पालिकाभरि सबै विद्यालयमा विद्युत् र इन्टरनेट सुविधा पुगेको छ। विद्यालयको वातावरणतर्फ फर्केर हेर्दा सबै विद्यालयमा शिक्षक स्टाफ कोठा र केहीमा मात्र स्टोर कोठा रहेको छ। विद्यालयमा पर्याप्त खेलमैदान रहेका छैनन्। अधिकांश विद्यालयमा घेराबार भएको छ भने केही विद्यालयमा प्रवेश गेटको निर्माण समेत भएको छ। विद्यालयमा भौतिक पूर्वाधार निर्माण तथा मर्मतसम्भारका लागि केन्द्रबाट सशर्त अनुदान लगायतबाट अनुदान प्राप्त भई निर्माण भएको छ भने राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट समेत अनुदान प्राप्त भएको छ। उल्लिखित अवसरहरू प्राप्त भए तापनि विद्यालय पूर्वाधार विकाससँग सम्बन्धित निम्नलिखित चुनौतीहरू रहेका देखिन्छन्:

- भौतिक पूर्वाधारको विकास र विस्तारमा स्थानीय तहको स्रोत–साधनले मात्र गर्न खासै सम्भव नदेखिनु,
- पूर्वाधार विकास कार्यलाई गुणस्तरीय, पारदर्शी एवं जवाफदेही बनाउनु,
- सुरक्षित विद्यालय पूर्वाधारको विकास एवं विस्तारका लागि मापदण्डअनुसारको गुरुयोजना विकास गर्नु,
- आवश्यक स्रोतको व्यवस्थापन गर्नु,
- पूर्वाधारहरूलाई बालमैत्री, अपाङ्गता तथा लैङ्गिकमैत्री बनाउनु।

यी चुनौतीहरूको सम्बोधनका लागि निम्न उद्देश्य, रणनीति, नतिजा र क्रियाकलापहरू निर्धारण गरिएका छन्।

### ४.६.२ उद्देश्य

विद्यालयको भौतिक पूर्वाधार विकासको प्रभावकारी व्यवस्थापनका लागि निम्न उद्देश्यहरू निर्धारण गरिएका छन्। यी उद्देश्यहरूले सुरक्षित विद्यालय पूर्वाधारको मापदण्ड विकास र कार्यान्वयन, तथा पूर्वाधारहरूलाई बालमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री बनाउन मार्गदर्शन प्रदान गर्नेछन्:

- सुरक्षित विद्यालय पूर्वाधारको आवश्यक मापदण्ड विकास र कार्यान्वयन गर्नु,
- पूर्वाधारहरूलाई पारदर्शी एवं जवाफदेहीताका आधारमा बालमैत्री, अपङ्गता र लैङ्गिक मैत्री बनाउनु।

यी उद्देश्यहरूको प्राप्तिले सूर्यविनायक नगरपालिकामा विद्यालयका भौतिक पूर्वाधारहरूको सुरक्षा, गुणस्तर, समावेशीता र दिगोपन सुनिश्चित गर्न सहयोग पुग्नेछ ।

### ४.६.३ रणनीतिहरू

माथि उल्लेखित उद्देश्यहरू प्राप्त गर्न निम्न रणनीतिहरू अवलम्बन गरिनेछ। यी रणनीतिहरूले पूर्वाधारको मापदण्ड विकास, लागत साझेदारी, सुरक्षित र हरित विद्यालय निर्माण, र समावेशी पूर्वाधारको सुनिश्चितता गर्न सहयोग पुऱ्याउनेछन्:

- पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गर्ने,
- विद्यालय पूर्वाधार विकासका लागि विभिन्न सङ्घसंस्था एवं सरोकारवालाहरूसँग लागत साझेदारी गर्ने,
- विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, पानी, शौचालय, भान्सा वा खाजा घर लगायत सबैको योजना समावेश गरी डिजायन गर्ने,
- प्रकोपको सिकार भएका विद्यालय भवनलाई तुरून्त वैकल्पिक व्यवस्था गरी स्तरोन्नती गर्ने,
- पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय निर्माणका लागि संस्थागत क्षमता अभिवृद्धि गर्ने,
- पूर्वाधार विकासका लागि विद्यालयको भौतिक सूचक तयार गर्ने,

- आंसिक रूपमा क्षति भएका विद्यालका संरचनाको मर्मत सम्भार गर्ने,
- विद्यालयको भवन तथा भौतिक पूर्वाधारलाई विपत जोखम मुक्त, सुरक्षित र हरित बनाइने,
- विद्यालयलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री र हिंसा रहित सुरक्षित सिकाइ केन्द्रको रूपमा विकास गर्ने।

यी रणनीतिहरूको प्रभावकारी कार्यान्वयनमार्फत सूर्यविनायक नगरपालिकामा विद्यालयका भौतिक पूर्वाधारहरूको समग्र विकास, सुरक्षा, समावेशीता र दिगोपन सुनिश्चित गर्न सकिनेछ।

### ४.६.४ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरू र लक्ष्य

**उपलब्धि:** यस योजनाको कार्यान्वयनबाट विद्यालय भौतिक पूर्वाधार क्षेत्रमा निम्न उपलब्धिहरू हासिल हुने अपेक्षा गरिएको छ। यी उपलब्धिहरूले यस क्षेत्रको समग्र सुधार र दिगो विकासको जग बलियो बनाउनेछन् :

- सबै विद्यार्थीहरूलाई शुरक्षित र उपयुक्त भौतिक वातावरणमा अध्ययन गर्ने अवसर हुने।

**नतिजा:** विद्यालय भौतिक पूर्वाधार कार्यक्रमको सफल कार्यान्वयनपछि निम्न नतिजाहरू प्राप्त हुने अपेक्षा गरिएको छ। यी नतिजाहरूले विद्यालयका भौतिक पूर्वाधारहरूको सुरक्षा, गुणस्तर, समावेशीता र दिगोपन सुनिश्चित गर्नेछन्:

- माग र आवश्यकताका आधारमा विद्यालय पूर्वाधारको विकास एवं विस्तारका लागि मापदण्डअनुसारको १० वर्षे गुरुयोजना तयार हुने,
- पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गरिनेछ,
- पूर्वाधार विकासका लागि स्रोत र जिम्मेवारीको विन्याससहित कार्यान्वयन प्रारूप विकास हुने,
- पालिकाका सबै विद्यालयहरूमा आवश्यक भौतिक पूर्वाधारको विकास र विस्तार हुने,
- पूर्वाधार विकासका लागि विद्यालयको भौतिक सूचक तयार हुने,
- विद्यालयमा अपाङ्गतामैत्री, बालमैत्री तथा लैङ्गिकमैत्री भौतिक पूर्वाधारहरू हुने,
- सबै विद्यालयको क्षेत्रभित्र घेराबार र प्रवेश गेटको निर्माण भएको हुने।

यी नतिजाहरूको प्राप्तिले विद्यालय भौतिक पूर्वाधारको क्षेत्रमा गुणात्मक सुधार ल्याई विद्यार्थीहरूलाई सुरक्षित, समावेशी र अनुकूल सिकाइ वातावरण प्रदान गर्न सहयोग पुग्नेछ।

**प्रमुख क्रियाकलापहरू तथा लक्ष्य:** विद्यालय भौतिक पूर्वाधारको पहुँच, गुणस्तर र दिगोपन सुनिश्चित गर्न निम्न प्रमुख क्रियाकलापहरू सञ्चालन गरिनेछ। ती क्रियाकलापहरूका लागि निर्धारित भौतिक लक्ष्यहरू तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका 17: बिद्यालय भौतिक पूर्वाधार विकाससँग सम्बन्धित प्रमुख क्रियाकलाप तथा लक्ष्य*

| क्र.स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| १ | विद्यालय भवन निर्माण तथा मर्मतमा भूकम्प प्रतिरोधी मापदण्ड अनिवार्य कार्यान्वयन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | बाढी, पहिरो तथा डुबान जोखिम क्षेत्रको नक्साङ्कन गरी जोखिम न्यूनीकरण योजना तयार गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ३ | विद्यालय परिसरमा वर्षा पानी निकास सुधार तथा व्यवस्थापन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | वर्षा पानी सङ्कलन प्रणाली जडान गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | हरित विद्यालय अवधारणा अनुसार वृक्षरोपण तथा हरियाली प्रवर्द्धन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ६ | सौर्य ऊर्जा जडान गरी वैकल्पिक ऊर्जा प्रयोग विस्तार गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ७ | जलवायु मैत्री तथा अपाङ्गमैत्री शौचालय निर्माण र स्तरोन्नति गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ८ | सुरक्षित खानेपानी प्रणाली स्थापना गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ९ | विद्यालय भवनमा ताप तथा चिसो न्यूनीकरण गर्ने प्रविधि (Insulation/Ventilation) अपनाउने | पटक | १ | १ | १ | १ | १ | ५ |
| १० | विद्यालय विपद् व्यवस्थापन योजना निर्माण र नियमित अभ्यास (Mock Drill) गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ११ | अग्नि सुरक्षा उपकरण जडान र प्रयोग सम्वन्धी तालिम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| १२ | ठोस फोहोर व्यवस्थापन तथा पुनःप्रयोग प्रणाली लागू गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| १३ | जलवायु परिवर्तन तथा वातावरण शिक्षासम्वन्धी अतिरिक्त क्रियाकलाप (Eco-Club) सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| १४ | विद्यालय भवन तथा पूर्वाधारको नियमित प्राविधिक अनुगमन तथा मर्मत प्रणाली विकास गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |

यी क्रियाकलापहरूको नियमित अनुगमन, मूल्याङ्कन र समयमै सम्पादनले विद्यालय भौतिक पूर्वाधारको गुणस्तर, पहुँच र प्रभावकारितामा उल्लेखनीय सुधार ल्याई विद्यार्थीहरूलाई सुरक्षित, समावेशी र अनुकूल सिकाइ वातावरण प्रदान गर्न सहयोग पुग्नेछ । यो लक्ष्य हासिल गर्न लाग्ने बजेटको लागत अनुमान अनुसूचीमा राखिएको छ ।

## ४.७ विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि

सबै नागरिकहरूमा देश विकासका लागि आवश्यक ज्ञान तथा सीपको विकास गराउनु र नेपाललाई विश्वव्यापी समुदायमा आबद्ध गराउनु शिक्षाको दीर्घकालीन उद्देश्य रहेको छ। विश्वप्रतिस्पर्धी तथा श्रम बजारको मागअनुरूपको जनशक्ति उत्पादनका लागि विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिमा जोड दिनु अपरिहार्य छ। विद्यालय शिक्षाको गुणस्तर सुधार गरी सहरी तथा ग्रामीण, सुगम तथा दुर्गम, र निजी तथा सामुदायिक विद्यालयहरूबीच देखिएको शैक्षिक गुणस्तरको अन्तर घटाउन, विश्व ज्ञानभण्डारमा विद्यार्थीको पहुँच विस्तार गरी उनीहरूको सिकाइको दायरा फराकिलो पार्न, विशेष गरी शिक्षण–सिकाइ क्रियाकलापमा सुधार गर्न, सिकाइ सामग्रीको प्रयोगमा पहुँच बढाउन, र शैक्षिक प्रशासन तथा व्यवस्थापनलाई सुदृढ बनाउन वर्तमान समयमा सूचना तथा सञ्चार प्रविधि अपरिहार्य रहेको छ।

नेपालको संविधान, २०७२ ले सूचनाको हकमा प्रत्येक नागरिकको आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनी मौलिक हकमा उल्लेख गरेको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्याई डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण–सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुऱ्याउने, र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूति गर्न सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुर्याउनुपर्दछ। त्यसैगरी, नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुऱ्याउने विषयमा नीति निर्धारण गरेको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरुयोजना कार्यान्वयन गर्ने लगायतका

नीतिहरू उल्लेख गरेको छ। डिजिटल नेपालको कार्यढाँचा, २०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा, जियोस्प्यासियल र जिआइएस (Geospatial/GIS) शिक्षा प्रदान गर्ने, शिक्षा क्षेत्रको सूचना तथा सञ्चार प्रविधि शिक्षासम्बन्धी क्षमता विकास गर्ने, र सबैका लागि सूचना प्रविधिसम्बन्धी साक्षरता प्रदान गर्ने उल्लेख गरेको छ।

नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्द्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नीतिहरू उल्लेख गरिएको छ। उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुऱ्याउने, तालिम, शिक्षण–सिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषयहरू उल्लेख गरिएको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरुयोजना, २०१३–२०१७ ले १० हजार विद्यालयमा शिक्षण–सिकाइका लागि इन्टरनेट कनेक्टिभिटीसहित सूचना प्रविधिका संरचनाहरूको विकास तथा प्रयोग गर्ने, शिक्षक तथा शिक्षा क्षेत्रको अन्य जनशक्तिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, सबै स्रोत केन्द्रहरूमा डिजिटल डाटा केन्द्र स्थापना गर्ने, निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषयलाई पाठ्यक्रममा समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामग्री तयार गर्ने, र सबै स्रोत केन्द्रहरूमा डिजिटल सामग्री आदानप्रदान गर्न प्लेटफर्म बनाउने उल्लेख गरेको छ। त्यसैगरी, निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषयवस्तुलाई पाठ्यक्रममा समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामग्री तयार गर्ने, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाइज गर्ने, र स्रोत केन्द्रलाई सूचना प्रविधिको केन्द्रका रूपमा विकास गर्ने लगायतका कार्यक्रमहरू निर्धारण गरिएका थिए।

### ४.७.१ वर्तमान अवस्था

हाल सूर्यविनायक नगरपालिकामा रहेका २७ वटै सामुदायिक विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको न्यूनतम प्रयोग भइरहेको छ। करिब सबै विद्यालयहरूमा कम्प्युटर तथा इन्टरनेटको आधारभूत सुविधा रहेको छ। इन्टरनेटको व्यवस्था गर्न सबै सामुदायिक विद्यालयलाई सङ्घीय सशर्त अनुदानबापत प्राप्त आधारभूत तथा माध्यमिक तहमा वार्षिक क्रमशः रु. १२,०००, रु. १५,०००, रु. १८,००० र रु. २०,००० उपलब्ध गराउने गरिएको छ। विद्यालय क्षेत्र विकास योजनाको समयावधिमा प्रत्येक माध्यमिक विद्यालयमा एउटा सूचना प्रविधि ल्याब स्थापना गर्ने नीतिअनुरूप हालसम्म यस नगरपालिकाका सबै सामुदायिक माध्यमिक विद्यालयहरूमा ल्याबको स्थापना भइसकेको अवस्था छ। संस्थागत विद्यालयहरूले पनि आफ्नै स्रोत–साधनबाट कम्प्युटर ल्याबको स्थापना गरी विद्यार्थीहरूका लागि प्रयोग गराउँदै आएको अवस्था छ। कक्षा ४ देखि १० सम्म विज्ञान तथा प्रविधि विषयमा सूचना प्रविधि र कम्प्युटरसँग सम्बन्धित पाठ्यवस्तु राखिएको छ।

सबै विद्यालयहरूमा वैकल्पिक माध्यमबाट विद्यार्थीको सिकाइ सहजीकरण गर्न इन्टरनेट जडानका लागि सबै सामुदायिक विद्यालयहरूलाई अनुदान समेत उपलब्ध गराइएको अवस्था छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रले निर्माण र विकास गरेका डिजिटल सामग्रीहरूको प्रयोगमा विद्यालय, शिक्षक र विद्यार्थीहरूले आफ्नो पहुँच र प्रभावकारिता वृद्धि गर्दै लगेको पाइन्छ। विद्यालयको सम्पूर्ण तथ्याङ्कलाई शैक्षिक सूचना व्यवस्थापन प्रणाली (EMIS) मा प्रविष्ट गर्ने कार्यलाई समेत प्रभावकारी बनाइएको छ। गत वर्षहरूमा निरन्तर यस नगरपालिकाले सामुदायिक विद्यालयका केही शिक्षक तथा प्रधानाध्यापकहरूलाई ५ दिने आइसीटीसम्बन्धी तालिम सञ्चालन गरी शिक्षकहरूलाई सूचना प्रविधिमा क्षमता विकास गराई प्रविधिमैत्री बन्न सहयोग गरेको थियो। सूचना र सञ्चार प्रविधिको प्रयोगले सङ्कटको समयमा मात्र नभई नियमित सिकाइ गतिविधिहरूमा समेत यसको महत्त्व र प्रभावकारिता बढ्दै गएको छ।

यस नगरका केही विद्यालयहरूका कक्षाकोठाहरूमा इन्टरएक्टिभ प्यानल बोर्डले समेत प्रवेश पाएको अवस्था छ। विद्यार्थीहरू विद्यालयका आइसीटी ल्याबमा बसेर सूचना र प्रविधि ज्ञान सिक्ने वातावरणको स्थापना भएको छ। सिसी क्यामेराको प्रयोग बढ्नु र लेखा क्षेत्रमा सफ्टवेयरको निर्माण र प्रयोग हुनु सकारात्मक कुरा हुन्। यस नगरभित्रका विद्यालयका कक्षाकोठाहरूमा शिक्षण–सिकाइ सहजीकरणका लागि प्रोजेक्टर, ल्यापटप, मोबाइल, अडियोजस्ता सामग्रीहरूको प्रयोग बढ्दै गएको छ। हालको अवस्थाले भविष्यको सङ्केत अवश्य दिन्छ; यसमा समयानुकूल थप विस्तार र विकास गर्न प्राथमिकता दिनुपर्दछ। कक्षाकोठालाई रुचिकर तथा सूचना तथा प्रविधिमा आधारित बनाई सिकाइमा प्रभावकारिता ल्याउन विशेष योजना बनाउनु आवश्यक छ।

### ४.७.२ उद्देश्य

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोग र विस्तारका लागि निम्न उद्देश्यहरू निर्धारण गरिएका छन्। यी उद्देश्यहरूले सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार, सबै विद्यालयमा आइसीटी-आधारित शिक्षामा पहुँच, र शिक्षाको समग्र व्यवस्थापनलाई प्रभावकारी, पारदर्शी तथा समतामूलक बनाउन मार्गदर्शन प्रदान गर्नेछन्:

- सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार गर्नु,
- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुर्याउनु,
- शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, पारदर्शी र समतामूलक बनाउनु ।

यी उद्देश्यहरूको प्राप्तिले सूर्यविनायक नगरपालिकामा शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहुँच, गुणस्तर र प्रभावकारितामा उल्लेखनीय सुधार ल्याई विद्यार्थीहरूको सिकाइ गुणस्तर र शैक्षिक व्यवस्थापनमा सुधार गर्न सहयोग पुग्नेछ।

### ४.७.३ रणनीतिहरू

माथि उल्लेखित उद्देश्यहरू प्राप्त गर्न निम्न रणनीतिहरू अवलम्बन गरिनेछ। यी रणनीतिहरूले सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास, शिक्षक क्षमता अभिवृद्धि, डिजिटल सामग्रीको प्रयोग, र शैक्षिक व्यवस्थापनमा आइसीटीको प्रभावकारी प्रयोग सुनिश्चित गर्न सहयोग पुऱ्याउनेछन्:

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणहरूको प्रबन्ध गर्ने,
- सबै शिक्षकहरूको क्षमता विकास गर्ने,
- विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीहरूको प्रयोग बढाउने,
- शिक्षक सहायता र प्रतिपुष्टि प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने,
- शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गर्ने,
- शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने,
- सामुदायिक सिकाइ केन्द्रहरूमा डिजिटल लर्निङ सेन्टर (Digital Learning Center) स्थापना गर्ने ।

यी रणनीतिहरूको प्रभावकारी कार्यान्वयनमार्फत सूर्यविनायक नगरपालिकामा शिक्षामा सूचना तथा सञ्चार प्रविधिको समग्र विकास, विद्यार्थीहरूको डिजिटल साक्षरता र शैक्षिक व्यवस्थापनमा सुधार सुनिश्चित गर्न सकिनेछ ।

### ४.७.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि:** यस योजनाको कार्यान्वयनबाट शिक्षामा सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा निम्न उपलब्धिहरू हासिल हुने अपेक्षा गरिएको छ। यी उपलब्धिहरूले यस क्षेत्रको समग्र सुधार र दिगो विकासको जग बलियो बनाउनेछन्:

- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासनको प्रवर्द्धन हुने ।

यी उपलब्धिहरूको प्राप्तिले सूर्यविनायक नगरपालिकामा शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहुँच, गुणस्तर र प्रभावकारितामा उल्लेखनीय सुधार ल्याउन सहयोग पुग्नेछ ।

**नतिजा:** शिक्षामा सूचना तथा सञ्चार प्रविधि कार्यक्रमको सफल कार्यान्वयनपछि निम्न नतिजाहरू प्राप्त हुने अपेक्षा गरिएको छ। यी नतिजाहरूले विद्यालयहरूमा आइसीटी पूर्वाधारको विकास, डिजिटल सामग्रीको पहुँच, शिक्षक सहायता प्रणाली, र शैक्षिक व्यवस्थापनमा सुधार सुनिश्चित गर्नेछन्:

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुग्ने,
- विभिन्न कक्षा र विषयका अन्तरक्रियात्मक डिजिटल सामग्रीहरूमा विद्यार्थीहरूको सहज पहुँच हुने,
- सबै विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरेको हुने,
- सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने,
- सामुदायिक सिकाइ केन्द्रहरूमा सूचना प्रविधिको प्रयोगमा विस्तार हुने,
- सूचना प्रविधिमा आधारित एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली सुदृढ हुने,
- सूचना प्रविधिको प्रयोगले व्यवस्थापन र सुशासनमा सुधार आउने,
- अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीमा सुधार आउने ।

यी नतिजाहरूको प्राप्तिले शिक्षामा सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा गुणात्मक सुधार ल्याई विद्यार्थीहरूको सिकाइ गुणस्तर, शिक्षकहरूको पेशागत विकास र शैक्षिक व्यवस्थापनको प्रभावकारितामा सकारात्मक प्रभाव पार्न सहयोग पुग्नेछ ।

**प्रमुख क्रियाकलापहरू तथा लक्ष्य:** शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहुँच, गुणस्तर र दिगोपन सुनिश्चित गर्न निम्न प्रमुख क्रियाकलापहरू सञ्चालन गरिनेछ। ती क्रियाकलापहरूका लागि निर्धारित भौतिक लक्ष्यहरू तालिकामा प्रस्तुत गरिएको छ।

*तालिका 18: बिद्यालय शिक्षामा सूचना तथा संचार प्रबिधिसँग सम्बन्धित प्रमुख क्रियाकलाप तथा लक्ष्य*

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा |
| १ | विद्यालयमा ICT संरचना विस्तार | ओटा | १ | १ | १ | १ | १ | ५ |
| २ | प्रत्येक विद्यालयमा इन्टरनेटको व्यवस्था | विद्यालय | २७ | २७ | २७ | २७ | २७ | २७ |
| ३ | शिक्षकहरूको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | तथ्यांक व्यवस्थापन तालिम | ओटा | १ | १ | १ | १ | १ | ५ |
| ५ | विद्यालमा इ-हाजिरी व्यवस्थापन क्लाउडसहित | विद्यालय | २७ | २७ | २७ | २७ | २७ | २७ |
| ६ | माध्यमिक विद्यालयका अनिवार्य विषयहरूको भर्चुअल कक्षा सञ्चालन | वटा | १ | १ | १ | १ | १ | ५ |
| ७ | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्पयुटर, इन्टरनेट लगायतको व्यवस्थापन (लागत सहभागिताका अधारमा) | पटक | १ | १ | १ | १ | १ | ५ |
| ८ | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्पयुटर, इन्टरनेट लगायतप्रयोगका लागि तालिमको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ |
| ९ | विद्यालयका सञ्चार,खानेपानी तथा विद्युत महशुलको व्यवस्थापन | ओटा | २७ | २७ | २७ | २७ | २७ | २७ |

यी क्रियाकलापहरूको नियमित अनुगमन, मूल्याङ्कन र समयमै सम्पादनले शिक्षामा सूचना तथा सञ्चार प्रविधिको गुणस्तर, पहुँच र प्रभावकारितामा उल्लेखनीय सुधार ल्याई विद्यार्थीहरूको डिजिटल साक्षरता, शिक्षकहरूको पेशागत विकास र शैक्षिक

व्यवस्थापनको प्रभावकारिता सुनिश्चित गर्न सहयोग पुग्नेछ । यो लक्ष्य हासिल गर्न लाग्ने बजेटको लागत अनुमान अनुसूचीमा राखिएको छ ।

## परिच्छेद ५: विद्यालय सुशासन तथा व्यवस्थापन

शिक्षा जस्तो महत्त्वपूर्ण सार्वजनिक सेवालाई सबल, चुस्त, सेवाउन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका अत्यन्तै महत्त्वपूर्ण रहन्छ। सामान्यतया, सुशासन तथा व्यवस्थापनले उत्तरदायित्व, पारदर्शिता, जिम्मेवारीबोध, जवाफदेहीपन, विधिको शासन, समता तथा समावेशीता, र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्यहरू प्राप्तिमा सहयोग पुऱ्याउन तयार गरिएका संरचना तथा प्रक्रियाहरू जनाउँदछ। सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्न, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्व वहन गर्न, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न, र पारदर्शिता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्यप्रक्रियाहरू व्यवस्थित गरिनुपर्दछ।

शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय, तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले आ–आफ्नो भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ। नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ। विद्यालय शिक्षाको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारीसहितको व्यवस्थापकीय प्रबन्ध, र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ।

यस परिच्छेदमा सुशासन तथा व्यवस्थापन अन्तर्गत संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजनाको कार्यान्वयनको प्रबन्ध, र अनुगमन तथा मूल्याङ्कनजस्ता क्षेत्रहरू समावेश गरिएको छ।

### ५.१ संस्थागत क्षमता विकास

नेपालको शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचनालाई सङ्घीय स्वरूपमा तीनै तहमा प्रवाह गर्ने शैक्षिक सेवालाई निरन्तरता दिन तत्कालीन समस्या समाधानका लागि कर्मचारीको व्यवस्थापन र सङ्गठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ। बदलिँदो परिवेशअनुसार शासकीय संरचना, प्रक्रिया र क्षमतामा सुधार गरिएमा मात्र शैक्षिक गतिविधिहरू प्रभावकारी भई सुशासन कायम हुने भएकाले सङ्घीय संरचनाअनुसार तीन तहका सरकारका अधिकार तथा दायित्व, शिक्षामा भएको सङ्ख्यात्मक विस्तार, ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरी संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्द्धन गर्नु आवश्यक देखिएको छ।

योजना कार्यान्वयनका लागि नगर कार्यपालिका, नगरसभा, नगर शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक/अभिभावक सङ्घ विद्यालयका मुख्य संयन्त्रका रूपमा रहेका छन्। शिक्षा योजनामा उल्लेख गरिएका नीति तथा कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि सरोकारवालाहरूको क्षमता विकास हुन जरुरी हुन्छ। त्यसका लागि सहभागितामूलक योजना निर्माण, सुझाव सङ्कलन र प्रबोधीकरणमार्फत कार्यान्वयन संयन्त्रको क्षमता विकास गरिनेछ। योजनामा उल्लिखित नीति तथा कार्यक्रमको स्पष्टता विना सफल कार्यान्वयन हुन सक्दैन। त्यसका लागि सरोकारवाला संयन्त्रको क्षमता विकास हुनु यसको औचित्य हो।

नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकारको व्यवस्था गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहका २३ वटा अधिकारहरूको व्यवस्था गरेको छ भने विभिन्न ऐन तथा कानुनमार्फत स्थानीय तहका अधिकारहरूलाई स्पष्ट पारिएको छ।

नेपालमा शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचनातर्फ दृष्टिगोचर गर्दा सङ्घमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ। सो अन्तर्गत शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र, र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन्। त्यसैगरी, स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग पनि क्रियाशील छन्। साविकमा शैक्षिक जनशक्ति विकास अन्तर्गत रहेका २९ शैक्षिक तालिम केन्द्रमध्ये ७ वटा केन्द्र प्रदेश मातहतमा हस्तान्तरण भई प्रदेश शिक्षा तालिम केन्द्रका रूपमा क्रियाशील रहेका छन्। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनबमोजिम तोकिएका २३ वटा कार्यबाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ राखिएको छ। प्रत्येक तहमा शिक्षा, युवा तथा खेलकुद महाशाखा/शाखाको व्यवस्था गरिएको छ।

### ५.१.१ वर्तमान अवस्था

यस नगरपालिकामा रहेका शाखाहरूमध्ये शिक्षा, युवा तथा खेलकुदसम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ। शिक्षाको कार्यक्रम हेर्ने छुट्टै लेखाको कर्मचारीको व्यवस्था नहुँदा शिक्षा क्षेत्रको आर्थिक श्रेस्ताको अभिलेखीकरण अपेक्षाकृत रूपमा व्यवस्थित बन्न सकेको छैन।

सबै विद्यालयहरूमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक/अभिभावक सङ्घको कार्यकारी समिति रहेका छन्। सबै विद्यालयहरूमा विद्यालय सहयोगी र माध्यमिक तह सञ्चालन भएका सामुदायिक विद्यालयमा एक जना विद्यालय सहायक कर्मचारीको व्यवस्थापन गरिएको छ। प्रायः विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित बसेको देखिन्छ भने शिक्षक/अभिभावक सङ्घको बैठक अपेक्षाकृत रूपमा बस्न सकेको पाइँदैन। सबै विद्यालयहरूले सामाजिक परीक्षण र अन्तिम लेखा परीक्षण गर्दछन्। विद्यालयमा नागरिक बडापत्र राख्ने, गुनासो सुनुवाइ संयन्त्रको विकास, विविधता व्यवस्थापन, अभिभावक भेला र छलफलजस्ता पक्षहरूमा विद्यालयहरूले उपलब्धिपूर्ण तरिकाले काम गरेका छैनन्। यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार, र समता तथा समावेशीताको प्रवर्द्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ। त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ। शिक्षा विकासका कार्यक्रमहरूको कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस शिक्षा क्षेत्र योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिएको छ। पहिचान गरिएका चुनौतीहरूको सामना गरी सुशासन प्रवर्द्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पनि गरिएको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनबमोजिम तोकिएका २३ ओटा कार्यबाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ, र प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र त्यसअन्तर्गतका सामाजिक विकास कार्यालयहरूको स्थापना गरी शिक्षा प्रशासनका निकायहरू खडा गरिएका छन्। यी तीनै तहका विभिन्न निकायहरूबीचको समन्वय, सहकार्य र सहसम्बन्धलाई बलियो बनाउनुपर्ने देखिन्छ। समग्रमा, यस योजना निर्माणको मुख्य उद्देश्य, रणनीति, अपेक्षित उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्यबारे तल उल्लेख गरिएको छ।

### ५.१.२ उद्देश्यहरू

संस्थागत क्षमता विकासको प्रभावकारी व्यवस्थापनका लागि निम्न उद्देश्यहरू निर्धारण गरिएका छन्। यी उद्देश्यहरूले स्थानीय तहको अधिकार क्षेत्रअनुसार संस्थागत संरचना निर्माण, तीनै तहका सरकारबीचको अन्तरसम्बन्ध सुदृढीकरण, आवश्यक जनशक्तिको व्यवस्थापन, र जनशक्तिहरूको संस्थागत क्षमता विकास गर्न मार्गदर्शन प्रदान गर्नेछन् :

- स्थानीय तहको अधिकार क्षेत्रअनुसार संस्थागत संरचना निर्माण गर्नु,
- तीनै तहका सरकारबीचको अन्तरसम्बन्धलाई सुदृढ बनाउनु,
- स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु,
- जनशक्तिहरूको संस्थागत क्षमता विकास गर्नु।

यी उद्देश्यहरूको प्राप्तिले सूर्यविनायक नगरपालिकामा संस्थागत क्षमताको विकास, शैक्षिक प्रशासनको प्रभावकारिता, र सुशासनको प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुग्नेछ।

### ५.१.३ रणनीतिहरू

माथि उल्लेखित उद्देश्यहरू प्राप्त गर्न निम्न रणनीतिहरू अवलम्बन गरिनेछ। यी रणनीतिहरूले स्थानीय तहमा शिक्षा व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति निर्माण, जनशक्तिको व्यवस्थापन, क्षमता विकास, शिक्षक पेशागत सहयोग प्रणाली स्थापना, प्रधानाध्यापकको क्षमता अभिवृद्धि, र स्रोत–साधनको प्रभावकारी व्यवस्थापन सुनिश्चित गर्न सहयोग पुर्‍याउनेछन्:

- स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने,
- संस्थागत संरचनाअनुसार जनशक्तिको व्यवस्था गर्ने,
- कार्यरत जनशक्तिको क्षमता विकास गर्ने,
- स्थानीय तहमा शिक्षक पेशागत सहयोग प्रणाली स्थापना गर्ने,
- प्रधानाध्यापकलाई थप जिम्मेवार बनाई क्षमता विकास गर्ने,
- कार्यक्रमको प्रभावकारी ढङ्गबाट कार्यसम्पादन गर्नका लागि आवश्यक स्रोत–साधनहरूको व्यवस्थापन गर्ने।

यी रणनीतिहरूको प्रभावकारी कार्यान्वयनमार्फत सूर्यविनायक नगरपालिकामा संस्थागत क्षमताको समग्र विकास, शैक्षिक प्रशासनको प्रभावकारिता, र सुशासनको प्रवर्द्धन सुनिश्चित गर्न सकिनेछ।

### ५.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि:** यस योजनाको कार्यान्वयनबाट संस्थागत क्षमता विकास क्षेत्रमा निम्न उपलब्धिहरू हासिल हुने अपेक्षा गरिएको छ। यी उपलब्धिहरूले यस क्षेत्रको समग्र सुधार र दिगो विकासको जग बलियो बनाउनेछन्:

- शिक्षाका सबै निकाय तथा विद्यालयहरूमा सुशासनको प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुनेछ।

यी उपलब्धिहरूको प्राप्तिले सूर्यविनायक नगरपालिकामा संस्थागत क्षमताको पहुँच, गुणस्तर र प्रभावकारितामा उल्लेखनीय सुधार ल्याउन सहयोग पुग्नेछ।

**नतिजा:** संस्थागत क्षमता विकास कार्यक्रमको सफल कार्यान्वयनपछि निम्न नतिजाहरू प्राप्त हुने अपेक्षा गरिएको छ। यी नतिजाहरूले शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना, जनशक्ति, क्षमता, र उत्तरदायी प्रणालीको सुनिश्चितता गर्नेछन्:

- शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना तथा जनशक्ति तयार हुनेछ,
- शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागी हुने सबै निकायको दायित्व र अधिकार स्पष्ट हुनेछ,
- शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागी हुने सबै निकाय तथा जनशक्तिको क्षमता विकास प्रणाली स्थापना भई क्षमतामा सुधार हुनेछ,
- सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक र समावेशी भई कार्यसम्पादन उद्देश्यमूलक, प्रभावकारी तथा कुशल हुनेछ।

यी नतिजाहरूको प्राप्तिले संस्थागत क्षमता विकासको क्षेत्रमा गुणात्मक सुधार ल्याई शैक्षिक प्रशासनको प्रभावकारिता र सुशासनको प्रवर्द्धनमा सहयोग पुग्नेछ ।

**प्रमुख क्रियाकलापहरू तथा लक्ष्य:** संस्थागत क्षमता विकासको पहुँच, गुणस्तर र दिगोपन सुनिश्चित गर्न निम्न प्रमुख क्रियाकलापहरू सञ्चालन गरिनेछ। ती क्रियाकलापहरूका लागि निर्धारित भौतिक लक्ष्यहरू तालिकामा प्रस्तुत गरिएको छ:

*तालिका 19: संस्थागत क्षमता विकाससँग सम्बन्धित प्रमुख क्रियाकलाप तथा लक्ष्य*

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| १ | शैक्षिक कार्यपात्रो निर्माण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | शिक्षक डायरी क्यालेन्डर तथा शिक्षक परिचयपत्र व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ३ | योग्यता, क्षमता र वरिष्ठताको आधारमा प्रधानाध्यापक नियुक्ति गर्ने | विद्यालय | १ | १ | १ | १ | १ | ५ |
| ४ | वार्षिक कार्य सम्पादनको स्वमूल्याङ्कन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन/व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ६ | विद्यालयको लेखा तथा सामाजिक परीक्षण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ७ | विद्यालयका गतिविधिहरू सार्वजनिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ८ | पालिका तथा विद्यालयमा विद्यार्थी तथा अभिभावकहरूको गुनासो पेटीका स्थापना तथा सो को सुनुवाइको व्यवस्था गर्ने | वटा | २७ | २७ | २७ | २७ | २७ | २७ |
| ९ | विद्यालयहरूमा सेवा वडापत्रको व्यवस्था गर्ने | पटक | १ | | | | | १ |
| १० | विद्यालयको कार्यसम्पादन मूल्याङकन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ११ | प्रधानाध्यापकलाई कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | विद्यालय | १ | १ | १ | १ | १ | ५ |

यी क्रियाकलापहरूको नियमित अनुगमन, मूल्याङ्कन र समयमै सम्पादनले संस्थागत क्षमता विकासको गुणस्तर, पहुँच र प्रभावकारितामा उल्लेखनीय सुधार ल्याई शैक्षिक प्रशासनको प्रभावकारिता र सुशासनको प्रवर्द्धन सुनिश्चित गर्न सहयोग पुग्नेछ। यो लक्ष्य हासिल गर्न लाग्ने बजेटको लागत अनुमान अनुसूचीमा राखिएको छ ।

## ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत वार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन, तथा अनुगमन र मूल्याङ्कनलगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्वहरू पर्दछन्। नेपालमा सङ्घीय संरचनाअनुसार सङ्घ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशील भएको लगभग एक दशक कटिसकेको छ। केही कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको भए तापनि राज्य प्रणालीलाई सङ्घीय संरचनाअनुरूप सक्षम बनाउन आवश्यक कार्यान्वयन प्रबन्ध गर्नुपर्ने छ। कार्यान्वयन प्रबन्ध तयार गर्दा यसको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु आवश्यक छ।

### ५.२.१ वर्तमान अवस्था

यस नगरपालिकामा रहेका शाखाहरूमध्ये शिक्षा, युवा तथा खेलकुदसम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ। सबै विद्यालयहरूमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक–अभिभावक सङ्घको कार्यकारी समिति रहेका छन्। सबै विद्यालयहरूमा विद्यालय सहयोगी, र माध्यमिक तह सञ्चालन भएका सामुदायिक विद्यालयमा एक–एक जना विद्यालय सहायकको व्यवस्थापन गरिएको छ। प्रायः विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित बसेको देखिन्छ।

स्थानीय शिक्षा योजना निर्माणपश्चात् सो योजनाको प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि आवश्यक जनशक्ति व्यवस्थापन, कानुन, कार्यविधि निर्माण, बजेटको सुनिश्चितता, तीन तहका सरकारबीचको समन्वय र सहकार्य, वार्षिक रणनीतिक योजना र कार्यान्वयन योजना निर्माण, अनुगमन योजना निर्माण, कार्यक्रम कार्यान्वयन पुस्तिकाको तयारी, र विभिन्न सरोकारवालाहरूलाई कार्यक्रमहरूको बारेमा प्रबोधीकरणजस्ता कार्यक्रमहरू कार्यान्वयन गरिएका छन्।

### ५.२.२ उद्देश्यहरु

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नका लागि निम्न उद्देश्य निर्धारण गरिएको छ। यस उद्देश्यले योजनाका सबै कार्यक्रमहरूको समयमै, प्रभावकारी र दिगो कार्यान्वयनका लागि आवश्यक संरचना, प्रक्रिया र जिम्मेवारीको स्पष्टता सुनिश्चित गर्न मार्गदर्शन प्रदान गर्नेछ:

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु।

यस उद्देश्यको प्राप्तिले सूर्यविनायक नगरपालिकामा शिक्षा योजनाको प्रभावकारी कार्यान्वयन, उत्तरदायी प्रशासन र दिगो शैक्षिक विकासको आधार तयार गर्न सहयोग पुग्नेछ।

### ५.२.३ रणनीतिहरू

माथि उल्लेखित उद्देश्य प्राप्त गर्न निम्न रणनीतिहरू अवलम्बन गरिनेछ। यी रणनीतिहरूले शिक्षा योजनाको कार्यान्वयनका लागि आवश्यक बजेट, कानुनी आधार, अनुगमन प्रणाली, सूचना व्यवस्थापन, विद्यालय सुधार योजना, वित्तीय व्यवस्थापन, र सरोकारवालाहरूको सहभागिता सुनिश्चित गर्न सहयोग पुऱ्याउनेछन्:

- सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान, अन्य अनुदान, र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने,
- कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, कार्यविधि तथा निर्देशिकाहरूको विकास गर्ने,
- कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितता गर्नुका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने,
- एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने,
- विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक–अभिभावक सङ्घको गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजनाको विकास र कार्यान्वयनमा सहजीकरण गर्ने,
- विद्यालय सुधार योजना (SIP) को निर्माण तथा अद्यावधिक गर्न लगाउने,
- विद्यालय व्यवस्थापनलाई सशक्तीकरण गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने,

- वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन, तथा शिक्षकको कक्षाकोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्डहरू तयार गरी लागू गर्ने,
- अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने,
- सामुदायिक सिकाइ केन्द्रमार्फत सबै उमेर समूहका सिकारूहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा, तथा आयआर्जन र सीप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने।

यी रणनीतिहरूको प्रभावकारी कार्यान्वयनमार्फत सूर्यविनायक नगरपालिकामा शिक्षा योजनाको प्रभावकारी कार्यान्वयन, उत्तरदायी प्रशासन र दिगो शैक्षिक विकास सुनिश्चित गर्न सकिनेछ।

### ५.२.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि:** यस योजनाको कार्यान्वयनबाट योजना कार्यान्वयन प्रबन्ध क्षेत्रमा निम्न उपलब्धिहरू हासिल हुने अपेक्षा गरिएको छ। यी उपलब्धिहरूले यस क्षेत्रको समग्र सुधार र दिगो विकासको जग बलियो बनाउनेछन् :

- योजनाको कुशल, प्रभावकारी र जवाफदेही कार्यान्वयन प्रणाली विकास भई शिक्षा क्षेत्रमा सुशासन कायम हुनेछ ।

यी उपलब्धिहरूको प्राप्तिले सूर्यविनायक नगरपालिकामा योजना कार्यान्वयन प्रबन्धको क्षमता, पारदर्शिता र प्रभावकारितामा उल्लेखनीय सुधार ल्याउन सहयोग पुग्नेछ ।

**नतिजा:** योजना कार्यान्वयन प्रबन्ध कार्यक्रमको सफल कार्यान्वयनपछि निम्न नतिजाहरू प्राप्त हुने अपेक्षा गरिएको छ। यी नतिजाहरूले योजना कार्यान्वयनको प्रभावकारिता, पारदर्शिता, उत्तरदायित्व, र दिगोपन सुनिश्चित गर्नेछन् :

- वार्षिक शिक्षा बजेट तथा कार्यक्रमहरू समयमै तर्जुमा भई कार्यान्वयन हुनेछ,
- सबै कार्यक्रमहरूका लागि आवश्यक कानुन, कार्यविधि तथा निर्देशिकाहरू निर्माण भई कार्यान्वयन हुनेछ,
- कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन, सहजीकरण तथा समन्वय हुनेछ,
- एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सुदृढ भई नियमित विवरण तथा समीक्षा हुनेछ,
- सबै विद्यालयहरूमा विद्यालय सुधार योजना (SIP) निर्माण तथा अद्यावधिक भई कार्यान्वयन हुनेछ,
- विद्यालय व्यवस्थापन समिति र शिक्षक–अभिभावक सङ्घहरू सक्रिय र उत्तरदायी हुनेछन्,
- वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन लगायतका कार्यहरू मापदण्डअनुसार हुनेछन्,
- सामुदायिक सिकाइ केन्द्रहरू आजीवन सिकाइको केन्द्रका रूपमा सुदृढ हुनेछन्।

यी नतिजाहरूको प्राप्तिले योजना कार्यान्वयन प्रबन्धको क्षेत्रमा गुणात्मक सुधार ल्याई शैक्षिक प्रशासनको प्रभावकारिता, पारदर्शिता र सुशासनको प्रवर्द्धनमा सहयोग पुग्नेछ ।

**प्रमुख क्रियाकलापहरू तथा लक्ष्य:** योजना कार्यान्वयन प्रबन्धको पहुँच, गुणस्तर र दिगोपन सुनिश्चित गर्न निम्न प्रमुख क्रियाकलापहरू सञ्चालन गरिनेछ। ती क्रियाकलापहरूका लागि निर्धारित भौतिक लक्ष्यहरू तालिकामा प्रस्तुत गरिएको छ:

*तालिका 20: स्थानीय शिक्षा योजना कार्यान्वयनसँग सम्बन्धित प्रमुख क्रियाकलाप तथा लक्ष्य*

| क्र. सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| १ | शिक्षा योजना कार्यान्वयनका लागि स्पष्ट संस्थागत संरचना तथा जिम्मेवारी निर्धारण | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | शिक्षा योजना अद्यावधिक तथा कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | वार्षिक कार्ययोजना (AIP) तथा बजेटसँग शिक्षा योजना आवद्धीकरण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | कार्यान्वयन मार्गदर्शन (Guidelines) तयार गरी सबै सरोकारवालालाई अभिमूखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | आवश्यक मानव स्रोत, प्राविधिक सहयोग तथा साधन–स्रोत व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ६ | नियमित अनुगमन, सुपरीवेक्षण तथा प्रगति प्रतिवेदन प्रणाली स्थापना | पटक | १ | १ | १ | १ | १ | ५ |
| ७ | आवधिक समीक्षा, सिकाइ आदान–प्रदान तथा आवश्यक परिमार्जन व्यवस्था | पटक | | | १ | | | १ |

यी क्रियाकलापहरूको नियमित अनुगमन, मूल्याङ्कन र समयमै सम्पादनले योजना कार्यान्वयन प्रबन्धको प्रभावकारिता, पारदर्शिता र सुशासन सुनिश्चित गर्न सहयोग पुग्नेछ । यो लक्ष्य हासिल गर्न लाग्ने बजेटको लागत अनुमान अनुसूचीमा राखिएको छ ।

### ५.३ अनुगमन तथा मूल्याङ्कन

स्थानीय तहले शिक्षा कार्यक्रमको कार्यान्वयन वार्षिक स्वीकृत कार्यक्रमअनुरूप गर्नेछ। स्थानीय तह र विद्यालयको आधारभूत तहमा सञ्चालन हुने कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ। प्रत्येक विद्यालय र स्थानीय तहले बजेटमा तोकिएको जिम्मेवारीअनुसार कार्यक्रम सञ्चालन गर्नेछन्। कार्यक्रम सञ्चालनका लागि बजेट र आवश्यक प्रबन्ध शिक्षा शाखाले गर्नेछ।

जब कार्यक्रमहरूको कार्यान्वयन भए/नभएको अनुगमन तथा मूल्याङ्कन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजनमा अनुगमन समिति, र विद्यालय तहमा विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको नेतृत्वमा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनको अनुगमन गरिनेछ। विद्यालय अनुगमनका क्रममा नगरपालिकाले समग्र पक्ष (शैक्षिक, प्रशासनिक र भौतिक) को नियमित अनुगमन, सुपरिवेक्षण र निरीक्षण गर्नेछ। अनुगमनपश्चात् सरोकारवालाहरूसँग समीक्षा बैठक गरी अनुकरणीय पक्षको प्रचार–प्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ। कार्यक्रम कार्यान्वयनका लागि नीतिगत रूपमा पालिका र विद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्याङ्कन समिति गठन गरी सक्रिय गरिनेछ।

#### ५.३.१ वर्तमान अवस्था

यस पालिकाले शैक्षिक क्षेत्राधिकारअनुसारका कार्यहरूमा अनुगमन, नियमन र मूल्याङ्कन गर्ने कार्य गरिरहेको छ। खासगरी नगरपालिकाको शिक्षा शाखाबाट अनुगमन तथा मूल्याङ्कन गर्ने गरिएको छ भने जनप्रतिनिधिहरूबाट पनि समय–समयमा अनुगमन गरिएको छ। विद्यालयमा विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको नेतृत्वमा अनुगमन गर्ने गरिएको छ। विद्यालय व्यवस्थापन समितिको अध्यक्ष पदमा जननिर्वाचित पदाधिकारी नै राखिएका छन्। कहिलेकाहीँ गरिएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वयन गर्ने परिपाटी छैन। प्रभावकारी अनुगमन र मूल्याङ्कनको स्थायी प्रणालीको निर्माण र परिचालनमा समस्या छ। सफलता, सिकाइ र राम्रा अभ्यासहरूको दस्तावेजीकरण र प्रचार–प्रसारको पनि खाँचो रहेको छ।

ऐन, नियमअनुसार कार्य भए/नभएको लेखाजोखा गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने, र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको मूल्याङ्कन गर्ने कार्यहरू नियमित रूपमा भइरहेका छन्। साथै, सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय, व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन, लेखाजोखा, तथा मूल्याङ्कन गरिने कार्यको थालनी गरिएको छ। अनुगमन/मूल्याङ्कन कार्यक्रमको नीतिगत निर्णय गर्न नगर शिक्षा समिति तथा कार्यक्रम कार्यान्वयनका लागि सामाजिक विकास समिति सक्रिय रहेका छन्।

स्थानीय शिक्षा योजनाको प्रचार–प्रसार गर्न सरोकारवालाहरूलाई भेला गराई सूचना तथा प्रविधिका अन्य माध्यमबाट जानकारी गराइनेछ। योजनाको कार्यान्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यका लागि नगरपालिका तथा सम्बन्धित वडाहरूले यस योजनासँग सम्बन्धित तह तथा निकायहरूसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्नेछन्। योजनाको कार्यान्वयनको क्रममा नगरपालिका, वडाहरू, सम्बन्धित समिति तथा उपसमितिहरूको बैठक कार्यतालिका वा आवश्यकताअनुसार बस्नेछ।

### ५.३.२ उद्देश्यहरू

अनुगमन तथा मूल्याङ्कनको प्रभावकारी व्यवस्थापनका लागि निम्न उद्देश्यहरू निर्धारण गरिएका छन्। यी उद्देश्यहरूले अनुगमन तथा मूल्याङ्कनका लागि संयन्त्रको निर्माण, प्रणालीलाई नतिजामा आधारित बनाउने, र योजना कार्यान्वयनको क्रममा आएका समस्या तथा चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्न मार्गदर्शन प्रदान गर्नेछन्:

- अनुगमन तथा मूल्याङ्कनका लागि संयन्त्रको निर्माण गर्नु,
- अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु,
- योजना कार्यान्वयनको क्रममा आएका समस्या तथा चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु।

यी उद्देश्यहरूको प्राप्तिले सूर्यविनायक नगरपालिकामा अनुगमन तथा मूल्याङ्कनको प्रभावकारी प्रणाली स्थापित भई योजना कार्यान्वयनको गुणस्तर, पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्न सहयोग पुग्नेछ।

### ५.३.३ रणनीतिहरू

माथि उल्लेखित उद्देश्यहरू प्राप्त गर्न निम्न रणनीतिहरू अवलम्बन गरिनेछ। यी रणनीतिहरूले प्रभावकारी अनुगमन संयन्त्रको निर्माण, मार्गदर्शनको विकास, एकीकृत सूचना प्रणालीको सञ्चालन, नतिजामूलक प्रणालीको अवलम्बन, र आवधिक मूल्याङ्कनको सुनिश्चितता गर्न सहयोग पुऱ्याउनेछन्:

- प्रभावकारी अनुगमनका लागि संयन्त्र निर्माण गर्ने,
- शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शनको निर्माण र प्रयोग गर्ने,
- कार्यक्रमको अनुगमन, मूल्याङ्कन र प्रतिवेदनका लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने,
- नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने,
- विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन प्रणालीलाई थप व्यवस्थित र नियमित गर्ने,
- कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवं प्रतिवेदन प्रणालीको प्रबन्ध गर्ने,
- योजना अन्तर्गत सञ्चालित कार्यक्रम, परियोजना वा क्रियाकलापहरूको नियमित, आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने।

यी रणनीतिहरूको प्रभावकारी कार्यान्वयनमार्फत सूर्यविनायक नगरपालिकामा अनुगमन तथा मूल्याङ्कनको समग्र विकास, प्रणालीको प्रभावकारिता र योजना कार्यान्वयनको गुणस्तर सुनिश्चित गर्न सकिनेछ।

### ५.३.४ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि:** यस योजनाको कार्यान्वयनबाट अनुगमन तथा मूल्याङ्कन क्षेत्रमा निम्न उपलब्धिहरू हासिल हुने अपेक्षा गरिएको छ। यी उपलब्धिहरूले यस क्षेत्रको समग्र सुधार र दिगो विकासको जग बलियो बनाउनेछन् :

- प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि प्रतिपुष्टि प्राप्त हुनेछ ।
- कार्यक्रमको आवधिक समीक्षा भई सफलतालाई निरन्तरता, असफलतालाई सुधार, कमी–कमजोरीमा सुधार र पुनर्योजना गर्न मद्दत हुनेछ ।
- समग्र कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुनेछ ।

यी उपलब्धिहरूको प्राप्तिले सूर्यविनायक नगरपालिकामा अनुगमन तथा मूल्याङ्कनको पहुँच, गुणस्तर र प्रभावकारितामा उल्लेखनीय सुधार ल्याउन सहयोग पुग्नेछ ।

**प्रमुख नतिजा:** अनुगमन तथा मूल्याङ्कन कार्यक्रमको सफल कार्यान्वयनपछि निम्न नतिजाहरू प्राप्त हुने अपेक्षा गरिएको छ। यी नतिजाहरूले अनुगमन प्रणालीको स्थापना, नतिजामा आधारित सुधार, र संस्थागत संरचना तथा क्षमता विकासको सुनिश्चितता गर्नेछन्:

- नतिजामा आधारित अनुगमन प्रणाली स्थापित हुनेछ,
- अनुगमनका आधारमा नतिजामा सुधार हुनेछ,
- अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमताको विकास हुनेछ।

यी नतिजाहरूको प्राप्तिले अनुगमन तथा मूल्याङ्कनको क्षेत्रमा गुणात्मक सुधार ल्याई योजना कार्यान्वयनको पारदर्शिता, उत्तरदायित्व र प्रभावकारिता सुनिश्चित गर्न सहयोग पुग्नेछ ।

**प्रमुख क्रियाकलाप र लक्ष्य:** अनुगमन तथा मूल्याङ्कनको पहुँच, गुणस्तर र दिगोपन सुनिश्चित गर्न निम्न प्रमुख क्रियाकलापहरू सञ्चालन गरिनेछ। ती क्रियाकलापहरूका लागि निर्धारित भौतिक लक्ष्यहरू तालिकामा प्रस्तुत गरिएको छ:

*तालिका 21: अनुगमन तथा मुल्यांकनसँग सम्बन्धित प्रमुख क्रियाकलाप तथा लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| १ | समसामयिक विषयवस्तुमा आधारित भै शिक्षा ऐन,नियमावली,कार्यविधि तथा निर्देशिकाको निर्माण/परिमार्जन | निरन्तर | १ | १ | १ | १ | १ | ५ |
| २ | वार्षिक तथा त्रैमासिक प्रगति समीक्षा बैठक सञ्चालन र प्रतिवेदन पेश | पटक | १ | १ | १ | १ | १ | ५ |
| ३ | अध्ययन तथा अनुसन्धान | पटक | | १ | | १ | | २ |
| ४ | विद्यालयस्तरीय नियमित अनुगमन तथा कक्षा अवलोकन | पटक | २ | २ | २ | २ | २ | १० |
| ५ | अनुगमन प्रतिवेदनका आधारमा सुधारात्मक कार्ययोजना निर्माण तथा कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ |

यी क्रियाकलापहरूको नियमित अनुगमन, मूल्याङ्कन र समयमै सम्पादनले अनुगमन तथा मूल्याङ्कनको गुणस्तर, पहुँच र प्रभावकारितामा उल्लेखनीय सुधार ल्याई योजना कार्यान्वयनको पारदर्शिता, उत्तरदायित्व र प्रभावकारिता सुनिश्चित गर्न सहयोग पुग्नेछ । यो लक्ष्य हासिल गर्न लाग्ने बजेटको लागत अनुमान अनुसूचीमा राखिएको छ ।

## परिच्छेद ६: लगानी र स्रोत व्यवस्थापन

सबै नागरिकहरूलाई आधारभूत तह निःशुल्क र अनिवार्य तथा माध्यमिक तह निःशुल्क उपलब्ध गराउने संवैधानिक प्रावधान रहेको छ। आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारको कार्यक्षेत्रमा राखिएको छ। आधारभूत तथा माध्यमिक शिक्षा, प्रारम्भिक बालविकास शिक्षा, खुला शिक्षा, दूर शिक्षा, विशेष शिक्षा, सामुदायिक सिकाइ केन्द्रहरूका अतिरिक्त औपचारिक संरचना बाहिरका ट्यूशन, कोचिङ सेन्टरहरूको नीति, योजना र समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको रहने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले २३ वटा अधिकारहरूको विस्तृत व्यवस्था गरेको पाइन्छ। कार्यक्षेत्रभित्रका शैक्षिक संस्थाहरूलाई अनुदान उपलब्ध गराउने, लेखापरीक्षण र वित्तीय सुशासन कायम गर्ने दायित्व पालिकाको कार्यक्षेत्रमा रहेकोले सीमित स्रोत–साधनलाई मितव्ययी, नियमित, प्रभावकारी र पारदर्शी ढङ्गले व्यवस्थापन गर्नुपर्नेछ।

### ६.१ वित्तीय व्यवस्थापन

वित्तीय व्यवस्थापन अन्तर्गत दुई पक्षहरूलाई समेटिएको छ। एकातिर योजना कार्यान्वयनका लागि आवश्यक पर्ने वित्तीय स्रोतको आकलन, प्राप्ति र उपयोगलाई समेटिएको छ भने प्रदेश तथा सङ्घीय सरकारबाट प्राप्त विभिन्न प्रकारका अनुदानहरूलाई विद्यालयहरूमा पुर्याई तोकिएबमोजिम खर्च, पारदर्शिता बढाउँदै समग्र पक्षमा वित्तीय अनुशासन कायम गर्नुपर्नेछ।

शिक्षा विकासका पूर्वाधारहरूलाई पनि पूर्वाधारकै रूपमा लिइन्छ। शिक्षाको समयसापेक्ष जुन गतिमा विकास हुनुपर्ने हो, त्यसो हुन सकेको छैन। विभिन्न प्रतिवेदनहरूले कुल बजेटको २० प्रतिशत बजेट शिक्षाको क्षेत्रमा विनियोजन गर्नुपर्ने भने तापनि सो अनुपातमा पुग्न सकेको छैन। यथार्थताको नजिक रहेर योजना बनाई सोहीबमोजिम बजेट विनियोजन गर्नुको सट्टा हचुवाको भरमा बजेट विनियोजन गर्ने कार्यले प्रश्रय पाएको छ। समुदायले विद्यालयमा लगानी गर्नुपर्छ भन्ने सोचमा गिरावट आएको छ। संविधानमा शिक्षालाई लगानीमैत्री बनाउने र लगानी बढाउँदै लैजाने नीति उल्लेख गरिएको छ।

कमजोर भौतिक पूर्वाधारलाई सुविधासम्पन्न बनाउनु, विद्यालयहरूको आर्थिक पक्षलाई सबलीकरण गर्नु, र विद्यालय शिक्षामा परिचालन हुने बजेटलाई पारदर्शी बनाउनु चुनौतिका रूपमा रहेका छन्। सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा शिक्षालाई राखिनु, र सङ्घ, प्रदेश र स्थानीय तहको एकल अधिकारका रूपमा समेत स्पष्ट गरिनुले शिक्षामा लगानीको राम्रो अवसर प्रदान गरेको छ।

#### ६.१.१ वर्तमान अवस्था

विश्वव्यापी रूपमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुल बजेटको कम्तीमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रतिबद्धता रहे तापनि शिक्षा क्षेत्रको बजेट क्रमशः घट्दै गइरहेको पाइन्छ। सशर्त अनुदानको रूपमा प्राप्त हुने केन्द्रीय अनुदानको ९५ प्रतिशतभन्दा बढी रकम शिक्षक तलब भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तकजस्ता शीर्षकहरूमा खर्च हुने गरेको छ। गुणस्तर अभिवृद्धि र क्षमता विकासका लागि स्थानीय सरकारका कार्यक्रमहरू केन्द्रित रहेका छन्। विद्यार्थी सङ्ख्याका आधारमा एकाइ लागत विश्लेषण गर्दा अभिभावकको प्रत्यक्ष लगानीका अतिरिक्त पालिका क्षेत्रमा अध्ययनरत विद्यार्थीको प्रतिविद्यार्थी लागत लगभग रु. २९,००० रहेको छ। अभिभावकको सहयोग विद्यालयका आम्दानीका प्रमुख स्रोतहरू बनेका छन्। यस दशवर्षीय स्थानीय शिक्षा योजना कार्यान्वयनको वित्तीय व्यवस्थापनका मुख्य स्रोत सङ्घीय, प्रदेश र स्थानीय सरकार रहनेछन्। अभिभावक र समुदायको भूमिका पूरकको रूपमा रहनेछ। शिक्षा क्षेत्रमा कार्य गर्ने सङ्घसंस्थाहरूलाई विज्ञताका आधारमा क्षेत्रगत रूपमा साझेदारी गर्न सकिनेछ। समग्र वित्तीय व्यवस्थापन अन्तर्गत योजना कार्यान्वयनका लागि पर्याप्त वित्तीय स्रोत जुटाउनु, शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई आवश्यकताको क्षेत्रमा स्रोत उपलब्ध गराउने, र स्रोत–साधनको प्रभावकारी

व्यवस्थापन मार्फत वित्तीय सुशासन कायम गर्ने कार्यहरू प्राथमिकतामा रहेका छन्। नतिजामा आधारित स्रोत विनियोजन पद्धतिमार्फत विद्यालयहरूलाई नियमित अनुदानका अतिरिक्त एकमुष्ट, मागमा आधारित, कार्यसम्पादनमूलक र प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरिनेछ। स्रोतको आकलन तपसिलबमोजिम गरिएको छ:

*तालिका 22: स्रोत व्यवस्थापन*

| क्र.स. | वित्तीय स्रोतको व्यवस्थापन | कुल बजेट रू हजारमा | कैफियत |
|---|---|---|---|
| १ | सङ्घीय सरकार | १२६५६२७.५ | |
| २ | प्रदेश सरकार | ०० | |
| ३ | स्थानीय सरकार | ५२८२१९.६ | |
| ४ | अभिभावक तथा समुदाय | | |
| ५ | सङ्घ संस्था तथा दातृनिकाय | | |
| ६ | स्थानीय दाता तथा अन्य स्रोत परिचालन | | |
| ७ | अपुग रकम | | |
| | जम्मा | | |

### ६.१.२ उद्देश्य

वित्तीय व्यवस्थापनको प्रभावकारी सञ्चालनका लागि निम्न उद्देश्यहरू निर्धारण गरिएका छन्। यी उद्देश्यहरूले योजना अवधिका लागि आवश्यक स्रोतको प्रक्षेपण, कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोतको पहिचान, उपलब्ध स्रोतको आधारमा प्राथमिकता निर्धारण, र खर्चको प्रक्रिया तथा दायित्व स्पष्ट गर्न मार्गदर्शन प्रदान गर्नेछन् :

- योजना अवधिका लागि शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्ने,
- पहिचान गरिएका कार्यक्रमहरूको कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोतको पहिचान गर्ने,
- उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्ने,
- खर्चको प्रक्रिया र दायित्व स्पष्ट गर्ने।

यी उद्देश्यहरूको प्राप्तिले सूर्यविनायक नगरपालिकामा वित्तीय व्यवस्थापनको प्रभावकारिता, पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्न सहयोग पुग्नेछ।

### ६.१.३ रणनीतिहरू

माथि उल्लेखित उद्देश्यहरू प्राप्त गर्न निम्न रणनीतिहरू अवलम्बन गरिनेछ। यी रणनीतिहरूले स्थानीय सरकारको लगानी, लक्षित शैक्षिक पहुँचको सुनिश्चितता, विद्यालयलाई जवाफदेही बनाउने, बजेटको हिस्सा वृद्धि, निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन, मापदण्डमा आधारित खर्च र प्रतिवेदन पद्धति, र वित्तीय व्यवस्थापन क्षमतामा सुधार सुनिश्चित गर्न सहयोग पुर्‍याउनेछन्:

- सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानी गर्ने,
- आफ्नो तहभित्रको लक्षित शैक्षिक पहुँच, सहभागिता एवं गुणस्तर सुनिश्चित गर्न लगानीको व्यवस्था गर्ने,
- स्रोतको उपयोग गर्ने विद्यालयलाई जवाफदेही बनाउने,
- वार्षिक रूपमा कुल बजेटको २० प्रतिशत हिस्सा शिक्षा क्षेत्रका कार्यक्रमका लागि क्रमशः वृद्धि गर्दै लैजाने,
- शिक्षामा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्द्धन गर्ने,
- मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गर्ने,
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाउने।

यी रणनीतिहरूको प्रभावकारी कार्यान्वयनमार्फत सूर्यविनायक नगरपालिकामा वित्तीय व्यवस्थापनको समग्र विकास, स्रोतको दिगो परिचालन र वित्तीय सुशासन सुनिश्चित गर्न सकिनेछ।

### ६.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि:** यस योजनाको कार्यान्वयनबाट वित्तीय व्यवस्थापन क्षेत्रमा निम्न उपलब्धिहरू हासिल हुने अपेक्षा गरिएको छ। यी उपलब्धिहरूले यस क्षेत्रको समग्र सुधार र दिगो विकासको जग बलियो बनाउनेछन् :

- शिक्षामा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा उल्लेख्य प्रगति भएको हुने,
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार भई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ हुने।

यी उपलब्धिहरूको प्राप्तिले सूर्यविनायक नगरपालिकामा वित्तीय व्यवस्थापनको पहुँच, गुणस्तर र प्रभावकारितामा उल्लेखनीय सुधार ल्याउन सहयोग पुग्नेछ।

*तालिका 23: विद्यालय शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापहरूको बजेट विवरण*

| | | **भौतिक लक्ष्य (५ वर्ष) प्रति इकाइ लागत रू ००० मा** | | | | | **स्रोत आँकलन** | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. स. | प्रमुख क्रियाकलाप | **२०८३** | **२०८४** | **२०८५** | **२०८६** | **२०८७** | **जम्मा** | **सङ्घ** | **प्रदेश** | **स्थानीय तह** | **अन्य** |
| १ | प्रारम्भिक वालविकास र शिक्षा | ३३५६९.० | ३४३६७.० | ३५०१६.९ | ३५७०९.० | ३६४४६.१ | १७५१०७.९ | १२१८४५.० | ०.० | ५३२६२.९ | ०.० |
| २ | आधारभूत शिक्षा | २१०८२०.० | २१२७७०.० | २१४८४६.८ | २१७०५८.५ | २१९४१४.० | १०७४९०९.२ | ८८९९७९.० | ०.० | १८४९३०.२ | ०.० |
| ३ | माध्यमिक शिक्षा | ५८७११.० | ६४४६७.३ | ६०८९२.२ | ६६७९०.२ | ६३०६६.१ | ३१३९२६.७ | २०५४६३.० | ०.० | १०५६२०.७ | ०.० |
| ४ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | ४२९०.० | ३८९७.३ | ४०११.५ | ४१३३.१ | ३८१२.४ | २०१४४.२ | १०७००.० | ०.० | ९४४४.२ | ०.० |
| ५ | पाठ्यक्रम तथा मूल्याङ्कन | ४१००.० | ४८२७.५ | ४५६९.८ | ४८२७.८ | ५१०२.६ | २३४२७.७ | २७४९.५ | ०.० | २०६७८.२ | ०.० |
| ६ | शिक्षक व्यवस्थापन र विकास | ८८००.० | ९२४०.५ | ९२९६.६ | ९५६९.४ | ९८५९.९ | ४६७६६.५ | १६०५२.० | ०.० | ३०७१४.५ | ०.० |
| ७ | समता र समावेशीता | ९०४२.० | ११४२५.५ | ८८३३.९ | ९७६८.९ | ९७३२.२ | ४८८०२.५ | ८९११.५ | ०.० | ३९८९१.० | ०.० |
| ८ | सूचना प्रविधि  र शिक्षा | ५६३५.० | ५८६९.० | ६११८.२ | ६३८३.६ | ६६६६.३ | ३०६७२.१ | ७६७७.५ | ०.० | २२९९४.६ | ०.० |
| ९ | विद्यालय भौतिक पूर्वाधार विकास | ५७५०.० | ६१२३.८ | ६५२१.८ | ६९४५.७ | ७३९७.२ | ३२७३८.४ | ०.० | ०.० | ३२७३८.४ | ०.० |
| १० | आपतकालीन अवस्थामा शिक्षा | १९००.० | २०२३.५ | २१५५.० | २२९५.१ | २४४४.३ | १०८१७.९ | ०.० | ०.० | १०८१७.९ | ०.० |
| ११ | संस्थागत क्षमता विकास | २२५०.० | २०५४.० | २१६४.८ | २२८२.७ | २४०८.३ | ११९५९.८ | १७५०.० | ०.० | ९४०९.८ | ०.० |
| १२ | शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | ८५०.० | ९०५.३ | ११६४.१ | १०२६.८ | १०९३.५ | ५०३९.६ | ०.० | ०.० | ५०३९.६ | ०.० |
| १३ | अनुगमन तथा मूल्याङ्कन र सुशासन प्रवर्धन | ७००.० | ५२६.० | ७५३.७ | ५८३.२ | ६१४.६ | ३१७७.५ | ५००.० | ०.० | २६७७.५ | ०.० |
| | **जम्मा** | ३४६४१७.० | ३५८४९६.५ | ३५६३४५.२ | ३६७३७४.० | ३६८०५७.४ | १७९६६९०.१ | १२६५६२७.५ | ०.० | ५२८२१९.६ | ०.० |

## परिच्छेद ७: कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण

जतिसुकै उत्कृष्ट योजना निर्माण भए तापनि कार्यान्वयन नगरिएको अवस्थामा सो योजना अर्थहीन हुन्छ। यसको अर्थ स्पष्ट हुन्छ – योजनाको कार्यान्वयन गर्नु भनेको योजनामा प्राण भर्नु हो। त्यसैगरी, योजनामा अनुगमन र मूल्याङ्कनलाई बेवास्ता गर्नु भनेको उक्त योजनाको रेखदेख र हेरचाह नगर्नु जस्तै हो। योजनाको सफल कार्यान्वयन गरी अपेक्षित नतिजा तथा उपलब्धिहरू प्राप्त गर्नका लागि योजनाको कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको उपयुक्त प्रबन्ध आवश्यक छ। अन्यथा, योजना कार्यान्वयन अलमलिएर कुहिरोमा हराएको कागजस्तै बन्दछ। यसका लागि आवश्यक सङ्गठन तथा संरचना, जनशक्ति, नीति, कानुन तथा मापदण्डसहितको जिम्मेवारी र उत्तरदायित्व पर्दछन्। यस योजनाको अघिल्लो परिच्छेदमा योजनाका लागि आवश्यक पर्ने सङ्गठन, संरचना तथा क्षमता विकासका रणनीति तथा क्रियाकलापहरू उल्लेख गरिसकिएकोले यस परिच्छेदमा महत्त्वपूर्ण पक्षका रूपमा रहेको योजनाको कार्यान्वयन, अनुगमन र मूल्याङ्कन र तत्सम्बन्धी प्रक्रिया तथा जिम्मेवारीलाई थप स्पष्ट पारिएको छ ।

नेपाल सङ्घीय संरचनाअनुसार सङ्घ, प्रदेश र स्थानीय तहको संरचना भई तीनै तहका सरकार क्रियाशील भएको लगभग दश वर्ष पुग्ने बेला भएको छ। यस अवधिमा केही कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिए तापनि राज्य प्रणालीलाई सङ्घीय संरचनाअनुरूप पूर्ण रूपमा रूपान्तरण गर्ने कार्य पूरा भएको छैन। त्यसैले, एकातिर यस सङ्क्रमणलाई सहज रूपमा अवतरण गर्न सहयोग पुग्ने गरी कार्यान्वयन प्रबन्ध गर्नुपर्ने छ भने अर्कोतिर योजना कार्यान्वयनका विशिष्ट कार्यहरू सम्पादनका लागि आवश्यक संरचनाको प्रबन्धका साथै योजनाको कार्यान्वयनका लागि स्थापित संरचना तथा प्रक्रियाले समग्र शिक्षा प्रणालीलाई प्रभाव पार्ने भएकाले कार्यान्वयन प्रबन्धको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु आवश्यक छ ।

त्यसैगरी, शैक्षिक कार्यक्रमहरूमा स्रोत र साधनहरूको विनियोजन र वितरण कसरी भइरहेको छ, लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यक्रम कार्यान्वयन प्रक्रियामा त्रुटिहरू छन् वा छैनन् भन्ने कुरा निश्चित गर्न व्यवस्थापनबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगतिबारे नियमित वा आवधिक रूपमा निगरानी, निरीक्षण, पुनरावलोकन, पर्यवेक्षण एवं जाँचबुझ गर्ने/गराउने कार्य अनुगमन हो। यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँछ। शैक्षिक कार्यक्रमको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा सुव्यवस्थित एवं उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो। मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ। अनुगमन सामान्यतया कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भएपश्चात् पनि गरिन्छ। अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई उद्देश्यमूलक, पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायी बनाउन सहयोग गर्दछ ।

यस पालिकाले शिक्षा कार्यक्रमको कार्यान्वयन वार्षिक स्वीकृत कार्यक्रमअनुरूप गर्नेछ। स्थानीय तह र विद्यालयको आधारभूत तहमा सञ्चालन हुने कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ। प्रत्येक विद्यालय र पालिकाले बजेटमा तोकिएको जिम्मेवारीअनुसार कार्यक्रम सञ्चालन गर्नेछन्। कार्यक्रम सञ्चालनका लागि बजेट र आवश्यक प्रबन्ध पालिकाको शिक्षा शाखाले गर्नेछ ।

जब कार्यक्रमहरूको कार्यान्वयन भए/नभएको अनुगमन तथा मूल्याङ्कन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजनमा अनुगमन समिति, र विद्यालय तहमा विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको नेतृत्वमा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनको अनुगमन गरिनेछ। विद्यालय अनुगमनका क्रममा नगरपालिकाले समग्र पक्ष (शैक्षिक, प्रशासनिक र भौतिक) को नियमित अनुगमन, सुपरिवेक्षण र निरीक्षण गर्नेछ। अनुगमनपश्चात् सरोकारवालाहरूसँग समीक्षा बैठक गरी अनुकरणीय

पक्षको प्रचार–प्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ। कार्यक्रम कार्यान्वयनका लागि नीतिगत रूपमा पालिका र विद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्याङ्कन समिति गठन गरी सक्रिय गरिनेछ ।

### ७.१.१ वर्तमान अवस्था

सिङ्गो मुलुक र अधिकांश पालिकाहरू शिक्षाप्रति जति सकारात्मक हुनुपर्थ्यो, त्यति नभए पनि सूर्यविनायक नगरपालिकाले शिक्षामा लगानी बढाउनुका साथै यसको कार्यान्वयन पक्षलाई सशक्त बनाउन प्रभावकारी भूमिका निर्वाह गरिरहेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ का आधारमा नगरपालिकाको उपमेयरको अध्यक्षतामा योजना कार्यान्वयन तथा अनुगमन समिति गठन गरिएको छ, जसमा नगरकार्यपालिकाका दुई जना सदस्य र योजना शाखा प्रमुख समितिको सदस्य रहने व्यवस्था गरिएको छ। समितिले योजनाका लागि बजेट उपलब्ध भइसकेपछि त्यसको कार्यान्वयनदेखि कार्यसम्पन्नका गतिविधिहरू विधिसम्मत तरिकाले सम्पादन भए/नभएको हेर्ने काम गर्दछ। त्यसमा पनि शिक्षासम्बन्धी कार्यक्रमहरूको सञ्चालन, कार्यान्वयन पक्षको अनुगमन र मूल्याङ्कनका लागि नगर उपप्रमुखको अध्यक्षतामा नगर शिक्षा समिति पनि आवश्यकता अनुसार सक्रिय भएको छ। यसका अतिरिक्त, शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख, शाखा अधिकृत, र विषय विज्ञहरूबाट समेत आवश्यकता अनुसार अनुगमन कार्यमा सामेल भएको पाइन्छ। योजना कार्यान्वयन तथा अनुगमन समितिले गरेको अनुगमनसम्बन्धी कार्यको पनि अनुगमन गर्ने कार्य नगरपालिका प्रमुख र अन्य जनप्रतिनिधिहरूबाट भइरहेको अवस्था छ। साथै, नगरपालिका स्तरीय परीक्षा सञ्चालन तथा व्यवस्थापनका लागि नगर उपप्रमुखको संयोजकत्वमा एक परीक्षा समिति समेत गठन भई कार्यान्वयनमा आएको छ। उक्त समितिले परीक्षासम्बन्धी कार्य सम्पादन गर्ने र परीक्षा सञ्चालन समयमा विद्यालयको निरीक्षण र अनुगमन गर्ने कार्य समेत गर्दै आएको छ ।

विद्यालय स्तरमा पनि विद्यालय व्यवस्थापन समिति र शिक्षक–अभिभावक सङ्घको तर्फबाट कुनै कार्यक्रमको कार्यान्वयन पक्षको रेखदेख र अनुगमन गर्ने गरिएको छ। विद्यालयको भौतिक पूर्वाधार विकास, खाजा व्यवस्थापन, विज्ञान प्रयोगशाला व्यवस्थापन, पुस्तकालय व्यवस्थापन, कम्प्युटर ल्याब व्यवस्थापन, परीक्षा व्यवस्थापन, अतिरिक्त क्रियाकलाप व्यवस्थापन आदिका कार्यसम्पादन एवं अनुगमनका लागि शिक्षक वा विद्यालय व्यवस्थापन समितिका सदस्य वा शिक्षक–अभिभावक सङ्घको सदस्यको संयोजकत्वमा समितिहरू गठन गरी कार्य गर्ने गरिएको छ। यसरी हेर्दा पनि सरोकारवाला र नागरिक समाजलाई चित्त बुझेन भने त्यस्ता गुनासाहरू प्रधानाध्यापक हुँदै विद्यालय व्यवस्थापन समिति, वडा समिति र नगर कार्यपालिकासम्म पुग्ने गरेका छन्। त्यत्तिले पनि सम्बन्धित पक्ष सन्तुष्ट नभएको अवस्थामा गुनासाहरू अख्तियार दुरुपयोग अनुसन्धान आयोग र न्यायालयसम्म पनि पुग्ने गरेको अवस्था छ। यी सबै कार्य र संयन्त्रको सहयोगले योजनाको कार्यान्वयन र अनुगमन पक्षलाई प्रभावकारी बनाउन योगदान पुगिरहेको देखिन्छ ।

अनुगमन तथा मूल्याङ्कनका संरचना वा निकायहरू खडा भए तापनि तिनलाई सक्रिय बनाउन बाँकी नै छ। कहिलेकाहीँ गरिएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वयन गर्ने परिपाटी छैन। समग्र कार्यक्रम कार्यान्वयन र प्रगति समीक्षा प्रभावकारी रूपमा हुन सकेको छैन। प्रभावकारी अनुगमन र मूल्याङ्कनको स्थायी प्रणालीको निर्माण र परिचालनमा समस्या छ। सफलता, सिकाइ र राम्रा अभ्यासहरूको दस्तावेजीकरण र प्रचार–प्रसारको पनि खाँचो रहेको छ ।

ऐन, नियमअनुसार कार्य भए/नभएको लेखाजोखा गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने, र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको मूल्याङ्कन गर्ने कार्यहरू नियमित रूपमा भइरहेका छन्। आगामी दिनमा सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय, व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन, लेखाजोखा तथा मूल्याङ्कन गरिनेछ। सङ्घमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्रले अनुगमन तथा मूल्याङ्कनका कार्यहरूको

समन्वय र सञ्चालन गर्नेछन्। यस नगरपालिकाको स्थानीय शिक्षा योजना सरोकारवालाहरूलाई जानकारी गराई सो कार्यान्वयन भए/नभएको सम्बन्धित निकायबाट अनुगमन गरिनेछ। अनुगमन प्रक्रिया तपसिलबमोजिम हुनेछ:

*तालिका 24: अनुगमन तथा मुल्यांकनसँग सम्बन्धित प्रमुख क्रियाकलाप तथा लक्ष्य*

| क्र.स. | अनुगमन गर्ने निकाय | अनुगमन प्रक्रिया | जिम्मेवारी | अनुगमन समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | वडा शिक्षा समिति | अलवोकन, निरक्षण, सुपरीवेक्षण, प्रतिवेदन | संयोजक | मासिक | आगन्तुक पुस्तिका, विद्यालय अनुगमन फाराम, कक्षाकोठा अनुगमन फाराम, प्रतिवेदन |
| २ | नगर शिक्षा समिति | | संयोजक | मासिक | |
| ३ | वडा कार्यालय | | अध्यक्ष तथा पदाधिकारी | मासिक | |
| ४ | पालिका | | अध्यक्ष तथा पदाधिकारी | त्रैमासिक | |
| ५ | शिक्षा विकास तथा समन्वय इकाइ | | इकाइ प्रमुख | वार्षिक | |
| ६ | जिल्ला समन्वय समिति | | प्रमुख तथा पदाधिकारी | वार्षिक | |
| ७ | शिक्षा युवा तथा खेलकुद शाखा | | | मासिक | |
| ८ | विद्यालय सुपरीवेक्षक | | | मासिक | |
| ९ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | | | वार्षिक | |
| १० | प्रदेश शिक्षा विकास निर्देशनालय | | | वार्षिक | |
| ११ | नागरिक समाज तथा गैर सरकारी सङ्घसंस्था | | | मासिक | |

कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको क्षेत्रमा अवसरको रूपमा पनि केही अनुकूलताहरू देखिएको अवस्था छ। पहिलेभन्दा अहिलेको परिवेशमा नागरिक समाजबाट पनि निगरानी र अनुगमन, एवं कार्यक्रम कार्यान्वयनको अवस्थाको बारेमा जानकारी गर्ने/गराउने काम स्वतःस्फूर्त तरिकाबाट भइरहेको छ। सञ्चारकर्मीहरूले वाच डगको भूमिकामा सूक्ष्म रूपमा निगरानी गरेको अवस्था छ। सामाजिक सञ्जालहरूले समेत केही हदसम्म मानिसहरूले कुनै पनि कार्यक्रमहरूका बारेमा आफ्ना भावना र विचार राख्ने गरेका छन्। मानवसेवा, सामाजिक क्षेत्र र बालबालिकाको क्षेत्रमा काम गर्नेहरूले समेत कार्यक्रम कार्यान्वयनको अवस्थाको बारेमा अनुगमन र निगरानी गरेको अवस्था छ। अहिले त कतिपय अनुगमन र निगरानीको सवालमा अघि–अघि सङ्घसंस्था र नागरिक समाज, अनि पछि–पछि सरकार भएको अवस्था पनि छ। यो परिवेशलाई योजना लगायत कुनै पनि कार्यक्रम कार्यान्वयनको अवस्थामा देखिएको सुखद अवसर हो भन्न सकिन्छ। स्थानीय शिक्षा योजनाको प्रचार–प्रसार गर्न सरोकारवालाहरूलाई भेला गराई सूचना तथा प्रविधिका अन्य माध्यमबाट जानकारी गराइनेछ। योजनाको कार्यान्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यका लागि नगरपालिका तथा सम्बन्धित वडाहरूले यस योजनासँग सम्बन्धित तह तथा निकायहरूसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्नेछन्। योजनाको कार्यान्वयनको क्रममा नगरपालिका, वडाहरू, सम्बन्धित समिति तथा उपसमितिहरूको बैठक कार्यतालिका वा आवश्यकताअनुसार बस्नेछ।

### ७.१.२ उद्देश्य

योजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको प्रभावकारी व्यवस्थापनका लागि निम्न उद्देश्यहरू निर्धारण गरिएका छन्। यी उद्देश्यहरूले वार्षिक बजेट तथा कार्यक्रमको तयारी र कार्यान्वयन, एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमार्फत कार्यक्रम कार्यान्वयनका नतिजाहरूको विवरण तयार, समीक्षा र सुधार, र नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गर्न मार्गदर्शन प्रदान गर्नेछन् :

- वार्षिक बजेट तथा कार्यक्रमको तयारी र कार्यान्वयन गर्नु,

- एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयनका नतिजाहरूको विवरण तयार, समीक्षा र सुधार गर्नु,
- नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गर्नु ।

यी उद्देश्यहरूको प्राप्तिले सूर्यविनायक नगरपालिकामा योजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको प्रभावकारी प्रणाली स्थापित भई योजना कार्यान्वयनको गुणस्तर, पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्न सहयोग पुग्नेछ ।

### ७.१.३ रणनीतिहरू

माथि उल्लेखित उद्देश्यहरू प्राप्त गर्न निम्न रणनीतिहरू अवलम्बन गरिनेछ। यी रणनीतिहरूले एकीकृत शैक्षिक अनुगमन मार्गदर्शनको निर्माण, प्रविधिको प्रयोग, शैक्षिक सूचना व्यवस्थापन प्रणालीको सुदृढीकरण, स्थानीय सूचकहरूको समावेश, संरचना र जनशक्तिको प्रबन्ध, प्रमाणमा आधारित प्रणाली, प्रतिपुष्टिको उपयोग, नतिजामूलक प्रणालीको अवलम्बन, सहभागितामूलक प्रणाली, कार्यस्थलमा आधारित अनुगमन, र पुरस्कार तथा दण्ड प्रणालीको विकास सुनिश्चित गर्न सहयोग पुऱ्याउनेछन् :

- एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शनको निर्माण र उपयोग गर्ने,
- अनुगमन, मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग गर्ने,
- शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गर्ने,
- राष्ट्रिय सूचकहरूका अतिरिक्त आवश्यकताअनुसार स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आबद्ध गर्ने,
- योजनाका आगत (Input), प्रक्रिया (Process), परिणाम (Output), उपलब्धि (Outcome) र प्रभाव (Impact) समेतको अनुगमन तथा मूल्याङ्कनका लागि संरचना र जनशक्तिको प्रबन्ध गर्ने,
- प्रमाणमा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गर्ने,
- अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त प्रतिपुष्टिलाई उपयोग गर्ने,
- कुल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गर्ने,
- सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गर्ने,
- कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवं प्रतिवेदन प्रणालीको प्रबन्ध गर्ने,
- पुरस्कार र दण्ड प्रणालीको विकास गर्ने ।

यी रणनीतिहरूको प्रभावकारी कार्यान्वयनमार्फत सूर्यविनायक नगरपालिकामा योजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको समग्र विकास, प्रणालीको प्रभावकारिता र योजना कार्यान्वयनको गुणस्तर सुनिश्चित गर्न सकिनेछ ।

### ७.१.४ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि:** यस योजनाको कार्यान्वयनबाट योजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कन क्षेत्रमा निम्न उपलब्धिहरू हासिल हुने अपेक्षा गरिएको छ। यी उपलब्धिहरूले यस क्षेत्रको समग्र सुधार र दिगो विकासको जग बलियो बनाउनेछन् :

- प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि प्रतिपुष्टि प्राप्त हुने ।
- कार्यक्रमको आवधिक समीक्षा भई सफलतालाई निरन्तरता, असफलतालाई सुधार, कमी–कमजोरीमा सुधार र पुनर्योजना गर्न मद्दत हुने ।
- समग्र कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुने ।

यी उपलब्धिहरूको प्राप्तिले सूर्यविनायक नगरपालिकामा योजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको पहुँच, गुणस्तर र प्रभावकारितामा उल्लेखनीय सुधार ल्याउन सहयोग पुग्नेछ।

**प्रमुख नतिजा:** योजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कन कार्यक्रमको सफल कार्यान्वयनपछि निम्न नतिजाहरू प्राप्त हुने अपेक्षा गरिएको छ। यी नतिजाहरूले नतिजामा आधारित अनुगमन प्रणालीको स्थापना, अनुगमनका आधारमा नतिजामा सुधार, संस्थागत संरचना तथा क्षमता विकास, विद्यार्थी उपलब्धि परीक्षणका नतिजाका आधारमा सुधार गर्ने परिपाटीको स्थापना, विभिन्न कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन, र सिकाइ उपलब्धिको दस्तावेज तयार गर्ने सुनिश्चितता गर्नेछन् :

- नतिजामा आधारित अनुगमन प्रणाली स्थापित हुने,
- अनुगमनका आधारमा नतिजामा सुधार हुने,
- अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमताको विकास हुने,
- विद्यार्थी उपलब्धि परीक्षणका नतिजाका आधारमा सुधार गर्ने परिपाटी स्थापित हुने,
- विभिन्न कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने,
- सिकाइ उपलब्धिको दस्तावेज तयार हुने।

यी नतिजाहरूको प्राप्तिले योजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको क्षेत्रमा गुणात्मक सुधार ल्याई योजना कार्यान्वयनको पारदर्शिता, उत्तरदायित्व र प्रभावकारिता सुनिश्चित गर्न सहयोग पुग्नेछ।

**प्रमुख क्रियाकलाप र लक्ष्य:** योजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको पहुँच, गुणस्तर र दिगोपन सुनिश्चित गर्न निम्न प्रमुख क्रियाकलापहरू सञ्चालन गरिनेछ। ती क्रियाकलापहरूका लागि निर्धारित भौतिक लक्ष्यहरू तालिकामा प्रस्तुत गरिएको छ:

*तालिका 25: अनुगमन तथा मुल्यांकनसँग सम्बन्धित लक्ष्य निर्धारण*

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | |
| १ | अनुगमन पद्धति विकास तथा कार्यान्वयन | पटक | १ | | | | | १ |
| २ | अनुगमन प्रणालीका लागि सूचक तयारी र अध्यावधिक | पटक | १ | | १ | | १ | ३ |
| ३ | अनुगमन | पटक | २ | २ | २ | २ | २ | १० |
| ४ | चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ |
| ५ | स्थिति प्रतिवेदन तयारी | पटक | १ | १ | १ | १ | १ | ५ |
| ६ | विद्यार्थी सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ७ | विद्यालयको कार्यसम्पादन परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ८ | अनुगमन सम्वन्धी क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ |
| ९ | सामाजिक परीक्षणलाई प्रभावकारी र नियमित बनाउने | पटक | १ | १ | १ | १ | १ | ५ |
| १० | विद्यालयको लेखा परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ११ | अध्ययन तथा अनुसन्धान | पटक | २ | २ | २ | २ | २ | १० |

यी क्रियाकलापहरूको नियमित अनुगमन, मूल्याङ्कन र समयमै सम्पादनले योजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको गुणस्तर, पहुँच र प्रभावकारितामा उल्लेखनीय सुधार ल्याई योजना कार्यान्वयनको पारदर्शिता, उत्तरदायित्व र प्रभावकारिता सुनिश्चित गर्न सहयोग पुग्नेछ ।

## अनुसूची

# क्षेत्रगत/क्रियाकलापगत बजेट लागत अनुमान।

| प्रारम्भिक वालविकास र शिक्षा | | भौतिक लक्ष्य (५ वर्ष) प्रति इकाइ लागत रू ००० मा | | | | | | स्रोत आँकलन | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम नीति, नियम ,कार्यविधि, मापदण्ड निर्माण तथा मापदण्ड प्रबोधीकरण गर्ने | पटक | २०० | २१३ | २२७ | २४२ | २५७ | ११३९ | | | ११३९ | |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण | पटक | | २०० | २१३ | २२७ | २४२ | ८८१ | | | ८८१ | |
| ३ | परिवार, समुदाय, गैर सरकारी सङ्घसंस्था, निजीक्षेत्रसँगको सहकार्य गर्ने | निरन्तर | १०० | १०७ | ११३ | १२१ | १२९ | ५६९ | | | ५६९ | |
| ४ | अनाथ असहाय र अपाङ्गता पहिचान गरी थप सेवा उपलब्ध गराउने | पटक | २०० | २१३ | २२७ | २४२ | २५७ | ११३९ | | | ११३९ | |
| ५ | बाल विकास केन्द्रमा छुट्टै सुरक्षित तथा अपाङ्गमैत्री शौचालयको व्यवस्था गर्ने | वटा | १००० | १०६५ | ११३४ | १२०८ | १२८६ | ५६९४ | | | ५६९४ | |
| ६ | बालबालिकाको अभिलेखीकरण गर्नका लागि आवश्यक सहयोग गर्ने | निरन्तर | ५०० | ५३३ | ५६७ | ६०४ | ६४३ | २८४७ | | | २८४७ | |
| ७ | अनाथ असहाय र अपाङ्गता भएका बालबालिकाका लागि आवशीय योजना | वटा | १५०० | १५९८ | १७०१ | १८१२ | १९३० | ८५४० | | | ८५४० | |
| ८ | पोषणयुक्त दिवा खाजाको व्यवस्था गर्ने | निरन्तर | ४००० | ४००० | ४००० | ४००० | ४००० | २०००० | २०००० | | | |
| ९ | बालविकास पाठ्यक्रम प्रबोधीकरण गर्ने | पटक | १०० | १०७ | ११३ | १२१ | १२९ | ५६९ | | | ५६९ | |
| १० | वालविकास केन्द्रमा न्यूनतम मापदण्ड पूरा गर्न आवश्यक कार्य गर्ने | वटा | १००० | १०६५ | ११३४ | १२०८ | १२८६ | ५६९४ | | | ५६९४ | |
| ११ | सहजकर्ताहरूको पेशागत विकास तालिम सञ्चालन गर्ने | पटक | ४०० | ४२६ | ४५४ | ४८३ | ५१५ | २२७७ | | | २२७७ | |
| १२ | बालबालिकाको स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्य सम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन गर्ने र कुपोषण भएका बालबालिकाको लागि आवश्यक प्रबन्ध गर्ने | पटक | १०० | १०७ | ११३ | १२१ | १२९ | ५६९ | | | ५६९ | |
| १३ | स्थानीय भाषालाई प्राथमिकता दिई आवश्यकताअनुसार स्थानीय भाषाको प्रयोग | आवश्यकता अनुसार | १०० | १०७ | ११३ | १२१ | १२९ | ५६९ | | | ५६९ | |
| १४ | अभिभावक शिक्षा कार्यक्रम सञ्चानल गर्ने | पटक | २०० | २१३ | २२७ | २४२ | २५७ | ११३९ | | | ११३९ | |
| १५ | अभिभावक तथा समुदायका सदस्य मार्फत स्थानीय ज्ञान तथा सीपहरू बालबालिकालाई सिकाउने व्यवस्था | पटक | २०० | २१३ | २२७ | २४२ | २५७ | ११३९ | | | ११३९ | |
| १६ | बालबालिकाको शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षा तथा आवश्यकता अनुसार मनोसामाजिक परामर्श उपलब्ध गराउने | आवश्यकता अनुसार | २०० | २१३ | २२७ | २४२ | २५७ | ११३९ | | | ११३९ | |
| १७ | परिवार, समुदाय, निजीक्षेत्र तथा गैर सरकारी सङ्घसंस्थाहरूको सहभागिता, संलग्नता र जिम्मेवारी वृद्धि | निरन्तर | १०० | १०७ | ११३ | १२१ | १२९ | ५६९ | | | ५६९ | |
| १८ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली कार्यान्वयन गर्ने | निरन्तर | १०० | १०७ | ११३ | १२१ | १२९ | ५६९ | | | ५६९ | |
| १९ | वालविकास केन्द्रमा थप सहयोगी (आया) को व्यवस्था | जना | १५०० | १५९८ | १७०१ | १८१२ | १९३० | ८५४० | | | ८५४० | |
| २० | प्रारम्भिक वालविकास  शिक्षकको सेवा तथा सुविधामा वृद्धी गर्ने | पटक | १५०० | १५९८ | १७०१ | १८१२ | १९३० | ८५४० | | | ८५४० | |
| २१ | नमुना प्रारम्भिक वालविकास सहजकर्तालाई पुरस्कारको व्यवस्था गर्ने | जना | १०० | १०७ | ११३ | १२१ | १२९ | ५६९ | | | ५६९ | |
| २२ | अन्य तह वा निकायसँगको समन्वयमा कार्यक्रम सञ्चालन | पटक | १०० | १०७ | ११३ | १२१ | १२९ | ५६९ | | | ५६९ | |
| २३ | प्रारम्भिक बालविकास कार्यालय सहयोगीको पारिश्रमिक | जना | ४४२० | ४४२० | ४४२० | ४४२० | ४४२० | २२१०० | २२१०० | | | |
| २४ | प्रारम्भिक बालविकास कार्यालय सहयोगीको नपुग पारिश्रमिक व्यवस्थापन | जना | ४२२१ | ४२२१ | ४२२१ | ४२२१ | ४२२१ | २११०५ | २११०५ | | | |
| २५ | सहजकर्ताहरूको पारिश्रमिक व्यवस्थापन | जना | ६७०८ | ६७०८ | ६७०८ | ६७०८ | ६७०८ | ३३५४० | ३३५४० | | | |
| २६ | स्थानीय तहबाट सहजकर्ताहरूको नपुग पारिश्रमिक व्यवस्थापन | जना | ४२२० | ४२२० | ४२२० | ४२२० | ४२२० | २११०० | २११०० | | | |
| २७ | वालविकास केन्द्रका लागि प्रति विद्यार्थी अनुदान वितरण | पटक | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० | ४००० | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **जम्मा** | | **३३५६९** | **३४३६७** | **३५०१७** | **३५७०९** | **३६४४६** | **१७५१०८** | **#####** | **०** | **५३२६३** | |
| **आधारभूत शिक्षा** | | | | | | | | | | | | |
| १ | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १०० | १०७ | ११३ | १२१ | १२९ | ५६९ | | | ५६९ | |
| २ | कक्षागत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलानका लागि आवश्यक कार्य | निरन्तर | २०० | २१३ | २२७ | २४२ | २५७ | ११३९ | | | ११३९ | |
| ३ | भर्ना अभियान कार्यक्रम सञ्चालन | पटक | ३०० | ३२० | ३४० | ३६२ | ३८६ | १७०८ | | | १७०८ | |
| ४ | आधारभूत तहका बालबालिकाहरूका लागि सिकाइ सामग्री व्यवस्था | विद्यालय | ५०० | ५३३ | ५६७ | ६०४ | ६४३ | २८४७ | | | २८४७ | |
| ५ | विद्यालयको न्यूनतम भौतिक पूर्वाधार विकास | कोठा | १५००० | १५९७५ | १७०१३ | १८११९ | १९२९७ | ८५४०५ | | | ८५४०५ | |
| ६ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | ५०० | ५३३ | ५६७ | ६०४ | ६४३ | २८४७ | | | २८४७ | |
| ७ | आधारभूत तहका शिक्षक क्षमता विकास कार्यक्रम | पटक | ३०० | ३२० | ३४० | ३६२ | ३८६ | १७०८ | | | १७०८ | |
| ८ | आधारभूत विद्यालयमा सूचना प्रविधिको विस्तार | विद्यालय | ५०० | ५३३ | ५६७ | ६०४ | ६४३ | २८४७ | | | २८४७ | |
| ९ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजाको प्रबन्ध कक्षा (१-५) | जना | ८२८० | ८२८० | ८२८० | ८२८० | ८२८० | ४१४०० | ४१४०० | | | |
| १० | निःशुल्क पाठ्यपुस्तक व्यवस्था | जना | ३२०० | ३२०० | ३२०० | ३२०० | ३२०० | १६००० | १३५०४ | | २४९६ | |
| ११ | अपाङ्गता तथा विशेष अवस्थाका बालबालिकाहरूको लागि प्रोत्साहनमूलक कार्यक्रम | जना | ५०० | ५३३ | ५६७ | ६०४ | ६४३ | २८४७ | | | २८४७ | |
| १२ | विद्यालय व्यवस्थापन तथा व्यवस्थित परीक्षा प्रणाली आधारभूत तह सम्मको सम्पूर्ण परीक्षा व्यवस्थापन सहित | पटक | २५०० | २५०० | २५०० | २५०० | २५०० | १२५०० | ८७५ | | ११६२५ | |
| १३ | शैक्षिक व्यवस्थापन सूचना प्रणालीको सुदृढीकरण व्यवस्थापन | पटक | २०० | २१३ | २२७ | २४२ | २५७ | ११३९ | | | ११३९ | |
| १४ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | विद्यालय | २०० | २१३ | २२७ | २४२ | २५७ | ११३९ | | | ११३९ | |
| १५ | विद्यार्थीहरूको लागि अतिरिक्त क्रियाकलाप सञ्चालन | पटक | ५०० | ५३३ | ५६७ | ६०४ | ६४३ | २८४७ | | | २८४७ | |
| १६ | उत्कृष्ट शिक्षकलाई पुरस्कारको व्यवस्था गर्ने | जना | २०० | २१३ | २२७ | २४२ | २५७ | ११३९ | | | ११३९ | |
| १७ | आधारभूत तहका शिक्षकहरूको लागि (राहत शिक्षक सहित )तलब व्यवस्थापन | जना | १६४००० | १६४००० | १६४००० | १६४००० | १६४००० | ८२०००० | ##### | | | |
| १८ | आधारभूत तहमा शिक्षण सिकाइ अनुदानमा कार्यरत शिक्षकको तलब व्यवस्थापन | जना | | | | | | | | | ० | |
| १९ | स्थानीय तहबाट नपुग शिक्षक व्यवस्थापन | जना | १०००० | १०६५० | ११३४२ | १२०७९ | १२८६५ | ५६९३६ | | | ५६९३६ | |
| २० | आधारभूत तहको प्रति विद्यार्थी लागत अनुदान | पटक | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० | ४००० | | | |
| २१ | विद्यालय सञ्चालन तथा व्यवस्थापन | पटक | १००० | १००० | १००० | १००० | १००० | ५००० | ५००० | | | |
| २२ | दलित, छात्रा, सिमान्तकृत तथा अपाङ्ग विद्यार्थीको लागि छात्रवृत्ति | पटक | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० | ४००० | | | |
| २३ | सीपमूलक शिक्षाका लागि व्यवस्थापन | पटक | १००० | १०६५ | ११३४ | १२०८ | १२८६ | ५६९४ | | | ५६९४ | |
| २४ | विद्यालय सुधार योजना निर्माण एवम् कार्यान्वयन | पटक | २४० | २४० | २४० | २४० | २४० | १२०० | १२०० | | | |
| | **जम्मा** | | **२१०८२०** | **२१२७७०** | **२१४८४७** | **२१७०५८** | **२१९४१४** | **१०७४९०९** | **#####** | **०** | **१८४९३०** | |
| **माध्यमिक शिक्षा** | | | | | | | | | | | | |
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक पर्ने कानुन, कार्यविधि, निर्देशिकाहरू तयारी | पटक | ३०० | | | | | ३०० | | | ३०० | |
| २ | विद्यालय सेवा क्षेत्रको सिमांकन गरी हरेक माध्यमिक विद्यालयको सेवा क्षेत्र एकीन गर्ने र सिमाङ्कन भित्रका बालबालिकाहरू भर्नाको सुनिश्चितताको लागि विद्यालयमा नक्साङ्कन, पुनर्वितरण तथा समायोजन र स्थापना | पटक | | | ३०० | | | ३०० | | | ३०० | |
| ३ | माध्यमिक शिक्षामा विज्ञान प्रविधि, इन्जिनियरिङ, कला र गणित शिक्षा (STEAM) जस्ता विषयको सिकाइलाई अन्तर सम्बन्धित गर्ने र विज्ञान, गणित तथा कम्प्युटर विज्ञान विषय अध्ययनका लागि अवसर बढाउने | निरन्तर | १००० | १०६५ | ११३४ | १२०८ | १२८६ | ५६९४ | | | ५६९४ | |
| ४ | माध्यमिक शिक्षामा सबैको पहुँच सनिश्चित गर्न आवश्यकतानुसार बसको व्यवस्था तथा खुला तथा दूर शिक्षा लगायतका बैकल्पिक प्रबन्ध गर्ने | माध्यमिक विद्यालय | ५००० | ५३२५ | ५६७१ | ६०४० | ६४३२ | २८४६८ | | | २८४६८ | |
| ५ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, खानेपानी, खेलमैदान, घेरावार, शौचालय) | माध्यमिक | ५००० | ५३२५ | ५६७१ | ६०४० | ६४३२ | २८४६८ | | | २८४६८ | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | प्रविधि तथा व्यवहार कुशल सीपहरूको एकीकरण तथा विद्यार्थी मूल्याङ्कन सम्वन्धी शिक्षक क्षमता विकास | जना | ३०० | ३२० | ३४० | ३६२ | ३८६ | १७०८ | | | १७०८ | |
| ७ | सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि तथा कृतिम बौद्धिकता लगायतका प्रविधिको प्रयोगमा वृद्धि गर्न आवश्यक संरचना, सामग्री व्यवस्थापन | विद्यालय | ५०० | ५३३ | ५६७ | ६०४ | ६४३ | २८४७ | | | २८४७ | |
| ८ | प्राविधिक व्यावसायिक शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरूको स्थापना तथा विस्तार | मा वि | | ५००० | | ५००० | | १०००० | | | १०००० | |
| ९ | सीपमूलक, तथा रोजगारमूलक शिक्षाको व्यवस्थापन र विकास गर्नु। | मा वि | १००० | १०६५ | ११३४ | १२०८ | १२८६ | ५६९४ | | | ५६९४ | |
| १० | विभिन्न किसिममा अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | विद्यार्थी | ५०० | ५३३ | ५६७ | ६०४ | ६४३ | २८४७ | | | २८४७ | |
| ११ | निःशुल्क पाठ्यपुस्तक वितरण | विद्यार्थी | ११०० | ११०० | ११०० | ११०० | ११०० | ५५०० | ५५०० | | | |
| १२ | विपन्न लक्षित छात्रवृत्ति वितरण | विद्यार्थी | १५० | १५० | १५० | १५० | १५० | ७५० | ७५० | | | |
| १३ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस तथा स्टेशनरी सहयोग | विद्यार्थी | ५०० | ५३३ | ५६७ | ६०४ | ६४३ | २८४७ | | | २८४७ | |
| १४ | विद्यालय व्यवस्थापन तथा सञ्चालन अनुदान | पटक | १०५० | १०५० | १०५० | १०५० | १०५० | ५२५० | ५२५० | | | |
| १५ | विद्यालय सुधार योजना निर्माण एवम् कार्यान्वयन | पटक | २०० | २०० | २०० | २०० | २०० | १००० | १००० | | | |
| १६ | प्रति विद्यार्थी लागत अनुदान | पटक | १०५९ | १०५९ | १०५९ | १०५९ | १०५९ | ५२९५ | ५२९५ | | | |
| १७ | उत्कृष्ट शिक्षक पुरस्कार व्यवस्था गर्ने | जना | २०० | २१३ | २२७ | २४२ | २५७ | ११३९ | | | ११३९ | |
| १८ | शिक्षक तलव भत्ता | शिक्षक | ३५६०० | ३५६०० | ३५६०० | ३५६०० | ३५६०० | १७८००० | ##### | | | |
| १९ | शिक्षण सिकाइ अनुदानमा कार्यरत शिक्षक तलव भत्ता | शिक्षक | २३०२ | २३०२ | २३०२ | २३०२ | २३०२ | ११५१० | ८६६७ | | | |
| २० | विद्यालय कर्मचारी पारिश्रमिक व्यवस्थापन | जना | १९५० | २०७७ | २२१२ | २३५६ | २५०९ | १११०३ | | | १११०३ | |
| २१ | वि व्य स र पि टी ए पदाधिकारी क्षमता विकास | पटक | ३०० | ३२० | ३४० | ३६२ | ३८६ | १७०८ | | | १७०८ | |
| २२ | प्राविधिक धार विषय सञ्चालित विद्यालयलाई ल्याब लगायत सञ्चालन सहयोग अनुदान | वटा | ७०० | ७०० | ७०० | ७०० | ७०० | ३५०० | १००१ | | २४९९ | |
| | **जम्मा** | | **५८७११** | **६४४६७** | **६०८९२** | **६६७९०** | **६३०६६** | **३१३९२७** | **#####** | **०** | **१०५६२१** | |
| **अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ** | | | | | | | | | | | |
| १ | सामुदायिक सिकाइ केन्द्रको अनुदान | पटक | २१४० | २१४० | २१४० | २१४० | २१४० | १०७०० | १०७०० | | | |
| २ | नयाँ सामुदायिक सिकाइ केन्द्रको स्थापना | वटा | ३५० | ३७३ | ३९७ | ४२३ | | १५४३ | | | १५४३ | |
| ३ | महिला तथा प्रौढहरूलाइ साक्षरता , निरन्तर शिक्षा र आजीवन सिकाइ कार्यक्रम सञ्चालन | पटक | ५०० | ५३३ | ५६७ | ६०४ | ६४३ | २८४७ | | | २८४७ | |
| ४ | प्रौढहरूलाइ सीप विकास तालिम र आय आर्जनका कार्यक्रम सञ्चालन | पटक | ५०० | ५३३ | ५६७ | ६०४ | ६४३ | २८४७ | | | २८४७ | |
| ५ | परिचालकहरूको क्षमता विकास कार्यक्रम सञ्चालन | पटक | २०० | २१३ | २२७ | २४२ | २५७ | ११३९ | | | ११३९ | |
| ६ | वैकल्पिक शैक्षिक कार्यक्रम सञ्चालन | | १०० | १०७ | ११३ | १२१ | १२९ | ५६९ | | | ५६९ | |
| ७ | घरधुरी सर्वेक्षण गरी विद्यालय वाहिर रहेका बालबालिकाहरूको तथा निरक्षर व्यक्तिहरूको तथ्याङ्क सङ्कलन तथा नाम नामेशी विवरण सहितको प्रोफाइल विकास | सङ्ख्या | ५०० | | | | | ५०० | | | ५०० | |
| | जम्मा | जम्मा | **४२९०** | **३८९७** | **४०११** | **४१३३** | **३८१२** | **२०१४४** | **१०७००** | **०** | **९४४४** | |
| **पाठ्यक्रम तथा मूल्याङ्कन** | | | | | | | | | | | |
| १ | विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूपको अभिमूखीकरण | सङ्ख्या | २०० | २१३ | २२७ | २४२ | २५७ | ११३९ | | | ११३९ | |
| २ | विद्यार्थीको आवधिक मूल्याङ्कन | पटक | ५०० | ५३३ | ५६७ | ६०४ | ६४३ | २८४७ | | | २८४७ | |
| ३ | सबै बालबालिकालाई पाठ्यपुस्तक तथा अभ्यास/कार्य पुस्तिकाको उपलब्धता | विद्यार्थी | ५०० | ५३३ | ५६७ | ६०४ | ६४३ | २८४७ | | | २८४७ | |
| ४ | स्थानीय पढाइ सामग्री र अन्य शैक्षणिक सामग्री निर्माण तथा प्रयोग | विद्यालय | ५०० | ५३३ | ५६७ | ६०४ | ६४३ | २८४७ | | | २८४७ | |
| ५ | शिक्षण कार्यमा उपयोगी सामग्री जस्तै : पाठ्यक्रम, शिक्षक निर्देशिका लगायत सन्दर्भ सामग्रीको उपलब्धता | पटक | ३०० | ३२० | ३४० | ३६२ | ३८६ | १७०८ | | | १७०८ | |
| ६ | स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक परिमार्जन तथा कार्यान्वयन | पटक | | ५०० | | | | ५०० | | | ५०० | |
| ७ | पाठ्यक्रम कार्यान्वयनसम्वन्धी शिक्षक क्षमता अभिवृद्धि तालिम सञ्चालन | पटक | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | १२५० | | २५१ | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | सिकाइ उपलब्धि मापन तथा विश्लेषण प्रणाली सुदृढीकरण। | पटक | ३०० | ३२० | ३४० | ३६२ | ३८६ | १७०८ | | | १७०८ | |
| ९ | निरन्तर विद्यार्थी मूल्याङ्कन (CAS) प्रभावकारी कार्यान्वयन | पटक | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | १५०० | | | |
| १० | समावेशी तथा बहुभाषिक मूल्याङ्कन उपकरण विकास र प्रयोग | पटक | २०० | २१३ | २२७ | २४२ | २५७ | ११३९ | | | ११३९ | |
| ११ | प्रविधिमा आधारित (डिजिटल) मूल्याङ्कन प्रणालीको प्रवर्द्धन। | पटक | २०० | २१३ | २२७ | २४२ | २५७ | ११३९ | | | ११३९ | |
| १२ | कक्षा अवलोकन तथा शैक्षिक पृष्ठपोषण प्रणाली सुदृढीकरण | पटक | २०० | २१३ | २२७ | २४२ | २५७ | ११३९ | | | ११३९ | |
| १३ | पाठ्यपुस्तक तथा सहायक शिक्षण सामग्रीको प्रभावकारी उपयोग सुनिश्चित | पटक | २०० | २१३ | २२७ | २४२ | २५७ | ११३९ | | | ११३९ | |
| १४ | विषयगत शिक्षक सञ्जाल तथा पेशागत सिकाइ समुदाय गठन | पटक | २०० | २१३ | २२७ | २४२ | २५७ | ११३९ | | | ११३९ | |
| १५ | परीक्षा नतिजा विश्लेषण गरी सुधारात्मक कार्ययोजना कार्यान्वयन | पटक | २०० | २१३ | २२७ | २४२ | २५७ | ११३९ | | | ११३९ | |
| | जम्मा | | **४१००** | **४८२८** | **४५७०** | **४८२८** | **५१०३** | **२३४२८** | **२७५०** | **०** | **२०६७८** | |
| **शिक्षक व्यवस्थापन र विकास** | | | | | | | | | | | | |
| १ | शिक्षाकर्मीहरुबाट असल अभ्यासको अवलोकन भ्रमण | पटक | ३०० | ३२० | ३४० | ३६२ | ३८६ | १७०८ | | | १७०८ | |
| २ | सबै शिक्षक तथा कर्मचारीलाई कार्य सम्पादनमा आधारित प्रोत्साहन तथा सुविधा दिने। | पटक | २००० | २००० | २००० | २००० | २००० | १०००० | ७५०० | | २५०० | |
| ३ | सबै सबै दरबन्दीमा कार्यरतस्थायी शिक्षकको स्वास्थ्य विमा अनिवार्य गर्ने। | जना | ६०० | ६३९ | ६८१ | ७२५ | ७७२ | ३४१६ | | | ३४१६ | |
| ४ | शिक्षण सिकाइमा पृष्ठपोषण प्राप्त गर्न परिक्षाको नतिजा विश्लेषण गर्ने । | पटक | २०० | २१३ | २२७ | २४२ | २५७ | ११३९ | | | ११३९ | |
| ५ | शिक्षक पेसागत सहयोग कार्यविधिका आधारमा सिकाइका लागि शिक्षकको इ संजाल बनाउने | वटा | | २०० | | | | २०० | | | २०० | |
| ६ | शिक्षकलाइ परामर्श कार्य गर्न, अध्ययन अनुसन्धान, अनुगमन, सुपिरवेक्षणको लागि विज्ञ समूह परिचालन गर्ने | पटक | ५०० | ५३३ | ५६७ | ६०४ | ६४३ | २८४७ | | | २८४७ | |
| ७ | शिक्षक मेन्टरिङ/कोचिङका लागि कार्यक्रम सञ्चालनका गेरर शिक्षक पेसागत सहयोग विकास गर्ने | पटक | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | ७५० | | ७५० | |
| ८ | विद्यालय तथा पालिका स्तरमा प्रारम्भिक कक्षाका शिक्षकलाइ पेसागत सहयोग गर्न शिक्षण सिकाइ समूह वैठक/घुम्ती वैठक सञ्चालन गर्ने | पटक | २०० | २०० | २०० | २०० | २०० | १००० | ५०० | | ५०० | |
| ९ | आवश्यकताका आधारमा शिक्षक पेसागत सहयोग तालिम सञ्चालन गर्ने | जना | ३०० | ३२० | ३४० | ३६२ | ३८६ | १७०८ | | | १७०८ | |
| १० | शिक्षक दरवन्दी मिलान तथा पुनर्वितरण | पटक | २०० | २१३ | २२७ | २४२ | २५७ | ११३९ | | | ११३९ | |
| ११ | पालिकाले प्रअ र प्रअले शिक्षकहरूसँग करार सम्झौता मार्फत सिकाइ उपलब्धिमा सुधार ल्याउने | पटक | १०० | १०७ | ११३ | १२१ | १२९ | ५६९ | | | ५६९ | |
| १२ | कक्षा १ देखि ३ सम्म क्रमिक सिकाइ रणनीतिमा आधारित शिक्षण सिकाइ कार्य सञ्चालनका लागि तालिमको व्यवस्था | पटक | २०० | २१३ | २२७ | २४२ | २५७ | ११३९ | | | ११३९ | |
| १३ | एकीकृत पाठ्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्नका लागि कक्षा १ देखि ३ सम्मका शिक्षकहरूलाई पठन तत्व तथा एकीकृत ढाँचाको तालिमको व्यवस्था | जना | २०० | २१३ | २२७ | २४२ | २५७ | ११३९ | | | ११३९ | |
| १४ | स्थानीय पढाइ सामग्री र अन्य शैक्षणिक सामग्री निर्माणका लागि तालिम वा कार्यशालाको व्यवस्था | वटा | ३०० | ३२० | ३४० | ३६२ | ३८६ | १७०८ | | | १७०८ | |
| १५ | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, इन्टरनेट लगायत प्रयोगका लागि तालिमको व्यवस्था | पटक | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | ८०० | | ७०१ | |
| १६ | शिक्षक पेसागत सहयोग प्रणाली कार्यान्वयन गर्ने र निरन्तरताका लागि अन्य आवश्यक काम गर्ने | सबै विद्यालयमा | ५०० | ५३३ | ५६७ | ६०४ | ६४३ | २८४७ | | | २८४७ | |
| १७ | सामुदायिक विद्यालय प्र.अ. भत्ता व्यवस्थापन | सबै | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | ५००३ | | २४९८ | |
| १८ | माथिल्लो तहमा अध्यापन गर्ने शिक्षक प्रोत्साहन | जना | ३०० | ३२० | ३४० | ३६२ | ३८६ | १७०८ | | | १७०८ | |
| १९ | प्रसूती सट्टा शिक्षक तथा शिक्षक बैंक अनुरूप शिक्षक व्यवस्थापन | जना | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० | १५०० | | २५०० | |
| **समता र समावेशीता** | | **जम्मा** | **८८००** | **९२४१** | **९२९७** | **९५६९** | **९८६०** | **४६७६६** | **१६०५२** | **०** | **३०७१४** | |
| १ | शिक्षाको मूल प्रबाह बाहिर रहेका र नरहेका सवै बालबालिकाहरूको तथ्याङ्क सङ्कलन र विश्लेषण | सङ्ख्या | | ५०० | | | | ५०० | २०० | | ३०० | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | शैक्षिक संस्थाहरूमा अपाङ्गमैत्री संरचना निर्माण | विद्यालय | २५०० | २६६३ | २८३६ | ३०२० | ३२१६ | १४२३४ | | | १४२३४ | |
| ३ | सबै प्रकारका विभेदको अन्तकालागि सचेतनामूलक कार्यक्रम सञ्चालन | सङ्ख्या | २०० | २१३ | २२७ | २४२ | २५७ | ११३९ | | | ११३९ | |
| ४ | जेन्डर फोकल शिक्षक र गुनासो सुन्ने अधिकारीको ब्यबस्था | विद्यालय | १०० | १०७ | ११३ | १२१ | १२९ | ५६९ | | | ५६९ | |
| ५ | बालिका तथा समावेशी शिक्षा सञ्जालको गठन र परिचालन | वटा | १०० | १०७ | ११३ | १२१ | १२९ | ५६९ | | | ५६९ | |
| ६ | विद्यार्थीहरूको अपाङ्गताको पहिचान | पटक | ७०० | ७०० | ७०० | ७०० | ७०० | ३५०० | १५०२ | | १९९९ | |
| ७ | स्रोत कक्षाको व्यवस्थापन | वटा | १००० | ५०० | | ५०० | | २००० | | | २००० | |
| ८ | अपाङ्गता भएका बालबालिकाका लागि आवश्यक सहायक सामग्री (Assistive Devices) उपलब्ध गराउने | विद्यालय | ५०० | ५३३ | ५६७ | ६०४ | ६४३ | २८४७ | | | २८४७ | |
| ९ | अपाङ्गमैत्री भौतिक संरचना (र्याम्प, रेलिङ, अपाङ्गमैत्री शौचालय) निर्माण गर्ने | वटा | १००० | १०६५ | ११३४ | १२०८ | १२८६ | ५६९४ | | | ५६९४ | |
| १० | किशोरीमैत्री विद्यालय कार्यक्रम सञ्चालन, सेनेटरी प्याडको उपलब्धता गर्ने (महिनावारी व्यवस्थापन, सुरक्षित कक्षाकोठा) | पटक | १४४२ | १४४२ | १४४२ | १४४२ | १४४२ | ७२१० | ७२१० | | | |
| ११ | लैङ्गिक हिंसा तथा दुर्व्यवहार विरूद्ध सचेतना तथा उजुरी संयन्त्र स्थापना गर्ने | वटा | १०० | १०७ | ११३ | १२१ | १२९ | ५६९ | | | ५६९ | |
| १२ | शिक्षक तथा कर्मचारीलाई GESI सम्वन्धी अभिमूखीकरण तथा तालिम प्रदान गर्ने | पटक | २०० | २१३ | २२७ | २४२ | २५७ | ११३९ | | | ११३९ | |
| १३ | बहुभाषिक तथा मातृभाषामा प्रारम्भिक कक्षा शिक्षण व्यवस्था गर्ने | वटा | ५०० | ५३३ | ५६७ | ६०४ | ६४३ | २८४७ | | | २८४७ | |
| १४ | विद्यालयमा Child Protection Mechanism स्थापना र कार्यान्वयन गर्ने | वटा | २०० | २१३ | २२७ | २४२ | २५७ | ११३९ | | | ११३९ | |
| १५ | नियमित GESI अडिट तथा सामाजिक परीक्षण (Social Audit) सञ्चालन गर्ने | पटक | २०० | २१३ | २२७ | २४२ | २५७ | ११३९ | | | ११३९ | |
| १६ | विद्यालय बाहिर रहेका तथा जोखिममा रहेका बालबालिकाको पहिचान र पुनःभर्ना कार्यक्रम सञ्चालन गर्ने | पटक | १०० | १०७ | ११३ | १२१ | १२९ | ५६९ | | | ५६९ | |
| १७ | सुरक्षित यातायात तथा छात्रावास सुविधा सुनिश्चित गर्ने (विशेष गरी छात्रा र अपाङ्गता भएका विद्यार्थीका लागि) | वटा | | २००० | | | | २००० | | | २००० | |
| १८ | स्थानीय तहमा GESI सम्पर्क व्यक्ति वा डेस्क स्थापना गरी समन्वय प्रणाली विकास गर्ने | वटा | २०० | २१३ | २२७ | २४२ | २५७ | ११३९ | | | ११३९ | |
| | जम्मा | | **९०४२** | **११४२६** | **८८३४** | **९७६९** | **९७३२** | **४८८०२** | **८९१२** | ० | **३९८९१** | |
| **सूचना प्रविधि र शिक्षा** | | | | | | | | | | | | |
| १ | विद्यालयमा ICT संरचना विस्तार | वटा | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | ५००३ | | २४९८ | |
| २ | प्रत्येकविद्यालयमा Internet Connectivity को व्यवस्था | वटा | ५३५ | ५३५ | ५३५ | ५३५ | ५३५ | २६७५ | २६७५ | | | |
| ३ | शिक्षकहरूको क्षमता विकास | पटक | ५०० | ५३३ | ५६७ | ६०४ | ६४३ | २८४७ | | | २८४७ | |
| ४ | IEMIS व्यवस्थापन तालिम | पटक | ३०० | ३२० | ३४० | ३६२ | ३८६ | १७०८ | | | १७०८ | |
| ५ | विद्यालमा इ हाजिरी व्यवस्थापन क्लाउड व्यवस्थापन सहित | वटा | १०० | १०७ | ११३ | १२१ | १२९ | ५६९ | | | ५६९ | |
| ६ | माध्यमिक विद्यालयका अनिवार्य विषयहरूको भर्चुअल कक्षा सञ्चालन | वटा | ५०० | ५३३ | ५६७ | ६०४ | ६४३ | २८४७ | | | २८४७ | |
| ७ | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, इन्टरनेट लगायतको व्यवस्थापन (लागत सहभागिताका अधारमा) | पटक | ५०० | ५३३ | ५६७ | ६०४ | ६४३ | २८४७ | | | २८४७ | |
| ८ | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, इन्टरनेट लगायतप्रयोगका लागि तालिमको व्यवस्था | पटक | २०० | २१३ | २२७ | २४२ | २५७ | ११३९ | | | ११३९ | |
| ९ | विद्यालयका सञ्चार,खानेपानी तथा विद्युत महशुलको व्यवस्थापन | वटा | १५०० | १५९८ | १७०१ | १८१२ | १९३० | ८५४० | | | ८५४० | |
| | जम्मा | | **५६३५** | **५८६९** | **६११८** | **६३८४** | **६६६६** | **३०६७२** | **७६७८** | ० | **२२९९५** | |
| **विद्यालय भौतिक पूर्वाधार विकास** | | | | | | | | | | | | |
| १ | विद्यालय भवन निर्माण तथा मर्मतमा भूकम्प प्रतिरोधी (Earthquake Resilient) मापदण्ड अनिवार्य कार्यान्वयन गर्ने | पटक | ५० | ५३ | ५७ | ६० | ६४ | २८५ | | | २८५ | |
| २ | बाढी, पहिरो तथा डुबान जोखिम क्षेत्रको नक्साङ्कन गरी जोखिम न्यूनीकरण योजना तयार गर्ने | पटक | १०० | १०७ | ११३ | १२१ | १२९ | ५६९ | | | ५६९ | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | विद्यालय परिसरमा वर्षा पानी निकास (Drainage System) सुधार तथा व्यवस्थापन गर्ने | पटक | ५०० | ५३३ | ५६७ | ६०४ | ६४३ | २८४७ | | | २८४७ | |
| ४ | वर्षा पानी सङ्कलन (Rainwater Harvesting) प्रणाली जडान गर्ने | पटक | ५०० | ५३३ | ५६७ | ६०४ | ६४३ | २८४७ | | | २८४७ | |
| ५ | हरित विद्यालय अवधारणा अनुसार वृक्षारोपण तथा हरियाली प्रवर्द्धन गर्ने | पटक | ५०० | ५३३ | ५६७ | ६०४ | ६४३ | २८४७ | | | २८४७ | |
| ६ | सौर्य ऊर्जा (Solar Power) जडान गरी वैकल्पिक ऊर्जा प्रयोग विस्तार गर्ने | पटक | ५०० | ५३३ | ५६७ | ६०४ | ६४३ | २८४७ | | | २८४७ | |
| ७ | जलवायु मैत्री तथा अपाङ्गमैत्री शौचालय निर्माण र स्तरोन्नति गर्ने | पटक | १००० | १०६५ | ११३४ | १२०८ | १२८६ | ५६९४ | | | ५६९४ | |
| ८ | सुरक्षित खानेपानी प्रणाली (Water Purification/Filter System) स्थापना गर्ने | पटक | ५०० | ५३३ | ५६७ | ६०४ | ६४३ | २८४७ | | | २८४७ | |
| ९ | विद्यालय भवनमा ताप तथा चिसो न्यूनीकरण गर्ने प्रविधि (Insulation/Ventilation) अपनाउने | पटक | १०० | १०७ | ११३ | १२१ | १२९ | ५६९ | | | ५६९ | |
| १० | विद्यालय विपद् व्यवस्थापन योजना (School Disaster Management Plan) निर्माण र नियमित अभ्यास (Mock Drill) गर्ने। | पटक | ३०० | ३२० | ३४० | ३६२ | ३८६ | १७०८ | | | १७०८ | |
| ११ | अग्नि सुरक्षा उपकरण (Fire Extinguisher) जडान र प्रयोग सम्वन्धी तालिम सञ्चालन गर्ने। | पटक | ३०० | ३२० | ३४० | ३६२ | ३८६ | १७०८ | | | १७०८ | |
| १२ | ठोस फोहोर व्यवस्थापन तथा पुन:प्रयोग (Waste Management & Recycling) प्रणाली लागू गर्ने। | पटक | २०० | २१३ | २२७ | २४२ | २५७ | ११३९ | | | ११३९ | |
| १३ | जलवायु परिवर्तन तथा वातावरण शिक्षासम्वन्धी अतिरिक्त क्रियाकलाप (Eco-Club गठन) सञ्चालन गर्ने। | पटक | २०० | २१३ | २२७ | २४२ | २५७ | ११३९ | | | ११३९ | |
| १४ | विद्यालय भवन तथा पूर्वाधारको नियमित प्राविधिक अनुगमन तथा मर्मत प्रणाली विकास गर्ने। | पटक | १००० | १०६५ | ११३४ | १२०८ | १२८६ | ५६९४ | | | ५६९४ | |
| **आपतकालीन अवस्थामा शिक्षा** | | | **५७५०** | **६१२४** | **६५२२** | **६९४६** | **७३९७** | **३२७३८** | **०** | **०** | **३२७३८** | |
| १ | वि.व्य.स.पदाधिकारी शिक्षक  तथा विद्यार्थीको क्षमता विकास गर्ने | पटक | ५०० | ५३३ | ५६७ | ६०४ | ६४३ | २८४७ | | | २८४७ | |
| २ | विपद योजना तयार गरी कार्यान्वयन गर्ने | वटा | २०० | २१३ | २२७ | २४२ | २५७ | ११३९ | | | ११३९ | |
| ३ | प्राथमिक स्वास्थ्य सामग्रीको व्यवस्था गर्ने | वटा | २०० | २१३ | २२७ | २४२ | २५७ | ११३९ | | | ११३९ | |
| ४ | वैकल्पिक विधिको प्रयोग गरी शिक्षालाई निरन्तरता दिने क्षमता विकास गर्ने | पटक | ३०० | ३२० | ३४० | ३६२ | ३८६ | १७०८ | | | १७०८ | |
| ५ | विद्यालयमा वृक्षारोपण सरसफाइ  तथा सुन्दरीकरण गर्ने | पटक | ५०० | ५३३ | ५६७ | ६०४ | ६४३ | २८४७ | | | २८४७ | |
| ६ | निरन्तर तथा सुरक्षित सिकाइका लागि शिक्षक विद्यार्थी सम्मीलित समिति गठन गरी परिचालन गर्ने | पटक | १०० | १०७ | ११३ | १२१ | १२९ | ५६९ | | | ५६९ | |
| ७ | शिक्षक तथा विद्यार्थीको लागि Simulation and Drill को अभ्यास गराउने | पटक | १०० | १०७ | ११३ | १२१ | १२९ | ५६९ | | | ५६९ | |
| | जम्मा | | **१९००** | **२०२४** | **२१५५** | **२२९५** | **२४४४** | **१०८१८** | **०** | **०** | **१०८१८** | |
| **संस्थागत क्षमता विकास** | | | | | | | | | | | | |
| १ | शैक्षिक कार्यपात्रो निर्माण गर्ने | पटक | २०० | २१३ | २२७ | २४२ | २५७ | ११३९ | | | ११३९ | |
| २ | शिक्षक डायरी क्यालेन्डर तथा शिक्षक परिचयपत्र व्यवस्थापन | जना | ५०० | ५३३ | ५६७ | ६०४ | ६४३ | २८४७ | | | २८४७ | |
| ३ | योग्यता, क्षमता र वरिष्ठताको आधारमा प्रधानाध्यापक नियुक्ति गर्ने | निरन्तर | १०० | १०७ | ११३ | १२१ | १२९ | ५६९ | | | ५६९ | |
| ४ | वार्षिक कार्य सम्पादनको स्वमूल्याङ्कन  गर्ने | पटक | १०० | १०७ | ११३ | १२१ | १२९ | ५६९ | | | ५६९ | |
| ५ | अभिभावक शिक्षा कार्यक्रम | पटक | २०० | २१३ | २२७ | २४२ | २५७ | ११३९ | | | ११३९ | |
| ६ | विद्यालयको लेखा तथा सामाजिक परीक्षण गर्ने | पटक | ३५० | ३५० | ३५० | ३५० | ३५० | १७५० | १७५० | | | |
| ७ | विद्यालयका गतिविधिहरू सार्वजनिक गर्ने | पटक | १०० | १०७ | ११३ | १२१ | १२९ | ५६९ | | | ५६९ | |
| ८ | पालिका तथा विद्यालयमा विद्यार्थी  तथा अभिभावकहरूको गुनासो पेटीका स्थापना तथा सो को सुनुवाइको व्यवस्था गर्ने | विद्यालय | १०० | १०७ | ११३ | १२१ | १२९ | ५६९ | | | ५६९ | |
| ९ | विद्यालयहरूमा सेवा वडापत्रको व्यवस्था गर्ने | विद्यालय | ३०० | | | | | ३०० | | | ३०० | |
| १० | विद्यालयको कार्यसम्पादन मूल्याङकन गर्ने | विद्यालय | २०० | २१३ | २२७ | २४२ | २५७ | ११३९ | | | ११३९ | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | प्रधानाध्यापक लाइ कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | विद्यालय | १०० | १०७ | ११३ | १२१ | १२९ | ५६९ | | | ५६९ | |
| | जम्मा | | **२२५०** | **२०५४** | **२१६५** | **२२८३** | **२४०८** | **१११६०** | **१७५०** | **०** | **९४१०** | |
| **शिक्षा योजना कार्यान्वयनको प्रबन्ध** | | | | | | | | | | | | |
| १ | शिक्षा योजना कार्यान्वयनका लागि स्पष्ट संस्थागत संरचना तथा जिम्मेवारी निर्धारण | पटक | २०० | २१३ | २२७ | २४२ | २५७ | ११३९ | | | ११३९ | |
| २ | शिक्षा योजना अद्यावधिक तथा कार्यान्वयन | पटक | १५० | १६० | १७० | १८१ | १९३ | ८५४ | | | ८५४ | |
| ३ | वार्षिक कार्ययोजना (AIP) तथा बजेटसँग शिक्षा योजना आवद्धीकरण | पटक | २०० | २१३ | २२७ | २४२ | २५७ | ११३९ | | | ११३९ | |
| ४ | कार्यान्वयन मार्गदर्शन (Guidelines) तयार गरी सबै सरोकारवालालाई अभिमूखीकरण | पटक | १०० | १०७ | ११३ | १२१ | १२९ | ५६९ | | | ५६९ | |
| ५ | आवश्यक मानव स्रोत, प्राविधिक सहयोग तथा साधन–स्रोत व्यवस्थापन | पटक | १०० | १०७ | ११३ | १२१ | १२९ | ५६९ | | | ५६९ | |
| ६ | नियमित अनुगमन, सुपरीवेक्षण तथा प्रगति प्रतिवेदन प्रणाली स्थापना | पटक | १०० | १०७ | ११३ | १२१ | १२९ | ५६९ | | | ५६९ | |
| ७ | आवधिक समीक्षा, सिकाइ आदान–प्रदान तथा आवश्यक परिमार्जन व्यवस्था | पटक | | | २०० | | | २०० | | | २०० | |
| | जम्मा | | **८५०** | **९०५** | **११६४** | **१०२७** | **१०९३** | **५०४०** | **०** | **०** | **५०४०** | |
| **अनुगमन तथा मूल्याङ्कन र सुशासन प्रवर्धन** | | | | | | | | | | | | |
| १ | समसामयिक विषयवस्तुमा आधारित भै शिक्षा ऐन,नियमावली,कार्यविधि तथा निर्देशिकाको निर्माण/परिमार्जन | वटा | २०० | २१३ | २२७ | २४२ | २५७ | ११३९ | | | ११३९ | |
| २ | वार्षिक तथा त्रैमासिक प्रगति समीक्षा बैठक सञ्चालन र प्रतिवेदन पेश | पटक | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५०० | | | |
| ३ | अध्ययन तथा अनुसन्धान | पटक | २०० | | २०० | | | ४०० | | | ४०० | |
| ४ | विद्यालयस्तरीय नियमित अनुगमन तथा कक्षा अवलोकन | पटक | १०० | १०७ | ११३ | १२१ | १२९ | ५६९ | | | ५६९ | |
| ५ | अनुगमन प्रतिवेदनका आधारमा सुधारात्मक कार्ययोजना निर्माण तथा कार्यान्वयन | पटक | १०० | १०७ | ११३ | १२१ | १२९ | ५६९ | | | ५६९ | |
| | जम्मा | | **७००** | **५२६** | **७५४** | **५८३** | **६१५** | **३१७७** | **५००** | **०** | **२६७७** | |

## सन्दर्भ ग्रन्थ सूची:


**सूर्यविनायक नगरपालिकाको कार्यालय (२०७५) , <u>सूर्यविनायक नगरपालिका शिक्षा ऐन तथा नियमावली २०७५,</u> सूर्यविनायक नगरपालिका ,कटुञ्जे भक्तपुर।**

**सूर्यविनायक नगरपालिकाको कार्यालय (२०८२) , <u>सूर्यविनायक नगरपालिकाको प्रथम दश वर्षे आवधिक योजना (२०८२/०८३- २०८६/०८७)</u> , सूर्यविनायक नगरपालिका ,कटुञ्जे भक्तपुर।**

**नेपाल सरकार कानुन, न्याय तथा संसदिय मामिला मन्त्रालय, (२०७४), <u>स्थानीय सरकार सञ्चालन ऐन २०७४,</u> सिंहदरबार काठमाडौं ,नेपाल**

**नेपाल सरकार राष्ट्रिय योजना आयोग,२०१७, <u>नेपाल दिगो विकासका लक्ष्यहरू वर्तमान अवस्था र भावी मार्गचित्र, २०१६-२०३०,</u> काठमाडौं ,नेपाल**

**नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, <u>विद्यालय शिक्षा क्षेत्र योजना (२०७९-२०८८),</u> सिंहदरबार काठमाडौं ,नेपाल**

**नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, <u>वार्षिक नीति कार्यक्रम तथा बजेट (२०८२/०८३)</u> सिंहदरबार काठमाडौं, नेपाल**

**नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, <u>शिक्षाको सोचपत्र २०७९</u> सिंहदरबार काठमाडौं, नेपाल**

**नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, <u>शैक्षिक सूचना २०८०</u> सिंहदरबार काठमाडौं, नेपाल**

नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षाको राष्ट्रिय नीति २०७६, सिंहदरबार काठमाडौं, नेपाल

शिक्षा तथा मानवस्रोत विकास केन्द्र , २०८१ , स्थानीय तहको शिक्षा योजना निर्माण सम्वन्धी मार्गदर्शन, २०८१ सानोठिमी, भक्तपुर

शिक्षा तथा मानवस्रोत विकास केन्द्र , २०८२ इमिस प्रतिवेदन २०८२ , सानोठिमी, भक्तपुर

शिक्षा तथा मानवस्रोत विकास केन्द्र , २०८२ , फ्लास प्रतिवेदन २०८२ , सानोठिमी, भक्तपुर

नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र २०७६, राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६, सानोठिमी भक्तपुर, नेपाल

नेपाल सरकार राष्ट्रिय योजना आयोग,केन्द्रीय तथ्याङ्ग विभाग २०८२, राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन www.cbs.gov.np

नेपाल सरकार राष्ट्रिय योजना आयोग, २०८२ सोह्रौं योजना २०८१/०८२-२०८५/०८६, सिंहदरबार काठमाडौं, नेपाल

# समाप्त